नागरिक लगानी कोषको अर्ध वार्षिक प्रकाशन

द.नं.जि.का. ४८/२०६६/०६७

# लगानी कोष समाचार

CIT Newsletter

वर्ष : १० | अङ्क : १८ | २०७५ चैत्र

## प्रधानमन्त्रीद्वारा कोष भवनको शिलान्यास हुने

ना.ल.कोष । प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा नागरिक लगानी कोषको भवनको शिलान्यास हुनेभएको छ । कोषले काठमाडौं महानगरपालिका वडा नं. ३१, नयाँ बानेश्वरमा रहेको आफ्नो स्वामित्वको जग्गामा कार्यालय भवन निर्माणको काम शुरु गर्दैछ ।

कोषको २९औं वार्षिकोत्सवको अवसरमा आयोजित एक समारोहका बीच कार्यक्रमका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीको बाहुलीबाट यही २०७५ चैत्र ४ गते कोष भवन निर्माणको शिलान्यास हुन लागेको हो ।

कोषको स्वामित्वको ६ रोपनी जग्गाको परिसरभित्र भवन निर्माण गर्नका लागि यस अघि नै भवनको नक्सा पास सम्पन्न भई निर्माण सम्बन्धी कार्य अगाडि बढाउन नेपाल सरकार, शहरी विकास तथा भवन निर्माण विभागसँग सम्झौता (MOU) गरिसकिएको छ । कोषले दुई वर्षभित्र भवन निर्माण सम्पन गर्ने लक्ष्य लिएको छ ।



प्रस्तावित कोष भवन

## कोषको अध्यक्षमा प्रा. डा. रामचन्द्र भट्टराई

ना.ल.कोष । नागरिक लगानी कोष सञ्चालक समितिको अध्यक्षमा प्राध्यापक डा. रामचन्द्र भट्टराई नियुक्त हुनुभएको छ । नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७५/६/२१ गतेको निर्णयबाट ४ वर्षको लागि प्रा डा.भट्टराई कोषको अध्यक्षमा नियुक्त हुनु भएको हो । वि.स. २०१३ सालमा खोटाङको राबा लामीडाँडामा जन्मनु भएका प्रा.डा.भट्टराई हाल काठमाण्डौंको कपनमा स्थायी रुपमा बसोबास गर्दै आउनु भएको छ । विभिन्न पेशाहरुमा आवद्ध रहेर विविध क्षेत्रको अनुभव हासिल गर्नु भएका प्रा.डा. भट्टराई हाल पाटन संयुक्त क्याम्पसमा प्राध्यापन गर्नुहुन्छ ।

अर्थशास्त्रमा विद्यावारिधी गर्नु भएका प्रा.डा भट्टराई यस अघि राष्ट्रिय वाणिज्य बैंकमा संचालक सदस्य रहिसक्नु भएको छ भने ३ वर्षे अन्तरिम योजना बनाउन राष्ट्रिय योजना आयोगमा वरिष्ट सल्लाहाकारका रुपमा समेत काम गरिसक्नु भएको छ । प्राध्यापनका अतिरिक्त विभिन्न सार्वजनिक पदमा रहेर काम गरिसक्नु भएका प्रा. डा. भट्टराई दर्जनौं पेशागत तथा सामाजिक संघसंस्थामा समेत आवद्ध रहनु भएको छ ।

## कोषको कार्यकारी निर्देशकमा रमण नेपाल

ना.ल.कोष । नागरिक लगानी कोषको कार्यकारी निर्देशकमा खुल्ला प्रतिस्पर्धाको माध्यमबाट रमण नेपाल ५ बर्षको लागि नियुक्त हुनु भएको छ । नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७५/७/२५ गतेको निर्णयबाट रमण नेपाल कोषको कार्यकारी निर्देशकमा नियुक्त हुनु भएको हो ।

कोषमा रिक्त रहेको कार्यकारी निर्देशक पदको लागि अर्थ मन्त्रालयले खुल्ला प्रतिस्पर्धाबाट छनौट गर्न विज्ञापन आव्हान गरेको थियो । कार्यकारी निर्देशकको पदमा ५ जनाको आवेदन परेकोमा व्यवसायीक योजनाको प्रस्तुती र अन्तर्वार्तामा सफल भई तीन जनाको सिफारिस सुचीमा पर्न सफल हुनु भएका नेपाललाई नेपाल सरकार मन्त्रीपरिषदले ५ वर्षको लागि कोषको कार्यकारी निर्देशक पदमा नियुक्त गरेको हो । नवनियुक्त कार्यकारी निर्देशक नेपालको जन्म स्थान खोटाङको ओखे भन्ने स्थानमा पर्दछ । खोटाङबाट बसाइसराई गरेर मोरङ्गको विराटनगरमा आउनु भएका नेपाल हाल काठमाडौंको कलंकीमा बसोबास गर्नु हुन्छ । अर्थशास्त्रमा स्नात्तकोत्तर गर्नु भएका श्री नेपालले पोखरा विश्वविद्यालयबाट अंग्रेजी विषयमा एम.फिल. समेत गर्नुभएको छ । नेपाल राष्ट्र बैंकको निर्देशक पदबाट अवकाश लिनुभएका नेपालसँग बैंकिङ्ग तथा पूँजीबजार सम्बन्धी विशेष अनुभव रहेको छ । दर्जनौ सामाजिक संस्थामा आवद्ध रहनु भएका नेपाल समाज सेवामा पनि त्यत्तिकै सक्रिय रहदै आउनु भएको छ ।

### शुभकामना

नववर्ष २०७६ सालको पावन अवसरमा समस्त सहभागी, शेयरधनी तथा शुभेच्छुकहरुमा हार्दिक मंगलमय **शुभकामना** व्यक्त गर्दछौं ।

**नागरिक लगानी कोष परिवार**
नयाँ बानेश्वर, काठमाडौं

# योगदानमा आधारित निवृत्तिभरण कोष संचालन सम्बन्धी अवधारणापत्र अर्थ मन्त्रालयमा पेश

ना.ल.कोष । नागरिक लगानी कोषले योगदानमा आधारित निवृत्तिभरण कोष संचालन सम्बन्धी अवधारणापत्र अर्थमन्त्रालय समक्ष पेश गरेको छ। आर्थिक वर्ष २०७५/७६ को बजेट वक्तव्यमा सम्वत् २०७५ साउन १ देखि नियुक्त हुने सबै राष्ट्र सेवक कर्मचारीको लागि योगदानमा आधारित निवृतिभरण योजना अनिवार्य रुपमा लागू गरिने उल्लेख भएको सन्दर्भमा उक्त कार्यक्रम संचालनको लागि कोषले अवधारणपत्र मन्त्रालय समक्ष पेश गरेको हो । कोष संचालक समितिले निर्णय गरेर २०७५ माघ ८ गते उक्त अवधारणपत्र अर्थ मन्त्रालयमा पेश गरेको हो । कोषले तयार गरेको ६ पृष्ट लामो अवधारणापत्रमा ११ वटा मुख्य वुँदाहरु समेटिएका छन् ।

अवधारणापत्रमा कोषको पृष्टभूमी प्रस्तुत गरिएको छ भने योगदानमा आधारित निवृत्तिभरण कोष कार्यक्रमको संक्षिप्त परिचय उल्लेख भएको छ। अवकाश कोष र यस्तैयस्तै प्रकृतिका कार्यक्रमको संचालन सम्बन्धी नागरिक लगानी कोषको अनुभव र यसको कार्यक्षेत्रसमेत अवधारणापत्रमा समेटिएको छ। नेपाल सरकारले संचालनमा ल्याउन लागेको यो कार्यक्रम नागरिक लगानी कोषले संचालन गर्न पाउनु पर्ने कारण र आवश्यकता यसले उजागर गरेको छ। यो कार्यक्रम संचालनको मोडालिटी र संचालन सम्बन्धी व्यवस्थाहरुका विषयमा समेत अवधारणापत्रले प्रष्ट पारेको गरेको छ।

अवधारणपत्रमा योगदानमा आधारित निवृत्तभरण कोष जस्तै मोडालिटीमा **सिआइटी पेन्सन योजना** र **नागरिक पेन्सन योजना** पनि संचालनमा ल्याउन सकिने आधारणहरु प्रस्तुत गरिएको छ। निवृतिभरण कोष कार्यक्रम संचालनको लागि आवश्यक जनशक्ति, सफ्टवेयर, भौतिकपूर्वाधार लगायतको व्यवस्था कसरी गरिने छ भन्ने विषयलाई प्रष्टसँग उल्लेख गरेको छ।

यसले योगदानमा आधारित निवृत्तभरण कोषबाट संकलन हुने रकमको लगानी व्यवस्थापनको आधार र क्षेत्र किटान गरेको छ। अवधारणापत्रको अन्तिम बुँदामा निवृत्तिभरण कोषको व्यवस्थापन गर्ने संरचना सम्बन्धमा उल्लेख गरिएको छ। निबृत्तिभरण कोष संचालनको लागि नागरिक लगानी कोष सक्षम रहेको तथा त्यसको लागि आवश्यक सबै किसिमका पूर्वाधारहरु कोषसँग उपलब्ध रहेको बिषयलाई अवधारणपत्रमा उल्लेख छ।

# व्यवस्थापन गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न



ना.ल.कोष। कोषको उच्च व्यवस्थापन, विभागीय प्रमुखहरु, महाशाखा प्रमुख, कोषको पोखरा तथा विराटनगर शाखाका शाखा प्रमुखहरु लगायत सम्पूर्ण कोष कर्मचारीहरु सम्मिलित अर्ध वार्षिक प्रगति समीक्षा तथा गोष्टी कार्यक्रम सम्पन्न भएको छ। गोष्ठीको उद्घाटन कोषका अध्यक्ष प्रा.डा. रामचन्द्र भट्टराईले गर्नुभएको थियो । कान्तिपथ स्थित होटल यल्लो पगोडामा संचालित सो गोष्ठीमा संचालक समितिका सदस्यहरु डा. रामशरण खरेल र लक्ष्मी प्रसाद पौडेलको समेत उपस्थिति रहेको थियो । कार्यक्रममा कोषका कार्यकारी निर्देशक श्री रमण नेपाल लगायत कोषका सम्पूर्ण कर्मचारीहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा कोषको वर्तमान स्थिति, कार्य प्रगति, प्रमुख समस्या तथा चूनौतिहरु, कोषका भावी योजनाहरु लगायतका विषयमा वृहत छलफल तथा अन्तरक्रिया भएको थियो।

## नयाँ सफ्टवेयर विकासका लागि सम्झौता



ना.ल. कोष। कोषले NLK Web based Software विकास गर्नका लागि यही मिति २०७५/०८/०५ मा इन्फो डेभलपर्स प्रा.लि., सानेपा, ललितपुर र जे.भि. सान्ने प्रा.लि. श्रीलंकासँग सम्झौता गरेको छ।

सो संस्थाहरुले कोषको software को analysis, designing, developing, integrating,testing, implementing र maintaining को सम्पूर्ण कार्य गर्ने सम्झौतामा उल्लेख गरिएको छ। कोषले विगत लामो समयदेखि प्रयोग गर्दै आएको सफ्टवेयरले सेवाग्राहीलाई सबै सेवा प्रदान गर्न तथा कोषको हिसाब किताब अद्यावधिक गर्न कठीनाई भइरहेको हुँदा उक्त सफ्टवेयरलाई प्रतिस्थापन गरी सरल तथा सम्पूर्ण कारोवार समेट्ने नयाँ सफ्टवेयर प्रयोगमा ल्याउन उक्त सफ्टवेयर निर्माताले तदारुकताका साथ काम गरिरहेको छ।

यस अघि कोषमा PCS को सफ्टवेयर प्रयोग गरिदै आएकोमा भावि दिनमा NLK Web based Software ले सो पुरानो सफ्टवेयरलाई पूर्ण रुपमा विस्थापित गर्ने र सो पश्चात कोषको कार्यक्रमहरुको कारोवारहरुको एकीकृत विवरण प्राप्त गर्न सकिनुको साथै कोषको शाखा कार्यालयहरुबाट पनि कोषको सम्पूर्ण सेवा प्रवाह गर्न सकिने कोषको सम्बन्धित विभागले जनाएको छ।

कोषको नयाँ सफ्टवेयरको विकास कार्य तीब्र रुपमा भइरहेको जानकारी दिँदै हाल System Requirement Specification (SRS) र System Design को विवरण बनाउने कार्य अन्तिम चरणमा पुगेको सफ्टवेयर निर्माताले जनाएको छ।

# लगानी विविधीकरण सहितको नयाँ 'लगानी नीति, २०७५' तर्जुमा

ना.ल.कोष । नागरिक लगानी कोषले नागरिक लगानी कोष ऐन, २०४७ को दफा ३२ अनुसार कार्य गर्न नागरिक लगानी कोषमा प्राप्त भएको कोषको फण्डलाई एक ट्रष्टीको रुपमा दक्ष तथा प्रभावकारी व्यवस्था गरी अधिकतम प्रतिफल प्राप्त गर्न "लगानी नीति २०६९" तथा "बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेप लगानी निर्देशिका २०६६" खारेज गरी नयाँ लगानी नीति २०७५ तर्जुमा गरेको छ।

कोषको नयाँ लगानी नीतिले मुद्दती निक्षेपको लगानीलाई थप पारदर्शी र व्यवस्थित गरेको छ। सात परिच्छेद र पाँच अनुसूचीमा समेटिएको यस नीतिले क्षेत्रगत लगानी तथा लगानी सीमा, लगानीको विधि र प्रक्रिया, कर्जा तथा लगानी जोखिम व्यवस्था र लगानी सम्बन्धी अख्तियारी सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ। मुलतः यो लगानी नीतिले मुद्दती निक्षेप लगानीलाई थप पारदर्शी बनाएको छ।

मुद्दती निक्षेपको लगानी गर्ने सन्दर्भमा गोप्य शिलबन्दी कोटेशन मार्फत बोलकबोल प्रक्रियामा भाग लिन पाउने व्यवस्था यस नीतिले गरेको छ। मुद्दती निक्षेपको लगानी सम्बन्धी निर्णय गर्ने आधारहरु समेत नीतिको अनुसूची ५ मा उल्लेख गरिएकाले पनि यस सम्बन्धी सबै निर्णयहरु पारदर्शी रहेको पाईन्छ। लगानी नीति २०७५ ले सरकारी सुरक्षण पत्र, कर्पोरेट ऋणपत्र/ डिबेन्चर, मुद्दती निक्षेप, शेयर लगानी तथा प्रत्याभूति, स्थिर सम्पत्तीमा लगानी, सहवित्तीयकरण परियोजना कर्जा, संस्थागत आवधिक/ समयकालिन कर्जा, संस्थागत ब्रिज कर्जा, संस्थागत चालु पूँजी कर्जा र सहभागी सापटी कर्जालाई लगानीको मुख्य मुख्य क्षेत्रको रुपमा उल्लेख गरेको छ।

कोषको लगानी नीति, २०७५ लाई कोषको website www.nlk.org.np मा गएर हेर्न र पढ्न सकिने व्यवस्था कोषले गरेको छ। नयाँ लगानी नीति लागू भएपछि दोस्रो बजारबाट शेयर खरिदबिक्री गर्न, डिबेन्चरमा लगानी गर्न तथा मुद्दती निक्षेप लगानीलाई थप व्यवस्थित र पारदर्शी बनाउन सहयोग पुगेको छ।

## वीमा कोष कार्यक्रमको हस्तान्तरण

ना.ल.कोष। नागरिक लगानी कोषले सञ्चालन गरिरहेको वीमा कोष आयोजनामा विभिन्न मितिमा आवद्ध राष्ट्र सेवक कर्मचारीहरुले निजहरुको मासिक तलबबाट रु.२०० कट्टा गरी नेपाल सरकारबाट रु.२०० थप गरी मासिक रु.४०० का दरले कोषको वीमा कोष योजनामा रकम जम्मा हुँदै आइरहेकोमा आर्थिक वर्ष २०७५/७६ को बजेट वक्तव्यमा सम्बन्धित कर्मचारीबाट रु.४०० र नेपाल सरकारबाट रु.४०० थप गरी मासिक रु.८०० जम्मा गर्ने व्यवस्था भएकोमा नेपाल सरकार अर्थ मन्त्रालयबाट सावधिक जीवन वीमा संचालन कार्यविधि २०७५ तयार गरी नेपाल सरकारको मन्त्रिपरिषद्को मिति २०७५/७/८ को निर्णय बमोजिम कोषले उक्त कार्यक्रम राष्ट्रिय वीमा संस्थानलाई हस्तान्तरण गरेको छ।

सो अनुसार राष्ट्रिय वीमा संस्थानमा वीमा हुने भएको हुँदा उक्त रकम वीमा संस्थानलाई हस्तान्तरण गर्नुपर्ने भएकोले कोषमा रहेको सम्वन्धित कर्मचारीको २०७५ असार मसान्तको मौज्दातमा रु.९६०० घटाई वीमा संस्थानलाई आ.ब.२०७५/७६ को लागि अग्रिम वीमा शुल्क भुक्तानी गर्न तथा बाँकी रहेको मौज्दातवाट कुनै कर्मचारी अवकाश भएमा निजलाई साँवा र ब्याज भुक्तानी दिने व्यवस्था गरिएको छ। वीमा संस्थानलाई प्रिमियम वापत भुक्तानी पठाई सकिएका कर्मचारीहरु अवकाश भई आएमा २०७३ असार मसान्तको सांवा तथा हालसम्मको ब्याज रकममात्र कोषवाट भुक्तानी दिने र वांकी रकम वीमा संस्थानवाट समर्पण मुल्यको रुपमा भुक्तानी लैजाने वा व्यक्तिगत रुपमा वार्षिक प्रिमियम तिरी वीमा निरन्तरता गर्न सक्ने सम्वन्धमा नेपाल सरकारवाट पारित भई आएको कार्यबिधिमा उल्लेख गरिएको छ।

## कोषको आधिकारीक ट्रेड यूनियनमा चालिसे



ना.ल.कोष । नागरिक लगानी कोषको कोषको आधिकारीक ट्रेड युनियनमा नागरिक लगानी कोष कर्मचारी यूनियन निर्विरोध निर्वाचित भएको छ । कोषमा आवद्ध नागरिक लगानी कोष कर्मचारी यूनियन र नेपाल वित्तीय संस्था कर्मचारी संघ बीच सहमती पश्चात् आधिकारिक ट्रेड यूनियनमा नागरिक लगानी कोष कर्मचारी युनियन निर्विरोध निर्वाचित भएको हो।

कोषमा आबद्ध प्रतिष्ठान स्तरका ट्रेड यूनियनहरु १० फागुनमा निर्वाचन गर्ने गरी कार्यक्रम सार्वजनिक गरिएकोमा २ फागुनमा निर्धारित समय भित्रै कर्मचारी यूनियन र कर्मचारी संघ बीच सहमति भई नागरिक लगानी कोष कर्मचारी युनियनलाई सहमति प्रदान गरेको थियो।

नवगठित आधिकारिक ट्रेड यूनियनको अध्यक्षमा सुरेश चालिसे, उपाध्यक्षमा प्रदिप अधिकारी, सचिवमा नेत्र बिक्रम थापा, सहसचिवमा अवधेश मण्डल र कोषाध्यक्षमा शर्मिला श्रेष्ठ चयन भएका छन्। त्यसै गरी सदस्यहरुमा अर्चना घिमिरे, जयकिशोर यादव, मौसमी राई, दुर्गानन्द यादव, श्यामलाल श्रेष्ठ र रवि खनाल निर्वाचित भएको छन्।

नवनिर्वाचित कार्य समितिका पदाधिकारीहरुलाई २०७५ फागुन ११ गते आयोजित कोषको बृहत बनभोज कार्यक्रममा कोषका कार्यकारी निर्देशक श्री रमण नेपालले बधाई ज्ञापन गर्नु भएको थियो। सो अवसरमा कार्यकारी निर्देशकज्यूले निर्वाचित आधिकारिक ट्रेड यूनियनसँग कोषको समग्र हितका लागी मिलेर आफु काम गर्न तयार रहेको बताउनुभयो। साथै सहमती कायम गर्न सफल हुनुभएकोमा सवै कर्मचारीहरुलाई धन्यवाद प्रदान गर्नुभयो।

# नागरिक लगानी कोषको अबको गन्तव्य



**प्रा.डा. रामचन्द्र भट्टराई**
अध्यक्ष, नागरिक लगानी कोष

***खोटाङको राबा लामिडाँडामा जन्मनुभएका श्री रामचन्द्र भट्टराईले सोही जिल्लाको खार्पास्थित शारदा माविबाट एसएलसी, विराटनगरबाट स्नातक र त्रिवि कीर्तिपुरबाट स्नातकोत्तर गर्नुभएको हो । अर्थशास्त्रमा विद्यावारिधि गर्नुभएको भट्टराईसँग विभिन्न क्षेत्रमा काम गरेको लामो अनुभव छ। उहाँले सुरुमा सूक्ष्म अर्थशास्त्र र अहिले मौद्रिक अर्थशास्त्र अध्यापन गराउँदै आउनु भएको छ । सन् २००८ मा बजेट विज्ञका रूपमा अर्थ मन्त्रालयमा रहेर काम गर्नुभएको उहाँले यसअघि तीनवर्षे अन्तरिम योजना बनाउन दुई वर्ष राष्ट्रिय योजना आयोगमा वरिष्ठ सल्लाहकारका रूपमा काम गरिसक्नु भएको छ । राष्ट्रिय वाणिज्य बैंकको सञ्चालकको जिम्मेवारी पनि सम्हाल्नु भएका उहाँ अहिले नागरिक लगानी कोषको अध्यक्षका रूपमा कार्यरत हुनुहुन्छ ।***

- **कोषको वर्तमान अवस्था कस्तो ?**

नागरिक लगानी कोष ऐन, २०४७ अनुसार स्थापित कोषले आर्थिक विकासका लागि सर्वसाधारण जनतालाई बचत गर्न प्रोत्साहित गरी पुँजी वृद्धिको माध्यमबाट लगानीका अवसर बढाई पुँजी बजारको विकास गराउने जस्ता उद्देश्य राखेको छ।

कोषले जनताको सानो-सानो बचत संकलन गरी सो बचतलाई उत्पादनमूलक क्षेत्रमा पुऱ्याउने माध्यमका रूपमा कार्य गर्दै आमनागरिकलाई सेवा पुऱ्याउने उद्देश्य पनि राखेको छ। यसले बचत संकलन, पुँजी बजार सेवा र लगानी व्यवस्थापनलगायतका क्षेत्रमा काम गरिरहेको छ । सानो सानो बचतलाई संकलन गरी उक्त रकम देश विकासका काममा कसरी लगाउन सकिन्छ भन्ने उद्देश्यबाट कोष अभिप्रेरित छ।

कोषमा हाल उच्च तहमा कार्य गर्ने कर्मचारीको अभाव, अत्यन्त पुरानो र कमजोर सूचना प्रविधि प्रणाली तथा अपर्याप्त भौतिक संरचना जस्ता समस्या विद्यमान छन् । हामी यिनै समस्यालाई हल गर्ने लक्ष्यसाथ अगाडि बढिरहेका छौं ।

- **अध्यक्ष भएर आउनु भएपछि के कस्ता काम गर्नुभयो ?**

म आएको करिब पाच महिना भएको छ। पहिलेका अध्यक्ष र कार्यकारी निर्देशकले राजीनामा दिनुभएको अवस्थामा नेपाल सरकारले मलाई अध्यक्षको जिम्मेवारी दिएको हो। अहिले हामीसँग नयाँ टिम छ। सञ्चालक समितिमा पनि हामी केही नयाँ छौं र कार्यकारी निर्देशक पनि नयाँ आउनुभएको छ। हामी सबै कोषलाई सुधार गर्दै नयाँ शिराबाट अगाडि बढ्नुपर्दछ भन्ने सोचका साथ अगाडि बढिरहेका छौं। हामी यस छोटो समयमा कोषमा विद्यमान समस्यालाई क्रमशः सुधार गर्दै लगिरहेका छौं।

लामो समयदेखि कर्मचारी विनियमावली परिमार्जन हुन नसक्दा कर्मचारीको बढुवादेखि वृत्ति विकासमा समेत समस्या देखिएको थियो। यसलाई पहिलो प्राथमिकता दिएर कोषमा देखिएको मानव संसाधनको जटिल समस्या हटाउनुपर्छ भनेर हामी लागिरहेका छौं । यो विनियमावली सञ्चालक समितिबाट स्वीकृत भई अर्थ मन्त्रालयमार्फत लोकसेवा आयोगमा प्रस्तुत गरिएकोमा सो आयोगवाट पनि स्वीकृत भै सकेको छ। अब कर्मचारीको अभावलाई पूर्ति गर्न नया भर्ना गर्ने तथा विद्यमान कर्मचारीको वृत्ति विकासको वाटो पनि खुलेको छ।

कोषमा अर्को समस्या भनेको सूचना प्रविधि प्रणाली रहेको छ। यो सूचना प्रविधि प्रणाली कमजोर भएकाले कोषको विवरण चुस्त-दुरुस्त राख्न समस्या देखिएको छ। यसका लागि कोषको कार्यअनुकूल हुने नयाँ सफ्टवेयर निर्माण गरी कार्यान्वयनमा ल्याउन कम्पनी छनौट गरी जिम्मा दिइएको छ। अब ८-१० महिनाभित्रै कोषमा नयाँ सफ्टवेयर जडान भई आगामी वर्षदेखि कोषको काम कारबाही चुस्त दुरुस्त राख्न सहयोग पुग्नेछ।

हामी आएपछि आब २०७३/०७४ को लेखापरीक्षण तथा साधारण सभा सम्पन्न भइसकेको छ । महालेखापरीक्षकले दिएका सुझाव र प्रतिक्रियालाई कार्यान्वयन गर्दै आव २०७४/०७५ को लेखापरीक्षण पनि सम्पन्न भैसकेको छ। आर्थिक वर्ष २०७४/०७५ को साधारण सभा चैत महिना भित्रै सम्पन्न गर्ने गरी काम भइरहेको छ।

कोषमा रहेको तेस्रो समस्या भनेको भवनको हो। हाल कोषको कार्य नयाँ बानेश्वर स्थित जनकपुर चुरोट कारखानासँग खरिद गरेको गोदाम घर र त्यससँगै रहेका अन्य दुइ वटा आवासीय घर भाडामा लिई सञ्चालन भइरहेको छ। अन्तर्राष्ट्रिय सभा भवनको पूर्वपट्टि रहेको कोषको ६ रोपनी जग्गामा भवन निर्माण गर्न २०६८ सालतिर नै नक्सा बनेको भए पनि हालसम्म पनि त्यसमा कुनै काम नभएको अवस्थामा केन्द्रको स्वामित्वमा रहेको यो ६ रोपनी जग्गामा भवन निर्माणको कार्य अघि बढाइसकेका छौं। **यहि चैत ४ गते सम्माननीय प्रधानमन्त्रीज्यू** वाट भवनको शिलान्यास भै यसै वर्षबाट निर्माण कार्य सुरु हुने र २०७७ सालको अन्त्यसम्ममा नयाँ भवनबाट सेवा सुरु

गर्ने अपेक्षा राखिएको छ।

लगानी नीतिमा परिवर्तन गरी परिमार्जन गरिएको छ। यसलाई पारदर्शी बनाएका छौं। अहिले बैंकहरूले पारदर्शी रूपमै थाहा पाउने गरी कोषले मुद्दतीमा लगानी गरिरहेको छ। सूचना निष्कासनसँगै अब बैंकहरूले कति मुद्दती रकम आफूले पाउछन् भन्ने स्वतः आँकलन गर्न सक्ने अवस्था यस नीतिले गरेको छ। मुद्दतीसँगै ऋणपत्रमा गरिने लगानी सम्बन्धमा पनि यस नीतिले प्रस्ट पारेको छ।

समस्याग्रस्त बैंक तथा वित्तीय संस्थाको ब्याज असुली सम्बन्धमा अन्योल रहेर लामो समयसम्म समाधान हुन नसकेको अवस्थामा हामीले उपयुक्त व्यवस्था गरी निकास दिएका छौं। त्यस्ता बैंक तथा वित्तीय संस्थाबाट क्रमशः ऋण असुली हुँदै आएको छ। अन्तरशाखा हिसाब मिलानमा देखिएको समस्या पनि अब कम हुँदै गएको छ र नयाँ सूचना प्रविधिको सुरुवातसँगै यो समस्या हल भएर जानेछ।

- **कोषको फण्ड कति पुग्यो ?**

चालु आर्थिक बर्षको पुस मसान्त सम्ममा कोष मौज्दात जगेडा सहित रु १ खर्ब १७ अर्ब १२ करोड ५४ लाख बराबरको स्रोत परिचालन गर्न सफल भएको छ। यो अवधिमा कोषले रु १ खर्ब १३ अर्ब ८३ करोड ९१ लाख लगानी गरेको छ। कोषमा अहिले ६ लाख ४४ हजार भन्दा बढि सहभागी पुगीसकेका छन।

- **कोषले कस्ता योजना संचालन गरिरहेको छ ?**

कोषले ११ वटा विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ। त्यस्ता कार्यक्रममा कर्मचारी बचत वृद्धि स्वीकृत अबकास कोष, उपदान कोष, नागरिक एकांक योजना, लगानीकर्ता हिसाव योजना, निजामती बिमा कोष, शिक्षक बिमा कोष, सैनिक बिमा कोष, नार्क बिमा कोष, नेपाल प्रहरी बिमा कोष, सशस्त्र प्रहरी बिमा कोष र राष्ट्रिय बिमा अनुसन्धान बिमा कोष रहेका छन।

- **कोषले कुन कुन क्षेत्रमा लगानी गरेको छ ?**

कोषले सरल कर्जा, सहभागी सापटी तथा आवास कर्जा, शैक्षिक कर्जा लगायतका समयकालीन कर्जा प्रबाह गर्ने तर्फ पनि काम गरिराखेको छ। यस बाहेक नेपाल सरकारको ऋणपत्र, संगठीत संस्थाको शेयर लगायतमा लगानी गरेको छ।

नेपाल सरकार, सरकारी संस्थान तथा निजी क्षेत्रका संघ-संस्थालाई पनि कोषले सेवा प्रदान गरिरहेको छ। विभिन्न योजना तथा कार्यक्रम सञ्चालनबाट कोषमा प्राप्त हुने दीर्घकालीन प्रकृतिको कोषलाई कोषको लगानी नीतिको परिधिभित्र रही पूर्वाधार निर्माण, जलविद्युत् विकास तथा उत्पादनशील क्षेत्रमा लगानी गरी दीर्घकालीन पुँजी निर्माणका साथै उच्च प्रतिफल आर्जन गर्ने दिशातर्फ आफूलाई केन्द्रित गरिरहेको छ।

दिगो लगानी र उत्पादकत्व वृद्धि हुने क्षेत्रमा आफ्नो स्रोत परिचालनमा उच्च प्राथमिकता दिनुपर्छ। सुरक्षित लगानीका नयाँ क्षेत्रको पहिचान गरी राष्ट्रिय प्राथमिकताप्राप्त क्षेत्रमा लगानी गरी देशको आर्थिक विकासमा सहयोग पुऱ्याउनुपर्ने कुरालाई कोषले आत्मसात गरिरहेको छ।

मुलुकमा आर्थिक विकासमा आमुल परिवर्तन ल्याई आर्थिक बृद्धिदर बढाउने, रोजगारीको अवसर सिजर्ना गर्ने, उद्योग धन्दाको विकास गर्ने अपेक्षालाई कोषले गम्भिरतापुर्वक लिएको छ। कोष जस्तै अन्य संस्थासंग सहवित्तीयकरण गरी कृषि, पर्यटन र जलविद्युत् क्षेत्रमा मेघा परियोजना संचालनको लागि आवश्यक पुँजी उपलब्ध गराउन सक्ने अवस्थामा रहेको छ। लगानीको दायरालाई अझ फराकिलो बनाउन कोषले भविश्यमा सरकारका ठूला विकास आयोजना तथा पुर्वाधारको क्षेत्रमा लगानी गर्ने योजना बनाएको छ।

- **सरकारले सामाजिक सुरक्षण कोष संचालनमा ल्याइसकेको छ ? यस्तो अवस्थामा कसरी काम गर्दै हुनुहुन्छ ?**

कोष पनि सरकारले नै स्थापना गरेको संस्था हो। हाल सम्म पनि कोषको अधिकांस स्वामित्व प्रत्यक्ष वा परोक्ष रुपमा नेपाल सरकारको नै रहेको छ। कोषले हाल सरकारले अंगीकार गरेको समृद्ध नेपाल, सुखी नेपालीको अवधारणलाई आत्मसाथ गरिरहेको छ। सरकारले ल्याएको नयाँ कार्यक्रमसगै कोष पनि अघि बढ्छ। साथै, यस प्रकारका सुरक्षण कोष सम्बन्धी अवधारणले कोषको कारोवारलाई विस्तार गर्न अझ बढी अनुकुल हुन्छ। यस्ता कार्यक्रमहरुले आम जनमानसमा एक प्रकारको उत्साह पैदा गर्छ भने सुरक्षण कोषमा स्वत स्फुर्त रुपमा बढी भन्दा बढी समावेश हुनेको संख्या क्रमशः बृद्धि हुदै जान्छ। त्यसरी नै श्रमिकलाई मध्य नजर गरी आएको सुरक्षण कोषले अब देशका किसान, स्वरोजगारमा रहेका व्यक्तिहरु, वैदेशिक रोजगारमा गएका युवाहरुको लागि पनि यस्ता कोष संगको आवद्धता आवश्यक रहने हुँदा नागरिक लगानी कोषको दायरा फराकिलो बनाउन अझ मद्दत पुग्छ र यसको कार्य क्षेत्र अझ फराकिलो हुदै जाने छ।

- **कोषलाई अगाडी बढाउन के कस्ता योजना बनाउनु भएको छ ?**

सुशासन कायम गर्ने कुरालाई पहिलो प्राथमिकतामा राखेर काम गरिरहेका छौं। यसैलाई मध्यनजर गरी म आफैंले उपयोग गर्न पाउने पेट्रोलको सुविधामा मासिक २५ लिटर कटौती गरी सुशासनको सुरुवात गरेको छु। यसका साथै उपसमितिको स्वरूप र संख्यामा परिवर्तन गरी सुशासन र मितव्ययिता कायम गर्ने प्रयत्न गरिएको छ। यसलाई थप प्रभावकारी रूपमा कार्यान्वयन गर्नेछौं।

कोषको आयव्ययमा पारदर्शिता कायम गर्दै कोषको काम कारबाही दुरुस्त गर्ने कुरालाई प्राथमिकतासाथ अगाडि बढाउनेछौं। कोषले हालै लागू गरेको लगानी नीतिलाई पारदर्शी र प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र आवश्यकताअनुरूप समयसापेक्ष सुधार गर्दै लैजानेछौं। कोषका लागि तयार भइरहेको नयाँ सूचना प्रविधि प्रणालीलाई यथाशक्य चाँडो कार्यान्वयनमा ल्याई यस प्रणालीबाट कोषका सम्पूर्ण कार्य सम्पादन गर्ने कुरा पनि हाम्रो प्राथमिकतामा रहेको छ। कोषको प्रस्तावित भवन आगामी दुई वर्षभित्रमा निर्माण सम्पन्न गरी सोही भवनबाट कोषको कार्य सञ्चालन गर्ने विषय पनि हाम्रो आगामी कामको प्राथमिकतामा रहेको छ।

सरकारको नीतिगत परिवर्तनको कारण कोषले गरिरहेका केही कामहरू अर्को संस्थामा गएका छन्। यसको परिपूर्तिका लागि योगदानमा आधारित पेन्सन कोष सञ्चालन गर्नेतर्फ पनि कोषले काम गरिरहेको छ। यसका लागि अवधारणपत्र तथा कार्यविधि तर्जुमा गरी अर्थ मन्त्रालयमा प्रस्तुत गरेका छौं।

अब हामी कोषले गर्ने मुख्य प्राथमिक कार्यहरूलाई सम्पादन गर्न अग्रसर हुनु पर्नेछ। कोषको ऐनमा धितोपत्र दलालको कार्य गर्ने, पुँजीबजार विकासका लागि आवश्यक कार्य गर्ने भन्ने उल्लेख छ। तर, हामीले त्यसतर्फ खरो रूपमा उत्रन सकेका छैनौं। आगामी दिनमा यी कार्य सम्पादन गर्नेतर्फ सुव्यवस्थित रूपमा अगाडि बढ्ने योजना बनाएका छौं। यसको एक पाइलास्वरूप हालै कोषले धितोपत्रको दोस्रो बजारबाट धितोपत्र खरिद बिक्री गर्ने कार्यविधिलाई लगानी नीतिमा थप गरी पारित

गरेका छौं । यसबाट धितोपत्र बजारमा देखिने अप्रत्याशित मूल्य बढ्ने वा घट्ने प्रवृत्तिलाई एउटा सीमाभित्र कायम राख्नमा सघाउ पुग्नुको साथै संस्थाको आयमा पनि थप टेवा पुग्ने अपेक्षा राखेका छौं । यसको अलावा वर्तमान सन्दर्भमा कोषको व्यावसायिक योजना बनाएर यसैका आधारमा आगामी दिनमा अघि बढ्ने सोचमा छौं । सम्पुर्ण नागरिकको बचत परिचालन गर्नुपर्ने आवश्यकता कोषले देखेको छ ।

- **एउटा अर्थशास्त्रीको हिसाबले देशको अर्थतन्त्रलाई कसरी हेर्नुभएको छ ?**

नेपालको बर्तमान संविधानले परिकल्पना गरेको संघीय प्रणाली लागू भएको छ । तीनै तहका सरकारहरू क्रियाशील छन् । चालू आवमा माघ मसान्तसम्मको प्रकाशित तथ्यांकअनुसार करिब ७ प्रतिशतको आर्थिक वृद्धिदर हासिल हुन सक्ने सम्भावना रहेको छ । एकातिर संघीयताको जग बसेको र अर्कातर्फ ७ प्रतिशतको हाराहारीमा आर्थिक वृद्धिदर हासिल हुन सकेमा आगामी वर्षमा दुई अंकको आर्थिक वृद्धिदर हासिल हुन सक्ने सम्भावना रहेको छ ।

देशको रेमिट्यान्स वृद्धिदर ३० प्रतिशतभन्दा बढी रहेको छ भने वेदेशिक रोजगारीमा जाने मानिसको संख्या ४० प्रतिशतले घटेको छ । यो मुलुकका लागि सकारात्मक पक्ष हो । यसले देशको विकासमा थप टेवा पुग्न सक्ने देखिएको छ ।

भर्खरै नेपाल राष्ट्र बैंकद्वारा प्रकाशित तथ्यांकअनुसार मुद्रास्फीति दर करिब ४ प्रतिशतको हाराहारीमा रहेको छ । चालू आवको अत्यसम्ममा मुद्रास्फीति दर ५ दशमलव ६ प्रतिशतको हाराहारीमा नै रहने अनुमान रहेको छ । आर्थिक वृद्धिलाई सहयोग पुऱ्याउने लगानी बोर्ड ऐन, विशेष आर्थिक क्षेत्र ऐन, औद्योगिक व्यवसाय ऐन तथा विदेशी लगानी ऐन जस्ता केही महत्पूर्ण कानुनमा सुधार गरिएको छ । यसको अलावा श्रम तथा सामाजिक सुरक्षासम्बन्धी नयाँ कानुनको निर्माणले श्रम सम्बन्ध राम्रो बन्दै गएको छ । मुलुकको भावी आर्थिक विकासलाई सहयोग पुऱ्याउन उल्लिखित विषयले थप टेवा पुऱ्याउने अपेक्षा गर्न सकिन्छ ।

यति हुँदा हुँदै पनि अर्थतन्त्रमा केही कमजोर पक्ष पनि रहेका छन् । जस्तो कि पेट्रोलियम पदार्थ, फलाम, विलासिताका सामान, खाद्यान्न, मेसिनरी जस्ता सामग्रीको उच्च आयातका कारणले हालसम्म व्यापार घाटा ३३ दशमलव १ प्रतिशतले उच्च रहन गएको छ । यसले सञ्चित विदेशी मुद्रामाथि चाप पर्न गएको देखिन्छ । चालू खाता घाटा करिब १५२ अर्ब तथा शोधनान्तर घाटा करिब ६४ अर्ब रहेको छ ।

यसका साथै बैंक तथा वित्तीय संस्थाहरूले मौद्रिक नीतिले लक्षित गरेभन्दा निकै बढी चालू आवको सुरुमा नै लगानी गरेको हुँदा तरलताको केही समस्या देखिएको छ । त्यस्तै, सोचेअनुरूप विकास बजेट खर्च हुन सकेको छैन ।

- **विकास बजेटलाई कसरी हेनुभएको छ ?**

हालसम्म कुल बजेटको करिव २९ प्रतिसत रकम खर्च भैसकेको छ । त्यसमध्ये करिब १८ प्रतिशत पूजिगत र करिव ३५ प्रतिसत चालु बजेट खर्च भएको कुरा हालै अर्थ मन्त्रालयबाट प्रकाशित तथ्यांकले देखाएको छ । यद्यपि, प्रदेश तथा स्थानीय सरकारले पनि विकास निर्माणको कार्य गरिरहेको हुँदा समग्रमा विकास खर्चको रकम तथ्यांकमा उल्लेख भएभन्दा बढी पनि हुन सक्छ । यति हुँदा हुँदै पनि लक्षअनुरूप खर्च हुन सकेको छैन । यसरी लक्षअनुरूप खर्च हुन नसक्नुमा हाम्रो देशको संरचनागत समस्याहरू पनि रहेका छन् । हाम्रो मुलुकको विकास खर्चको ठूलो हिस्सा दातृ निकायहरूको सहायतामा भर पर्दछ । त्यस्ता दातृ निकायहरूको खर्च गर्ने प्रक्रियामा पनि जटिलता छन् । जसले गर्दा दातृ निकायको सहयोगमा हुने विकास निर्माणका कार्य पनि समययमा सम्पन्न हुन नसकी लक्ष्यअनुरूप खर्च हुन सक्दैन ।

विकास आयोजनाहरूमा कर्मचारीहरूको छिटोछिटो सरुवा हुने तथा आयोजना कार्यान्वयनमा कतिपय प्रक्रियागत समस्याहरू पनि रहेका छन् । हाम्रो सार्वजनिक खरिद ऐनमा पनि केही प्रक्रियागत जटिलताहरू विद्यमान छन् । यसमा संशोधनको प्रक्रिया अगाडि बढिरहेको छ । तर, संशोधन भइसकेको छैन । संघीय संरचनाअनुरूप बजेट तर्जुमा त भयो तर यसलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन हालसम्म पनि हुन सकिरहेको छैन । आवश्यक कर्मचारीको अभावमा प्रदेश तथा स्थानीय सरकारबाट प्रभावकारी रूपमा सेवा प्रवाह हुन नसक्दा लक्ष्यअनुरूप विकास निर्माणका कामले गति लिन सकेको छैन ।

- **मुलुकको आर्थिक प्रगति तर्फ कोषले के कस्ता योजना ल्याएको छ ?**

मैले अघि नै भनेसके । आर्थिक प्रगति, समग्र राष्ट्रको आर्थिक विकास, उत्थान र प्रगतिको कुरा गर्दा समग्र नेपाली जनताको सुख र समृद्धिको चाहाना पुरा गर्नका लागि आम नागरिकसम्म कोष पुग्नु पर्छ । सरकारले लागु गरेको प्रादेशिक संरचना अनुसार सातै प्रदेशमा कोषले सेवा विस्तार गर्ने रणनीति लिएको छ । प्रादेसिक शाखाबाट बिभिन्न किसिमका योजना कार्यान्वयन र बचत संकलन गर्ने आफ्ना सहभागी लगायत त्यस प्रदेशमा भएका परियोजनामा लागनी गर्न/गराउनको लागि वातावरण सिर्जना गर्ने तर्फ कोषले कार्य शुरु गरिसकेको छ । सबै प्रदेशमा साना, मझौला र ठूला आयोजनामा लगानी गर्ने तथा ती प्रदेशहरुमा रहेका कर्मचारीलाई पनि बिभिन्न प्रकारका सुविधाहरु प्रबाह गर्ने र कोषका सहभागीहरुको आर्थिक उन्नतीका लागि योजना ल्याई केन्द्रीय कार्यालयको कामलाई बिकेन्द्रिकृत गर्दै सवै क्षेत्रमा कोष पुगी मुलुकको आर्थिक प्रगतिमा योगदान पुऱ्याउने छ ।

- **मुलुकको अर्थतन्त्रमा सुधार गर्नुपर्ने आवश्यकता देख्नु भएको छ ?**

अहिले हाम्रो व्यापार घाटा उच्च रहेको छ । यसलाइ कम गर्नुपर्छ । नेपालमा उच्च आयात हुने १० प्रमुख खाद्यान्नको आयात चार प्रतिशतभन्दा बढी रहेको छ भने बहुमूल्य गहनाको आयात करिब चार प्रतिशत नै रहेको छ । देशमा आवश्यक खाद्यान्नको उत्पादन बढाउँदै खाद्यान्नमा आत्मनिर्भर भई आयात प्रतिस्थापन गर्ने तथा विलासिताका सामानको आयात कम गरेर व्यापार घाटा कम गर्नु जरुरी छ ।

त्यसरी नै यथाशक्य छिटो कर्मचारी समायोजन सम्पन्न गरी स्थानीय तथा प्रदेश स्तरमा आवश्यक कर्मचारीको व्यवस्थापन गर्न सकेमा प्रदेश तथा स्थानीय तहमा गुणस्तरीय सेवा प्रवाहमा वृद्धि भई विकास निर्माणको कामले पनि तीव्रता पाउनेछ । देशमा आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धन गर्ने खालका उद्योग स्थापना तथा प्रवर्धन गरी व्यापार घाटा कम गर्नुपर्छ ।

- **अन्त्यमा केही भन्नु हुन्छ की ?**

धेरै लामो समयपछि मुलुकमा स्थिर सरकार गठन भएको छ । संघीय संरचनाको जग बसेको छ । हामी सबैले सकारात्मक सोचका साथ आ-आफ्नो ठाउँबाट इमानदार र कर्तव्यनिष्ठ भई काम गर्न सकेमा निकट भविष्यमै हाम्रो मुलुकले आर्थिक विकासमा फड्को मार्न सक्छ ।

**धन्यबाद ।**

# कोषको २९औं वार्षिकोत्सवको अवसरमा कार्यकारी निर्देशक रमण नेपालले प्रस्तुत गर्नुभएको मन्तव्यको सारसंक्षेप

नागरिक लगानी कोषको २९औं वार्षिकोत्सव समारोहका सभापतिज्यू, कार्यक्रमका प्रमुख अतिथि सम्मानीय प्रधानमन्त्री के.पी शर्मा ओलीज्यू , विशेष अतिथि माननीय अर्थ मन्त्री डा. युवराज खतिवडाज्यू, काठमाडौं महानगरपालिका मेयर विद्यासुन्दर शाक्यज्यू ,अर्थ सचिवज्यू, विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रमुखहरु, सञ्चालक समितिका पदाधिकारीहरु, आमन्त्रित समस्त अतिथिज्यूहरु तथा कर्मचारी साथीहरु तथा पत्रकार मित्रहरु । नागरिक लगानी कोषको यस २९औं वार्षिकोत्सव तथा कार्यालय भवन शिलान्यास कार्यक्रममा हार्दिक स्वागत गर्दछु ।

नागरिक लगानी कोष यथार्थमा नागरिकको लागि लगानी गर्ने कोष हुन यसले सञ्चालन गरेका कार्यक्रमहरुको अलावा असंगठीत क्षेत्रका मजदुर, कृषक तथा स्वरोजगारमा आश्रितलाई समेट्ने कार्यक्रमहरु सञ्चालन गरी आम सर्वसाधारण नागरिकको सानो सानो बचत परिचालन गर्ने र सो मार्फत दीर्घकालिन सामाजिक सुरक्षा प्रदान गर्न सक्ने कार्यक्रम तथा योजनाहरु अगाडि बढाउनुपर्ने आवश्यकता देखिएको छ । यस्ता कार्यक्रमहरुको शुरुवात गर्न नेपाल सरकार, अर्थ मन्त्रालयसँग सहयोगको अपेक्षा गरेको छु ।

२०४७ साल चैत्र ४ गते स्थापित नागरिक लगानी कोष आज २८ वर्ष पुरा गरेर २९औं वर्षमा प्रवेश गर्दै गरेको यस अवसरमा म कोष परिवारलाई हार्दिक बधाई दिन चाहन्छु । वास्तवमा कोषको स्थापना भएदेखि अहिलेसम्मको अवधि त्यति लामो होईन यद्यपी यस अवधिमा कोषले जुन प्रगति हासिल गरेको छ त्यो प्रशंसनिय रहेको छ भन्ने मलाई लाग्दछ । देशमा प्रजातन्त्रको पुर्नस्थापना सँगै जन्मिएको यस संस्थाले बिभिन्न चुनौती र अप्ठ्यारा परिस्थितिहरुको वावजुद निरन्तर रुपमा उच्च प्रतिफल हांसिल गर्दै यहाँसम्म आईपुग्नु त्यति सहज थिएन तथापि नेतृत्वको गतिशिलता र कर्मचारीहरुले आफ्नो जिम्मेवारी प्रति देखाएको निष्ठाले यो सवै सम्भव भएको हो भन्ने मलाई लागेको छ ।

कोष स्थापना देखि नै निरन्तर नाफामा संचालन भईरहनु, प्रत्येक बर्ष सहभागी बढाउदै लैजान सफल हुनु र फरक-फरक किसिमका



**रमण नेपाल**
कार्यकारी निर्देशक, ना.ल.कोष

बचत योजनाहरु सफलतापूर्वक सञ्चालनमा ल्याउन सक्नु नै कोषको सफलताको आधार हो । कोषको यो सफलतालाई अझै बढाउदै लैजान हामी सदैव प्रतिवद्ध रहने छौं । कोषले पुँजीबजारको क्षेत्रमा समेत उल्लेख्य रुपमा काम गरिरहेको तथा यसका लागि विभिन्न योजनाहरु बनाउँदै आएको छ । पुँजीबजारलाई गतिशील र प्रभावकारी बनाई स्थायित्व प्रदान गर्नमा कोषले अहम् भूमिका खेल्नुपर्ने आवश्यकता मैले महसुस गरेको छु । सहायक कम्पनी स्थापन भई कार्य प्रारम्भ गरे पश्चात पुँजी बजारको दीगो विकासका लागि स्टक डिलरको कार्य गर्ने सम्वन्धमा कोषमा छुट्टै महाशाखा स्थापना गरी सोही महाशाखाबाट कार्य गर्ने वा छुट्टै सहायक कम्पनीबाट गर्ने भन्ने सम्बन्धमा वृहत छलफल गरे पश्चात कोष जस्तै प्रकृतिका संस्थाहरुको प्रवर्द्धनमा सहायक कम्पनी खडा गरी सो मार्फत कार्य गर्ने प्रक्रियाका लागि काम शुरु भइसहेको छ । यस कार्यले देशको पुँजी बजारको विस्तार तथा स्थायित्वका लागि योगदान पुऱ्याउने छ ।

कोषको कार्य प्रकृति अनुसार लगानीलाई विविधीकरण गर्नुपर्ने भएपनि विविध कारणले लगानीको अनुकुल वातावरण निर्माण हुन नसकेको र लगानी विविधीकरण गर्ने क्षेत्र सीमित भएको वर्तमान अवस्थामा लगानीलाई निश्चित ब्याज प्राप्त हुने मुद्दति निक्षेप, सरकारी ऋणपत्र, संगठित संस्थाको धितोपत्र, समयकालीन कर्जा र सहभागी सापटी तथा आवाश कर्जामा मात्र सीमित गर्नुपर्ने बाध्यात्मक स्थिति रहेको छ ।

बचत परिचालन र पूँजीबजारको विकास गर्ने उद्देश्य अनुसार चुक्ता पूँजी रु.२ करोड ४० लाख बाट कारोबार प्रारम्भ गरेकोमा हाल यसको चुक्ता पूँजी रु.१ अर्ब १० करोड २३ लाख पुगेको छ । उक्त चुक्ता पूँजीमध्ये नेपाल सरकारको १० प्रतिशत, नेपाल राष्ट्र बैंकको १३ प्रतिशत, राष्ट्रिय बीमा संस्थानको २७ प्रतिशत, नेपाल स्टक एक्सचेञ्जको १० प्रतिशत, बैंक तथा वित्तीय संस्थाको २० प्रतिशत र सर्वसाधारणको २० प्रतिशत रहेको छ । प्रत्येक वर्ष कोषले आफ्नो नाफाबाट शेयरधनीहरुलाई बोनश शेयर वितरण गर्दै आएकोले कोषको पूँजी बढ्दै गएको छ । कोषको प्रस्तावित ऐनले कोषको पुँजीगत आधारलाई वृद्दि गर्ने, कारोबारको दायरालाई फराकिलो बनाउने, संस्थागत सुशासन कायम गराउने र कोषको मूल उद्देश्य प्राप्तीका लागि कार्य क्षेत्र समेत विस्तार हुने देखिएको छ ।

**कोषको वर्तमान प्रमुख वित्तीय स्थिति :**

- आ.व. ०७५/७६ को पुस मसान्तसम्ममा कोषको खुद मौज्दात रु.१ खर्ब १७ अर्ब १२ करोड बराबर खुद कोष रकम संकलन गरिएको छ जुन गत आ.व.०७४/७५ को पौष मसान्तसम्म रु. १ खर्ब ४ अर्व ५७ करोड रहेको थियो । अर्थात्, कोषको कुल वचत परिचालन गत वर्षको समिक्षा अवधिभन्दा १२ प्रतिशतले वृद्धि भएको छ । यसरी विभिन्न बचत योजना मार्फत संकलन गरेको उल्लेखित कोष रकमलाई विभिन्न क्षेत्रमा लगानीको रुपमा परिचालन गरिएको छ ।
- हाल कोषको लगानीको मुख्य क्षेत्र भनेको बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेप रहेको भएपनि लगानीलाई सकभर विविधीकरण गरी उत्पादनशील क्षेत्रमा विस्तार गर्ने प्रयास गरिएको छ । कोषबाट लगानीको रुपमा हालसम्म रु.१ खर्ब १३ अर्व ८४ करोड प्रवाह भएको छ जुन गत आर्थिक वर्षको यही अवधिमा रु.९३ अर्ब ७५ करोड ६० लाख थियो । समग्रमा कोषको कुल लगानी गत वर्षको समिक्षा अवधिभन्दा २१.४२ प्रतिशतले वृद्धि भएको छ ।
- आ.व. ०७५/७६ पुस मसान्तसम्ममा कोषको केन्द्रीय हिसाब तर्फको सञ्चालन मुनाफा रु. १९ करोड २ लाख रहेको छ भने कोषको कुल जगेडा रकम रु. ४ अर्ब १ करोड २७ लाख पुगेको छ ।

- कोषले शुरु अवस्था देखि नै पूँजीबजार सम्बन्धी सेवा उपलब्ध गराउँदै आएको छ । हालसम्म कोषले साधारण शेयर र हकप्रद शेयर गरी रु. ३६ अर्व ६१ करोड भन्दा बढीको शेयर निश्कासन तथा विक्री प्रवन्ध सेवा प्रदान गरिसकेको छ ।
- कोषले नयाँ बानेश्वर स्थित आफ्नो स्वामित्वको जग्गामा कोषको कार्यालय भवन निर्माण गर्नका लागि नेपाल सरकार, शहरी विकास तथा भवन निर्माण विभागसँग सम्झौता भएको छ ।
- कोषको कारोबार वृद्दि तथा सहभागीहरुको सेवा तथा सुविधाका लागि आधुनिक सुचना प्रविधिको प्रयोग गर्नु अपरिहार्य भएकोले आगामी ८/१० महिना भित्र नै NLK Web Based Software प्रयोगमा ल्याउन सफ्टवेयर कम्पनीसँग सम्झौता गरी सफ्टवेयर विकासको कार्य अगाडि बढाइएको छ ।

**कोषको भावी योजना तथा कार्यक्रम**

- असंगठीत क्षेत्रमा रहेका मजदुर, किसान तथा स्वरोजगारहरुलाई अवकाश कोषमा आवद्ध गराइनेछ ।
- कोषले सञ्चालन गर्दै आएको नागरिक एकांक योजनालाई परिस्कृत गरी उक्त एकांकको कारोवार विस्तार गर्न गरिने छ । यस अघि वैदेशिक रोजगारका लागि दक्षिण कोरियामा रहेका नेपाली नागरिकलाई एकांक बिक्री शुरु गरिएकोमा यसलाई अब थप अन्य मुलुकहरुमा पनि विस्तार गरिने लक्ष्य लिइएको छ । यस कार्यक्रमको विस्तारले अवैधानिक क्षेत्रमा आप्रवाह हुने विप्रेषणलाई वैधानिक प्रणालीमा आकर्षित गर्न सकिन्छ भने विप्रेषण आप्रवाहको खर्च समेत न्यूनीकरण गर्न सकिने देखिएको छ ।
- हरेक प्रदेशमा कोषको शाखा कार्यालय रहने गरी कोषको शाखा कार्यालय विस्तारका लागि कार्य अगाडि बढाइने छ ।
- लगानी विविधीकरण गर्दै सम्भाव्य परियोजनाहरुमा लगानी गर्ने कार्य सुरु गरिनेछ ।
- शाखा कार्यालयबाट सहभागीहरुलाई सबै प्रकारका सेवाहरु प्रदान गरिनेछ ।
- कोषको NLK Based Software विकास गरी लागू गरिने छ ।
- पानी जहाज, रेल, जलविद्युत र हवाई क्षेत्रका परियोजनाहरुलाई चाहिने पुँजी संकलनका लागि Convertible Debenture निष्काशन गर्न निष्काशन प्रवन्धकको रुपमा काम गरिनेछ ।
- नेपाल सरकारका अन्य संस्थाहरुसँगको सहकार्यमा मध्यम र दीर्घकालीन स्वरुपका बण्ड, डिबेन्चरको निष्काशन प्रबन्धकको कार्य गरिनेछ ।
- आगामी दुई वर्ष भित्रमा ग्राहकमैत्री सुविधा सम्पन्न नयाँ भवन निर्माणको काम सम्पन्न गरिनेछ ।

कोषको सेवा प्रवाहलाई अझ बढी सहज र सरल बनाउँदै लैजाने तथा नेपाल सरकारले अबलम्बन गरेका क्षेत्रहरुमा लगानी गरी सरकारले लिएको समृद्ध नेपाल निर्माण, सुखी नेपालीको लक्ष्यमा आफ्नो तर्फबाट होस्टेमा हैंसे गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

अन्तमा, कोषको यस वार्षिकोत्सव तथा कोषको भवन निर्माण शिलान्यास कार्यक्रममा अति व्यस्त समयका बाबजुद उपस्थित भई हामीलाई हौसला प्रदान गर्नु हुने प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, पत्रकार बन्धुहरु तथा कार्यक्रममा उपस्थित सम्पूर्ण महानुभावहरुलाई पुनः स्वागत गर्दै विदा हुन्छु ।

धन्यवाद ।

"अधिकतम ब्याजदर र तरलता सुविधाको साथमा नागरिक एकांक योजना, २०५२ तपाईंको हातमा"

# सुरक्षित बचत गर्ने सुनौलो अवसर

वार्षिक ८% ब्याज पाइने, जुनसुकै समयमा खरीद तथा बिक्रि गर्न सकिने "नागरिक एकांक योजना, २०५२" आजै खरीद गर्नुहोस् ।

अन्य जानकारीको लागि :

**नागरिक लगानी कोष**

नयाँ बानेश्वर, काठमाडौं

फोन नं. ४७८५३२५/४७८५३१९

# सामाजिक सुरक्षणमा अवकाश कोष



**शोभा श्रेष्ठ**
का.मु. व्यवस्थापक

अवकास कोषको अवधारणालाई हेर्ने हो भने राणाकालिन प्रधानमन्त्री जुद्ध शम्सेरको पालामा सैनिकहरुले अवकास पछि सरकारसँग रकम माग गर्न जाँदा नोकरी अवधिमा कमाएको रकम बचत भएन भन्ने प्रश्नमा ति सबै घरखर्च र जिविकोपार्जनमा सकिएको बताएपछि मासिक तलबबाट केही रकम कट्टी गरी संचित कोष खडा गनुपर्ने महसुस भएको हो । त्यसलाई मध्यनजर गर्दै बि.स. १९३४ मा सैनिक द्रव्य कोषको स्थापना गरी सैनिक जवानहरुको मासिक तलबबाट केही रकम कोष कट्टी गर्ने प्रारम्भ भयो । यसको एक दशक पछि निजामति कर्मचारीहरुको लागि पनि पनि त्यस्तो कोषको आवश्यकता महसुस गरी बि.स. १९४४ मा निजामति संचयकोष स्थापना भयो । यसरी अवकास कोषको अवधारणा सुरु हुँदै वि.स. २०१८ मा विशेष ऐन अन्तर्गत कर्मचारी संचय कोष स्थापना भएपछि सैनिक द्रव्य कोष निजामति संचय कोषमा गाभिई अवकास कोष योजना सञ्चालनमा आएको हो । देशको आर्थिक विकाशको लागि सर्वसाधारण जनतालाई समेत पुँजीको बचत गर्न प्रोत्साहित गरी लगानीका विभिन्न अवसरहरु बढाउने तथा पुँजीबजारको विकासमा गतिशीलता ल्याउने उद्देश्यले नागरिक लगानी कोष ऐन, २०४७ अनुरुप २०४७ मा नागरिक लगानी कोषको स्थापना सँगै अवकाश कोषको अवधारणामा परिवर्तन र परिमार्जन भएको देखिन्छ । कोषमा कर्मचारी कामदारहरुको मासिक तलबबाट कट्टी हुने रकम मात्र नभई कर्मचारीको श्रमको योगदानलाई आधार मानी कोषले वि.सं. २०५४ सालमा उपदान कोष संचालनमा ल्यायो । २०५३ देखि अबिछिन्न रुपमा कोषले उपदान कार्यक्रम संचालन गरिरहेको छ। त्यसैगरी अवकाश कोषको रुपमा प्राप्त हुने संचित वीमा, कर्मचारी कल्याणकारी कोष र औपधि उपचार जस्ता खर्चहरुको रकमको सुरक्षण र लगानी व्यवस्थापन गरी कोषले उपदान कोष योजना र लगानीकर्ता हिसाब योजना जस्ता कार्यक्रमहरु सञ्चालनमा ल्याइरहेको छ । यस्ता प्रकृतिका अवकाश कोषहरुलाई आधार मान्दै नेपाल सरकारले २०७५ मा “सामाजिक सुरक्षण कोष” संचालनमा ल्याइसकेको छ ।

एसियाली मुलुकमा सामाजिक सुरक्षाको अवस्थालाई हेर्दा मलेसियामा कर्मचारी सामाजिक सुरक्षा ऐन, १९६९ अन्तर्गत सन् १९६९ मा सामाजिक सुरक्षा कोषको स्थापना भएको हो । वैदेशिक कामदार वीमा योजनामा सन् १९९३ देखि मलेसियामा कार्यरत विदेशि कामदारलाई समेट्ने गरी ऐनमा संसोधन गरियो । यो नियमले ३ हजार मलेसियाली रिङिट आय भएका स्थानीय तथा स्थायी बसोवास गर्ने कामदार र कर्मचारीलाई समेटेको छ । सन् १९९३ देखि मलेसियामा कार्यरत विदेशि कामदारलाई समेट्ने गरी कामदार क्षतीपुर्ति ऐन, १९५२ को संशोधन गरियो । सन् १९९६ देखि यो नीति कार्यान्वयनमा आएको हो । मलेसिया सरकारले सरकारी संयन्त्रमार्फत जनस्वास्थ्य र समाजकल्याण सम्बन्धी विभिन्न सामाजिक कार्यक्रम पनि सञ्चालन गरिरहेको छ । अहिले विभिन्न गैर सरकारी संगठनलाई कल्याणकारी कार्यको लागि अनुदान सहयोग समेत उपलब्ध गराउँदै आईरहेको छ ।

त्यसैगरी सिंगापुरमा सन् १९५९ मा विशेष ऐन अन्तर्गत केन्द्रीय संचयकोष बोर्ड स्थापना पछि सिंगापुरमा पनि सामाजिक सुरक्षाको अवधारणा सुरु भएको हो । यस योजना अन्तर्गत अवकाश , औषधोपचार , घरको स्वामित्व, पारिवारीक सुरक्षण , सम्पत्तिको वृद्धि जस्ता सामाजिक सुरक्षणका विविध पक्षलाई समेटेको छ ।

सिंगापुरमा १७ लाख भन्दा बढी कामदार कर्मचारी केन्द्रीय संचयकोष बोर्डका नियमित सदस्य छन् भने कुल सदस्य संख्या ३२ लाख रहेको छ । सिंगापुरमा संचयकोष व्यवस्थामा सहभागी हुन ५० सिंगापुर डलर भन्दा बढी आय भएका स्वरोजगार तथा घरायसी कामदारले पनि सहभागिता जनाउन पाउँछन् । यसको साथ साथै अतिरिक्त अवकास योजना सन् २००१ बाट सुरु भएको थियो । जस अनुसार सिंगापुरका नागरिक तथा स्थायी वासिन्दाले नियमित आयको १५ प्रतिशत सम्म बचत गर्न पाउछन् । तर केन्द्रित संचय कोषको योजनामा सहभागी नभएकाले पनि नियमित आयको ३५ प्रतिशत सम्म बचत गर्न पाउने व्यवस्था छ ।

भारतमा कर्मचारी संचय कोष संगठन त्यहाँको सबैभन्दा ठूलो सामाजिक सुरक्षण संस्था हो । सन् १९५२ मा स्थापना भएको यो संगठनले कर्मचारी संचय कोष, कर्मचारी निवृत्तीभरण योजना र कर्मचारी निक्षेप वीमा कोष योजनालाई समेटेको छ । भारतमा ५ लाख ७३ हजार भन्दा बढी प्रतिष्ठानमा कार्यरत श्रमशक्तिलाई सामाजिक सुरक्षाको दायरामा समेटिएको छ । भारतमा कर्मचारी संचय कोष संगठनबाट संचालित कर्मचारी निवृत्तीभरण योजनाको प्रारम्भ सन १९९५ बाट भएको हो । यस योजना अन्तर्गत सहभागी सदस्य अवकाश भएमा निजलाई र निजका सदस्य अवकाश भएमा वा मृत्यु भएमा विधवा पत्नी वा विदुर पतिलाई मासिक निवृत्तीभरण प्रदान गरिने व्यवस्था छ । यो सँगै कर्मचारी निक्षेप वीमा सन् १९७६ मा सुरु भएको हो । यस योजनामा रोजगारदाताबाट कर्मचारीको तलबको ०.५ प्रतिशत योगदान रहेको हुन्छ । यो बाहेकका अन्य योजनामा साना बचत योजना, जेष्ठ नागरिक तथा गरिवको लागि-पेन्सन तथा कल्याणकारी कोष, लघु पेन्सन योजना पनि रहेका छन । यसैगरी थाइल्याण्डमा अंशदानमा आधारित सामाजिक सुरक्षा योजना अन्तर्गत कामदार सहयोग कोष, सामाजिक सुरक्षा कोष, सरकारी निवृत्तीभरण कोष जस्ता कार्यक्रमहरु रहेका छन् । जसमध्ये सामाजिक सुरक्षा कोष अर्न्तगत ८८ लाख कामदार तथा ४ लाख स्वरोजगार कार्यलयहरु समेटिएका छन् । यस योजनामा जेष्ठ नागरिक भत्ता तथा बाल संरक्षण अनुदान समावेश भएपछि यसको आकार ज्यादै ठूलो भयो । सरकारी निवृत्तीभरण कोष भने १९९६ देखि सबै सरकारी कर्मचारीलाई अनिवार्य हुने गरी लागू गरिएको थियो भने हाल स्वास्थ्य सुरक्षण तथा स्वास्थोपचार सुविधा, सबैको लागि स्वास्थ्य कार्यक्रम , सामाजिक सहयोग कार्यक्रम जस्ता योजनाहरु सञ्चालनमा रहेका छन् ।

सामाजिक सुरक्षा व्यवस्थाको दृष्टिकोणबाट दक्षिण एशियाली राष्ट्रहरुमा श्रीलंका अग्रस्थानमा रहेको छ । यहाँ २८.१ प्रतिशत जनता सामाजिक सुरक्षाको दायरामा

समेटिएका छन । हाल त्यहाँ कर्मचारी संचय कोष, सरकारी कर्मचारी निवृत्तीभरण योजना, अनौपचारिक क्षेत्रका लागि स्वैच्छिक कार्यक्रम , अक्षमता तथा आश्रित वीमा, बेरोजगार योजना, गरिबका लागि समृद्धी योजना, अक्षमताको लागि नगद सहुलियत योजना सञ्चालनमा रहेका छन् । त्यसै गरी मालदिभ्समा सन् २००९ को प्रारम्भमा मालदिभ्सको संसदले निवत्तीभरण ऐन पारित गरेपछि रोजगारदाता कामदारको संयुक्त योगदानबाट निवृत्तीभरण कोष स्थापना भएको हो । यो सँगै यहाँ सामाजिक सुरक्षा अवधारणाको बिकास भएको हो । यस योजनामा रोजगारदाता र कामदारको संयुक्त योगदानबाट निवृत्तीभरण कोष स्थापना गरिएको छ र यसमा १६ बर्षदेखि ५९ बर्ष समूहका कामदार कर्मचारीहरु समेटिएका छन् । निवृत्तीभरण योजनाले समेटेका ६५ बर्ष भन्दा बढी उमेरका जेष्ठ नागरिकलाई २ हजार मालदिम्भसको मुद्रा सामाजिक निवृतीभरणको रुपमा प्रदान गर्ने व्यवस्था छ ।

उपरोक्त दक्षिण एशियाली मूलुकहरुमा जस्तै नेपालको वित्तीय क्षेत्रमा अग्रणी भूमिका खेल्दै आएको नागरिक लगानी कोषले आर्थिक विकासका लागि सर्वसाधारण जनतालाई बचत गर्न प्रोत्साहित गरी पुँजी वृद्धिको माध्यमबाट लगानीका अवसर बढाउँदै सामाजिक सुरक्षण र पुँजीबजारको विकासमा महत्वपूर्ण योगदान पुर्‍याईरहेको छ । प्रारम्भिक चरणमा रु २ करोड ४० लाख अधिकृत पुँजीबाट कोषले आफ्नो सेवा सुरु गरेको थियो । समयसापेक्ष कोषको कार्यक्षेत्र विस्तार हुँदै गए पछि स्थापना कालको स्वपुँजीको आकार सानो भयो भनी आर्थिक बर्ष २०७३/७४ मा कोषले नेपाल सरकार सँग अनुरोध गरेपछि कोषको अधिकृत पूँजी रु. १ अर्ब ५० करोड बनाउन नेपाल सरकारले स्वीकृति प्रदान गरेको छ । वर्तमान अवस्थामा कुनै पनि हकप्रद सेयर नदिइकनै कोषको चुक्ता पुँजी रु. ९० करोड ३१ लाख पुगेको छ ।

दिगो आर्थिक विकासबिना मुलुकको राजनीतिक र सामाजिक परिवर्तन हुन नसक्ने हुँदा नागरिक लगानी कोषले दिगो आर्थिक विकासमार्फत आर्थिक वृद्धिद्धर उच्च बनाई स्वदेशमै अधिकतम रोजगारीका अवसर सिर्जना गर्ने र आर्थिक समृद्धिमा योगदान पुर्‍याउनेतर्फ अग्रसर भइरहेको छ । कोषको खुद संकलित रकम रु.१ खर्ब १७ अर्ब रुपैयाँ नाघिसकेको छ । प्रत्येक महिना कोषमा सहभागी हुने संख्याको वृद्धिसँगै कोषको संकलित रकम बढिरहेको हुँदा त्यस्तो रकमलाई उचित लगानी व्यवस्थापन गरी संस्था एवम् राज्यको विकासमा समेत ठोश योगदान पुर्‍याउन आवश्यक देखिएको छ । नागरिकको बचतलाई लगानीमा रुपान्तरण गरी त्यसको लाभ नागरिकलाई नै दिनेतर्फ कोषले आफुलाई अझ परिमार्जित गर्नु पर्ने खाँचो पनि आफ्नै ठाउँमा देखिएको छ ।

देशमा राष्ट्रिय बचत न्यून भएका बेला कोषले गर्ने बचतले महत्वपूर्ण भूमिका निर्वाह गर्ने गरेको छ । बचत नै लगानीको आधार हो । मुलतः कोषका ३ वटा पाटा छन् र ति पाटाहरुमा बचत संकलन, पुँजी बजार सेवा र लगानी व्यवस्थापन रहेका छन् । अहिलेको अवस्थामा बचत संकलनमा कुनै समस्या देखिदैन । बचत संकलनको लागि कोषले अरु नयाँ कार्यक्रमको परिकल्पना समेत गर्न सक्छ । कोषसँग पुँजी संकलनलाई व्यापक बनाउन सक्ने क्षमता र सम्भावना पनि छ । कोषले बचत संकलनलाई यो भन्दा पनि अझ व्यापक रूपमा विस्तार गर्न सक्छ । यसमा बचतमात्र वृद्धि भएर मात्र पुग्दैन । परन्तु बचतको प्रभावकारी लगानी पनि गर्नुपर्दछ । नीतिगत, कानुनी र संस्थागत औजार प्रयोग गरेर कोषको लगानी व्यवस्थापन गर्दै अघि बढेमा कोष प्रति आम नागरिकको विश्वास अरु बढ्ने छ । अवकाश कोषको अवधारणालाई सरकारले पनि उच्च प्राथामिकता दिई यसमा सहभागी गराउन उत्प्रेरित गर्नुपर्दछ । अवकाश पछिको जीवनलाई सुरक्षित, सरल र जवाफदेही गराउनुपर्ने कुरा सबै सरोकार पक्षले आत्मसाथ गर्नुपर्दछ ।


## नागरिक लगानी कोषद्वारा संचालित कार्यक्रममा सहभागी भई भविष्यलाई सुरक्षित बनाऔं

- कोषको प्रत्येक सहभागीलाई वार्षिक ९.५ प्रतिशत ब्याजदरमा घर/जग्गा धितो राखी घर मर्मत गर्न, फ्ल्याट्/ घर खरिद गर्न, घरको तला थप्न र नयाँ घर निर्माण गर्नको लागि कोषले तोकेको नगरपालिकाको बजार क्षेत्रमा बढिमा रु ४० लाख सम्म कर्जा दिन सकिने ।
- कर्मचारी वचत वृद्धि स्वीकृत अवकाश कोषमा सहभागी बचत कर्ताको दुर्घटनावस मृत्यु भएमा १ लाख सम्मको दुर्घटना बीमाको ब्यवस्था भएको ।
- कोषका सहभागीहरुलाई घरायसी, भैपरी आउने कामको लागि घर /जग्गा धितो राखेर सरल कर्जाको रुपमा सहभागीको आर्थिक, सामाजिक, साँस्कृतिक र पारिवारिक प्रकृतिका कार्यका लागि २० लाख रुपैया सम्म वार्षिक १०.०० प्रतिशत ब्याजमा लिन पाइने ।
- वचत गरेको २ आ.ब पछि वचत रकमको ८० प्रतिशत सापटी लिन पाइने ।
- आयकर ऐन २०५८ अनुसार छुट सुविधा पाइने ।



**नागरिक लगानी कोष**
नयाँबानेश्वर, काठमाडौं ।
पोष्ट बक्स नं. ५८२३
फोनः ०१-४७८५३१९, ०१-४७८५३२५,
फ्याक्सः ०१-४७८४९४५
ई-मेलः info@nlk.org.np वेभसाइटः www.nlk.org.np

# नागरिक लगानी कोष शाखा कार्यालय पोखरा : संक्षिप्त परिचय



भरत राज श्रेष्ठ
उपव्यवस्थापक

**पृष्ठभूमि**

"नागरिक लगानी कोष" भन्ने शव्दले नै यो कोष मुलुकभरका नागरिकले सञ्चय तथा लगानी गर्न बनाइएको र उनीहरुकै हितको निम्ति स्थापना गरिएको कोष होला भन्ने कुराको सहज अनुमान गरेको पाईन्छ। 'नागरिक' र 'नागरिक लगानी कोष'को अन्तरसम्बन्ध नङ् र मासु जस्तै अन्योन्याश्रित छ । जसरी नागरिक शव्दसँगै कोषको नाम गाँसिएको छ, त्यसैगरी कोषसँग नागरिकको नाम पनि । देशको आर्थिक विकासको लागि सर्वसाधारण जनतालाई समेत पूँजीको बचत गर्न प्रोत्साहित गरी लगानीका विभिन्न अवसरहरु बढाउने तथा पुँजीबजारको बिकासमा गतिशीलता ल्याउने उद्देश्यले नागरिक लगानी कोष ऐन, २०४७ अनुरुप कोषको स्थापना भई २०४८ माघदेखि कार्य संचालन गर्दैआएको कोषले आफ्नो प्रथम शाखाको श्रीगणेश पोखराबाट गरेको छ। २०७१ साल फाल्गुण १ गते पोखरा शाखा कार्यालयको स्थापना भएको र मिति २०७१ भाद्र ६ गते तत्कालीन अर्थमन्त्री डा.रामशरण महतबाट शाखाको समुद्घाटन गरी सेवा विस्तारको प्रारम्भ गरिएको थियो। प्रारम्भिक चरणमा कोषले फ्याक्सको माध्यम र त्यसपछि अप्टीकल फाइबर नेटवर्क कनेक्टीभिटीको कार्य सम्पन्न भएपश्चात् अनलाईन सेवामार्फत कर्मचारी वचत बृद्धि अवकाश कोष अन्तर्गत ८० प्रतिशत ऋण सापटीसम्बन्धी काम कारबाही लगायत अवकाश कोष तथा बीमा कोषहरुको समेत हरहिसाब विवरण (स्टेटमेन्ट) प्रदेश नं.४ अन्तर्गतका ग्राहकहरुलाई वितरण गर्दै सहभागीहरुको हिसाबकिताब चुस्त र दुरुस्त पार्ने कार्यलाई शाखा कार्यालयले निरन्तरता दिएको छ। कोषको पहिलो शाखा कार्यालय पोखराको पहिलो ब्रान्च म्यानेजरकै रुपमा ३ वर्ष शाखाको स्थापना एवं कार्य सञ्चालन पश्चातको अनुभब बटुल्दै यो पंतिकारले "कोष बुलेटिन"मा उक्त शाखाको समिक्षा गर्ने प्रयास गरेको छ।

**शाखा बिस्तारको समिक्षा :**

स-साना बचतकर्ताहरुलाई एकांक तथा सामुहिक बचत योजनाजस्ता बचत कार्यक्रमहरु संचालन गरी यसबाट संकलित बचत रकमलाई पूँजीबजारतर्फ प्रवाहित गरी त्यसबाट प्राप्त प्रतिफलमध्ये अधिकांश प्रतिफल रकम सहभागी लगानीकर्ताहरुलाई नै वितरण गरी एउटा Investment Trust को हैसियतबाट सेवा उपलब्ध गराई बचतकर्ताहरुलाई बचत गर्न अरु प्रोत्साहित गर्दै बचत कार्यक्रमहरु संचालन गर्ने कोषको प्रमुख उद्देश्यलाई दृष्टिगत गरी शाखा विस्तारको सुरुवात सुन्दर पर्यटकीय नगरी पोखराबाट भयो । प्रारम्भीक चरणमा शाखा विस्तारको काम कारवाही चुनौतिपूर्ण नै रहेको थियो । कोषको एकिकृत वेभबेस्ड सूचना प्रणाली समयसापेक्ष हुन नसक्दा सेवा उपलब्ध गराउन झनै अप्ठेरो थियो भने भौतिक संरचनामा पूर्णता प्रदान गर्न शाखामा खटाई पठाइएका एक्लो शाखा प्रमुखलाई फलामको च्यूरा चपाउनुसरह थियो। तत्कालीन महाभूकम्पको त्रासदीपूर्ण परिस्थितिमा पोखरा शाखा कार्यालयमा सुरक्षित व्याकअप सिष्टमको विकास गरी डिजास्टर्ड रिकोभरी प्लान बनाउने योजनानुरुप सर्भर सेटअप तथा नेटवर्किंग कार्य र पावरसप्लाई सिष्टम समेत जडान गरी पूर्णता प्रदान गरिसकेको अवस्थामा केन्द्रिय कार्यालय काठमाण्डौमा दुर्भाग्यवस सर्भर-क्र्यास भैदिंदा पोखरा शाखामा जडान (mount) गरिएको सर्भर पुनः dismount गरी केन्द्रीय कार्यालय काठमाण्डौमा फिर्ता पठाउनु परेको थियो । तत्पश्चात् उक्त सर्भरलाई केन्द्रीय कार्यालयमा डाटाबेस सर्भर मानी पोखरा शाखा कार्यालयको सबै कम्प्यूटर वर्कस्टेशनहरुलाई क्लाईन्टको रुपमा संचालनमा ल्याएर सिमित जनशक्तिबाट सेवाहरु प्रदान गरिएको छ।

**नागरिक लगानी कोष शाखाका कार्यालय पोखरा**

२०७२ भाद्र ६ गते कार्यालयको समुद्घाटन सुसम्पन्न भएपछि पोखरा शाखालाई जनसम्पर्कको रुपमा कार्य अगाडी बढाइएको थियो भने २०७२ पौष २८ गते पोखराको न्यूरोडस्थित जनता बैंक लि. र पृथ्वीचौक नयांबजारस्थित कृषि विकास बैंक मुख्य शाखा कार्यालयबाट कोषको विधिवत खाता खोली फ्याक्सको माध्यम अवलम्वन गर्दै कर्मचारी वचत बृद्धि अवकास कोष अन्तर्गतका ग्राहकहरुलाई ८०% ऋण सापटी सेवा दिन प्रारम्भ गरिएको थियो । यसै क्रममा राजिनामा दिएका र अवकाश प्राप्त सहभागीहरुले पनि यसै शाखा कार्यालयबाट अन्तिम भुक्तानी लिने तथा कोषले प्रदान गर्ने अन्य सबै किसिमका सेवाहरु उपलब्ध हुने आशाले यस क्षेत्रका ग्राहकहरु कार्यालयमा आउने क्रम जारी रह्यो। कोषको कार्यालयमा आउने सहभागीहरुलाई शाखा कार्यालयबाट सुसम्पन्न हुनसक्ने काम कारबाही सम्बन्धी जानकारी दिंदै तत्कालिन पश्चिमाान्चल क्षेत्रीय कार्यालय र जिल्ला प्रशासन कार्यालयले हरेक महिना ४ गते र ५ गते हुने कार्यालय प्रमुखहरुको बैठक तथा अन्य सरकारी निकायका कार्यालयहरुले आयोजना गर्ने सभाहरुमा उपस्थितिको लागि आमन्त्रण गरिएको स्थान, मिति र समयमा समेत पोखरा शाखाका कार्यालय प्रमुखको हैसियतले स्वयम् उपस्थित भई कोषको गतिविधि अवगत गराउने कार्यमा निरन्तरता प्रदान गरियो। २०७३ पुस २८ गते नागरिक लगानी कोषको मोबाईल एप्सको विधिवत कार्य संचालन पनि पोखरा शाखाबाटै गर्ने निर्णय भई शाखा कार्यालयको प्राङ्गनबाट मोबाईलएप्स समेत लन्च भएपछि कोषको यस पहिलो शाखाबाट प्रदान गरिने सेवाहरुको प्रचार-प्रसारमा थप टेवा पुगेको थियो।

**शाखा कार्यालय पोखराबाट प्रवाह हुने सेवा सुविधा :**

नागरिक लगानी कोष नेपालको सरकारी, निजी र सार्वजनिक क्षेत्रको कर्मचारीहरुको लागि मुलुककै एउटा हितकारी वित्तीय संस्थाकै रुपमा परिभाषित भएको छ। वर्तमान अवस्थामा रु.१ खर्ब ११ अर्ब फण्ड वचत परिचालन गरिरहेको कोषको प्रणालीभित्र निजामती, जंगी, प्रहरी, शिक्षक, सार्वजनिक संस्थान तथा निजी क्षेत्रका कामदार तथा कर्मचारी समेत गरी ६ लाख ४० हजारभन्दा बढी सहभागी संचयकताहरु आबध्द रहेका छन् । मुलुकभर छरिएर रहेका आफ्ना सहभागीहरुलाई प्रादेशिक रुपमा भए पनि सेवा उपलब्ध गराउने अभिप्रायले कोषले शाखा विस्तारको प्रारम्भ पर्यटकीय नगरी पोखराबाट गरयो । कोषबाट आफ्ना सहभागीहरुलाई केन्द्रबाट उपलब्ध

हुने सेवा सुविधा पश्चिमाञ्चलमा पनि उपलब्ध गराउने सद्भावपूर्ण उद्देश्य लिएको पोखरा शाखाको कार्यक्षेत्र गण्डकी र धौलागिरी अञ्चलमा रहेका हाल प्रदेश नं.४ अन्तर्गतका ११ जिल्लाहरु कास्की, बाग्लुङ, गोरखा, तनहुँ, स्याङजा, लमजुङ, मनाङ, मुस्ताङ, म्याग्दी, पर्वत र नवलपुर हुन् तापनि अन्य छिमेकी जिल्लाहरु गुल्मी, पाल्पा, चितवन, परासी, रुपन्देही, कपिलबस्तु, अर्घाखाँची लगायत मुलुकका अरु जिल्लाहरुबाट पोखरा आएका सहभागीहरुलाई शाखा कार्यालय पोखराले अनलाइन सेवामार्फत कर्मचारी वचत बृध्दि कार्यक्रम अन्तर्गत ८०% सहभागी सापटी सेवा सुविधाहरु प्रदान गर्दै आएको छ। कोषको आफ्नै भवन नभएकोले हाल पोखरा लेखनाथ महानगरपालिका वडा नं.९ पृथ्वीचौक नयाँबजारमा अवस्थित कृषि विकास बैंक मुख्य शाखा कार्यालय पोखराको भाडाको भवनमा आफ्नो कार्यालय राखी सोही स्थानबाट सेवा प्रदान गरिरहेको छ।

यस शाखा कार्यालयबाट सहभागीहरुलाई सेवाकालीन वित्तीय आवश्यकता पूरा गर्नका लागि ८० प्रतिशत सहभागी सापटी भुक्तानी, कोषले संचालनमा ल्याइरहेका विभिन्न कार्यक्रमहरुको परिचयपत्रको व्यवस्थापन, बीमा कोष र अवकाश कोष तथा सापटी कट्टीको फाँटवारी संकलन र भौचर पास, सहभागीहरुलाई ई-सेवा, खाता शुध्दीकरण तथा एकीकरण, सहभागी संचयकर्ता विस्तार गर्ने उदेश्य अनुरुप नयाँ परिचयपत्र वितरण तथा समर्थन, नागरिक लगानी कोष अभिमुखीकरण कार्यक्रम संचालन, कोषका गतिविधिहरुको प्रचार प्रसार तथा सहभागीहरुलाई परेका समस्याहरुको समाधान गर्ने लगायत कोषसंग सहभागी संचयकर्ताहरु तथा कोष कट्टी गर्दै आइरहेका सम्वन्धित कार्यालयहरुसंगको सम्बन्ध सुमधुर बनाउने तथा नियमित र प्रभावकारी सूचना प्रवाह गर्ने जस्ता सचेतना प्रवर्ध्दनका कार्यहरु गरी प्रदेश नं.४ मा कोषको छवि सहभागीमैत्री बनाएको छ तथा यस शाखा कार्यालयले गुनासोरहित ग्राहक सेवा भन्ने प्रतिवध्दता अनुरुप सेवा प्रवाह गर्दै आएको छ। पोखरा शाखाबाट प्रवाह हुने सेवा सुविधाको विवरण निम्नानुसार छन् :

- बैक जम्मा भौचर र मासिक फाँटवारी संकलन
- अवकाश कोषको परिचयपत्र र परिचयपत्र नम्बर प्रदान
- अवकाश र बीमा कोषकट्टी रकम जम्मा गर्न स्वीकृति प्रदान
- अवकाश कोषकट्टी जम्मा रकाको स्टेटमेन्ट वितरण
- अवकाश कोष सहभागी सापटीको स्टेटमेन्ट वितरण
- बीमा कोषकट्टी जम्मा रकमको स्टेटमेन्ट वितरण
- खाता एकीकरण, रुजु एवं रिकन्सिलेशन
- ई-सर्भिस तथा एस.एम.एस.सेवा
- अवकाश कोष अन्तर्गत ८० प्रतिशत सहभागी सापटी भुक्तानी
- २०७५ फाल्गुण १५ गतेदेखि अवकाश कोषकट्टी रकमको अन्तिम भुक्तानी।

**शाखा संचालनमा भैरहेको व्यवस्था** :

**(क) सेवामा जनशक्ति**

पोखरा शाखा संचालनको लागि स्थायी र वाह्य जनशक्ति करारको रुपमा १।१ जना कार्यालय सहायक, पियन, सवारी चालक र रक्षक समेत गरी कूल जम्मा ८ जना कार्यरत रहेका छन्। प्रत्यक्ष रुपमा कार्यरत निम्नानुसार स्थायी कर्मचारीहरु छन् :

| | | |
|---|---|---|
| १. | शाखा प्रमुख (नवौं तह) - | १ |
| २. | सहायक अधिकृत (छैठौं तह) - | १ |
| ३. | वरिष्ठ सहायक (पांचौ तह) - | १ |
| ४. | सहायक (चौथो तह) - | १ |
| | **जम्मा** : | ४ **जना** |

उपरोक्त कर्मचारीहरुबाट कोषले संचालनमा ल्याइरहेका कर्मचारी वचत वृद्धि अवकाश कोष, निजामति बीमा कोष, शिक्षक बीमा कोष, उपदान कोष र अवकाश कोष सहभागी ऋण सापटीसंग सम्वन्धित विविध कृयाकलापमा आधारित कार्य र पूंजीबजार सेवा अन्तर्गत शेयर निष्काशन तथा बिक्री प्रवन्धमा शेयर दरखास्त वितरण तथा संकलन केन्द्रको रुपमा समेत कार्य गरेको छ। साथै यही २०७५ फाल्गुण १५ गतेदेखि क.व.बृ.अवकाश कोष अन्तर्गतका राजिनामा, अवकाश एवं मृत्युबाट हुने अन्तिम भुक्तानी समेत गरिरहेको छ। शाखा कार्यालय संचालनको लागि हालसम्म कार्यविधिको अन्तिम रुप प्रदान नगरिएको अवस्थामा पनि केन्द्रीय कार्यालयबाट शाखा कार्यालयलाई प्रदान गरिएका उपरोक्त जिम्मेवारी र कामकाजहरु सम्पन्न हुंदै आएको छ।

**(ख) भौतिक सुविधाहरु** :

पोखरामा कोषको आफ्नै भवन नभएको हुनाले पृथ्वीचौक नयांबजारस्थित कृषि विकास बैंक लि.को मुख्य शाखा कार्यालय भवन रहेको उत्तरतर्फको भूंईतल्लामा कोषको शाखा कार्यालय प्रयोजनको निम्ति भाडामा लिइएको छ। आ.व.२०७३।७४ को प्रारम्भमा कोषले कृषि विकास बैंकसंग सम्झौता सम्पन्न गरी शाखा प्रमुख बस्ने आवास एवं अथिति रहने क्वाटर व्यवस्थाको लागि उक्त बैंककै दुई तल्ले आवास भाडामा लिएको छ। कोषको सवारी साधनको हकमा एउटा जीप र मोटरसाइकल प्रयोगमा ल्याईएको छ भने कम्प्यूटर र सोसम्बन्धी उपकरणहरुमा डेस्कटप कम्प्यूटर ५ सेट, लेजर तथा डटम्याट्रिक्स प्रिन्टरहरु ४ वटा, एउटा फ्याक्स मेशिनको साथै ५के.भि.ए.क्षमताको यु.पी.स.उपलब्ध छन्।

**शाखा कार्यालय पोखराको स्थापनापश्चात कार्य प्रगति विवरण** :

प्रारम्भीक चरणमा शाखा कार्यालयको सम्पूर्ण काम कारबाही एकजना शाखा प्रमुखले मात्र गर्नुपर्ने अवस्था वास्तवमा साह्रै नै चुनौतिपूर्ण रह्यो। शाखाको भौतिक संरचना तथा सेटअपहरु मिलाउन र शाखा प्रमुख बस्ने आवास एवं अथिति रहने स्थानको टुंगो नै नहुंदा यस शाखा कार्यालयका दैनिक कार्य साह्रै कष्टपूर्ण रह्यो। मूलतः नागरिक लगानी कोषको शाखा संचालन कार्यविधिलाई नै मूर्तरुप दिन नसकेको कारणले नयां खोलिएको शाखा कार्यालयको काम कारबाहीमा जटिलता आउनु स्वभाविक नै हो। यसको बाबजूद पनि शाखा कार्यालयका कर्मचारीहरुले पहिलो शाखा भएको र यसमा विस्तारै सुधार हुने आशा र अभिलाषा राख्दै नागरिक लगानी कोष र यस कोषले संचालनमा ल्याएका हरेक कार्यक्रम, योजना तथा आयोजनाबारे यस क्षेत्रका ग्राहकहरुलाई जानकारी गराउने कार्यमा निरन्तरता दिंदै कर्मचारी वचत बृद्धि स्वीकृत अवकाश कोष योजना अन्तर्गतका सहभागी संचयकर्ताहरुको ८०% ऋण सापटी उपलब्ध गराउने, मासिक कोष कट्टीको फांटवारी बैक जम्मा रकमको भौचर बुझ्ने, नयां सहभागी हुन चाहनेहरुलाई परिचयपत्र वितरण गर्ने र नयां क्लाईन्ट रजिष्टर गर्ने, कार्यालयगत रुपमा एवं ग्राहक स्वयंले कार्यालयमा सम्पर्क राखेको अवस्थामा सहभागी संचयकर्तालाई स्टेटमेन्ट प्रिन्ट गरी उपलब्ध गराउने, सहभागीको स्टेटमेन्टमा उल्लेख भएको हिसाब विवरणउपर उजुरी परे केन्द्रीय कार्यालय काठमाण्डौमा सम्पर्क राखी रिकन्सिलेशन कार्य सम्पन्न गर्ने, आफ्नो हिसाबकिताबको आवश्यक डकुमेन्ट यस शाखामा पेशगर्ने सहभागीहरुलाई सोहीअनुसार काम कारबाही गरी रुजु, अपडेट, दोहोरो खाता मर्ज, डाटाईन्ट्री कार्य एवं ८०%



सहभागी सापटी लिने ग्राहकहरुलाई पनि ऋण लिएको स्टेटमेन्ट उपलब्ध गराउने र ऋण तिर्न चाहनेहरुलाई तिर्नुपर्ने हिसाब विवरण सहितको स्टेटमेन्ट विवरण समेत उपलब्ध गराउने कार्यहरु सम्पन्न गरयो ।

पोखरा शाखा कार्यालयमा फ्याक्स जडान भएपछि २०७२ पौष २८ गतेबाट अवकाश कोष अन्तर्गतका सहभागीहरुलाई ८०% ऋण सापटीसम्बन्धी सेवा दिन प्रारम्भ गरियो । आ.व.२०७२।७३ को ६ महिनाको अवधिमा अर्थात् २०७३ आषाढ मसान्ततक यस कार्यक्रम अन्तर्गत ३५१ जनाले जम्मा रकम रु.७ करोड ५१ लाख २२ हजार ६ सय रकम ऋण सापटी दिइएको थियो । यसैगरी आ.व.२०७३।७४ मा १०७४ जनाले जम्मा रकम रु.२४ करोड ५३ लाख ५४ हजार ८ सय रकम ऋण सापटी दिइएको थियो भने आ.व.२०७४।७५ मा १४०४ जनाले जम्मा रकम रु.२९ करोड ३४ लाख ४२ हजार ७ सय रकम ऋण सापटी दिइएको थियो । पोखरा शाखाले जानकारी गराएअनुसार चालू आ.व.२०७५।७६ को फाल्गुण १५ गते यो रिपोर्ट तयार पार्दासम्मको आँकडा अनुसार ८४० जनालाई जम्मा रकम रु.१७ करोड ७३ लाख ५५ हजार बराबरको रकम ऋण सापटी भुक्तानी गरिएको छ। यसरी सेवा संचालनमा ल्याएपछि शाखाको स्थापनाकालदेखि हालसम्म जम्मा ३६६९ जनाले जम्मा रकम रु.७९ करोड १२ लाख ७५ हजार १ सय बराबरको रकम सहभागी ऋण सापटी प्रदान गरिसकेको छ भने यस शाखामा आई आफूले कोषबाट लिएको सापटी आंशिक वा पूरै चुक्ता गर्ने सहभागीहरुको संख्यामा पनि क्रमश: बृध्दि हुँदै गएको छ। यसैगरी कर्मचारी वचत बृद्धि कार्यक्रममा नयां सहभागी हुनेहरु २२५०जना थप भएका छन् र आगामी वर्षहरुमा सहभागीहुनेहरुको संख्यामा बृद्धि हुने नै छ।

अवकाश कोष सहभागी सापटीको प्रारम्भसंगै कोषमा संचालित विविध बीमा कोष योजनाहरु विशेष गरी "निजामती सेवा सावधिक जीवन बीमा कोष" र "सामुदायिक विद्यालयका शिक्षकहरुको सावधिक जीवन बीमा कोष" कार्यक्रमहरुको पनि कर्मचारी वचत बृद्धि अवकाश कोषको जस्तै उल्लेखित काम कारबाहीहरु-Collections, Statement & Balance Print, Edit & Update, Reconsilations, New ID-card distribution & New Client Registrations etc.) सम्पन्न भए । यसको साथै कोषमा संचालित अन्य कार्यक्रमहरु जस्तै प्रहरी बीमा, सैनिक बीमा र उपदान कोष योजनाका सहभागीहरुलाई कोषमा सम्पर्क राखेको अवस्थामा नयां परिचयपत्र उपलब्ध गराइदिने र हिसाब मिलान गरिदिन केन्द्रिय कार्यालय काठमाण्डौमा सम्पर्क राखी समस्या समाधान गर्ने कार्यहरु भए।

पूंजीबजार सेवातर्फ यस शाखा कार्यालयले "जलविद्युत लगानी तथा विकास कम्पनी लि." र "नेपाल इन्भेष्टमेण्ट कम्पनी लि."को शेयर निष्काशन तथा बिक्री प्रवन्ध सम्बन्धी कार्यहरु अन्तर्गत कलेक्शन सेन्टरको रुपमा उक्त कम्पनीहरुको शेयर दरखास्त फाराम वितरण तथा कलेक्शन गर्ने, शेयर बांडफांड पश्चात प्राप्त बैंक चेक-पेअर्डर र शेयर प्रमाणपत्रहरु वितरण गर्ने, पोखरामा शेयर दरखास्त फाराम कलेक्शन सेन्टरको रुपमा तोकिएका बैंक तथा वित्तीय संस्थाहरुसंग समन्वय राखी शेयर हिसाबको रिकन्सीलेशन गर्ने र शाखा कार्यालयमा बुझिलिएका शेयर डकुमेन्टहरु कोषको केन्द्रिय कार्यालयमा पठाउने कार्यमा पनि यस शाखा कृयाशील रह्यो । पोखरामा कोषको प्रथम शाखा स्थापना भएपछि शाखा कार्यालयबाट सहभागी ऋण सापटी सेवा पुरयाउन सकेको हुंदा यस क्षेत्रका सहभागीहरुले सहजताको अनुभव गरेका छन् । सहभागी सापटीको लागि अब राजधानीसम्म धाइराख्न नपर्ने र शाखाको छिटोछरितो कार्य सम्पादनप्रति सही मूल्यांकन गर्दै उनीहरुले आफ्नो सन्तुष्टी पनि व्यक्त गरेका छन्, जसबाट आफ्नो सुविधाको प्रवाह नगरी सेवारत यस शाखाका कर्मचारीहरुलाई थप हौसला मिलेको यहां उल्लेख गर्न सान्दर्भिक नै ठर्हछ।

माथि उल्लेख भए गरेका सम्पूर्ण काम कारबाहीको दौरानमा शाखा कार्यालयमा संकलित डकुमेन्टहरु केन्द्रीय कार्यालयमा पुरयाउन महिनाको अन्तिम हप्तामा सहायकस्तरका एकजना कर्मचारीलाई केन्द्रीय कार्यालयमा का.ज.पठाई हरहिसाब चुस्त दुरुस्त पार्ने कार्यमा पनि निरन्तरता दिईएको छ । कोषका सहभागीले आफूले जम्मा गरेको स्टेटमेण्ट अनुरुप बिदेशी मुद्राबाट रकम प्रमाणित व्यालेन्स सर्टिफिकेट माग गरेमा उनीहरुलाई व्यालेन्स प्रमाणपत्र पनि यस शाखा कार्यालयबाट उपलब्ध गराउने व्यवस्था गरिएको छ। ग्राहकहरुको फांटवारी बुझिलिई शाखाबाटै कम्प्यूटरमा डाटा प्रबिष्टी गर्ने कार्य समेत गरिएको छ र सहभागीहरुको ८०% ऋण सापटी लिएर ऋण तिर्नेहरुको हकमा कोषको खाता रहेको सम्बन्धित बैंकहरुमा दाखिला गरी आएको भौचर प्रमाणितको आधारमा सम्बन्धित सहभागीको खातामा न्यूनिकरण समेत गरी हिसाबमिलान गरिदिने व्यवस्था गरिएको छ । कोषको नयां सहभागी हुन चाहनेलाई परिचयपत्र वितरण गर्ने र संकलन भएका नयां परिचयपत्रको डाटाईण्ट्री गरिदिने तथा दुईवटा नम्बरको परिचयपत्र बनेर दोहोरो-खाता भएकाहरुलाई एउटै नम्बर कायम गरी खाता एकीकरण गर्ने कार्य पनि भैरहेको छ।

**शाखा संचालनमा देखिएका सवालहरु, चुनौति र सामना गर्नु परेका समस्याहरु :**

० कोषले सर्वप्रथम पोखरा र त्यसपछि

बिराटनगरमा आफ्नो शाखा कार्यालयहरु स्थापना गरिसकेको छ तापनि हालसम्म शाखा संचालन कार्यविधि लागू हुन नसक्नु नै प्रमुख समस्याको विषय हो। शाखामा सरुवा भई खटिएका कर्मचारीहरुको सेवा सुविधाको मापदण्ड निर्धारणबाट नै उनीहरु उच्च मनोबलका साथ सेवामा समर्पित रहने छन्।

- कोषका क्रियाकलापलाई समयसापेक्ष paperless work मा परिवर्तन र परिमार्जन गर्दै जाने नीतिअनुरुप विकास गरिएको ई-सर्भिस सेवा एवं मोबाइलएप्स संचालनले पनि महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने कुरालाई जोड दिंदै पोखरा शाखाबाट ग्राहकहरुलाई तत्सम्बन्धी सेवा उपलब्ध गराउन मोबाइलएप्स सफ्टवयेर लन्च गरिएको कुरा सार्वजनिक भएपछि तत्सम्बन्धी जानकारीका लागि कोषमा ग्राहकवर्गको बाक्लो उपस्थिति रह्यो। उनीहरुको चाहनाअनुसार ई-सर्भिस सेवामा सूचना अद्यावधिक नभएको साथै मोबाइलएप्सको सेवा पनि यथासमयमा प्राप्त हुन नसकेको र कोषको शाखाबाट तत्काल ती समस्या समाधान हुन नसक्ने हुंदा उक्त सेवाबारे प्रचार-प्रसार समेत भैसकेको सन्दर्भमा ग्राहकवर्गबाट पोखेका असन्तुष्टि बारम्बार सुन्नुपरेको छ।
- यसैगरी समय समयमा शाखा कार्यालयलाई पूर्वसूचना बिना केन्द्रीय कार्यालयमा रहेको सर्भर डाउन गरिदिंदा ग्राहकहरुलाई दिइरहेको सेवा एक्कासी अवरुद्ध हुंदाको क्षणमा अन्यौलता छाउने र त्यस्तो परिस्थितिमा उनीहरुबाट असन्तुष्टी व्यक्त हुने गरेको छ। कोषले संचालनमा ल्याएका कार्यक्रमहरु शाखा कार्यालयबाट किन संचालनमा नल्याएको र अब पूर्णरुपमा संचालनमा ल्याउन कति समयावधि लाग्ने भन्ने प्रश्न एकातिर छ भने कोषको सबै कृयाकलापलाई शाखा कार्यालयबाट व्यवस्थापन र संचालन गर्न सोही अनुरुपको संरचना, जनशक्ति, भौतिक स्रोत साधनको प्रवन्ध समयमै मिलाउन बांकी नै छ।
- कोषको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरु बीचको समन्वय साह्रै न्यून रहेको छ। शाखा कार्यालयसंग सम्बन्धित निर्णयहरु र अन्य आवश्यक सूचनाबाट शाखा कार्यालय टाढा रहन परेको छ। कोषका कृयाकलापसंग सम्बन्धित कतिपय कुराहरु संचारमाध्यम, इन्टरनेट तथा पत्रपत्रिका मार्फत मात्र जानकारी हुने हुँदा नियमित कार्यालयका काम कारबाहीसंग सम्बन्धित निर्णय हुनुपर्ने विषय र सवालहरुमा केन्द्रीय कार्यालयबाट निर्देशित सहयोगको अपेक्षा गरिएको छ।
- कोषले शाखा कार्यालयबाट भविष्यमा शुरु गर्न लागेका आवास कर्जा, शैक्षिक कर्जा र सरल कर्जासम्बन्धी कार्यहरु पनि हाम्रो परिप्रेक्ष्यमा नौला छन्। यो क्षेत्रमा कार्य संचालन कसरी गर्ने भन्ने सन्दर्भमा शाखामा कार्यरत कर्मचारीलाई तालिमयुक्त बनाई पूर्ण रुपमा दक्ष गराउन पर्ने भएको छ। यस्ता सेवाहरुको विस्तार र विविधिकरण गर्ने लक्ष्यलाई सफल तुल्याउन शाखामा खटिएका सबै कर्मचारीहरुलाई अध्ययन र तालिमको अवसरहरु प्रदान गर्नुपर्ने भएको छ।
- शाखा कार्यालयमा आन्तरिक लेखापरीक्षण अर्धवार्षिक रुपमा नियमित हुन सकेमा प्रत्येक आ.व. अनुसारका हरहिसाब र लेखा चुस्त दुरुस्त राख्न एवं बेलाबखतमा हुने सम्भावित प्रशासनीक कमी कमजोरी भएमा सुधार गर्न मार्गनिर्देशको हुनेछ।
- शाखा कार्यालयको काम कारबाहीबारे कोषको सहभागी हुने कार्यालयहरुलाई जानकारी भैसकेको छ तापनि यहांबाट ग्राहकवर्गलाई दिन सकिने सेवाहरुको बारेमा थप जानकारी दिनको लागि समय समयमा कास्की जिल्लाभित्र मात्र हैन छिमेकी जिल्लाहरुमा समेत जाने व्यवस्थाको लागि कोष व्यवस्थापनले शाखाका प्रमुखलाई अधिकार प्रत्यायोजन गर्न जरुरी भएको छ।

**सुझावहरु तथा समस्या समाधानका उपायहरु :**

- कोषका शाखा कार्यालयबाट सम्पादन गरिने सेवा लगायत आर्थिक तथा प्रशासनिक कार्यहरुलाई व्यवस्थित र प्रभावकारी बनाउने तथा सहभागीलाई प्रदान गरिने सेवा सुविधामा स्तरीयता, प्रभावकारीता एवं एकरुपता ल्याउन शाखा कार्यालयहरुमा कार्य संचालन तथा व्यवस्थापन निर्देशिका लागू गर्ने।
- पोखरा शाखा कार्यालयमा सम्पूर्ण सूचना प्रणालीको भरपर्दो ब्याकअप सिष्टमको विकास गरी डिजास्टर्ड रिकोभरी प्लान बनाई कार्यान्वयन गर्ने र हाललाई यु.पि.एस.को क्षमतामा अभिबृद्धि गर्ने। सूचना प्रविधिमा विशेष गरी कोषको डाटावेश, एप्लिकेशन सफ्टवेयर, कम्प्यूटर नेटवर्क, इन्टरनेट तथा वेभसाइटसंग सम्बन्धित कम्तिमा एकजना प्राविधिक जनशक्ति आपूर्तिको व्यवस्था गर्ने।
- शाखा कार्यालयहरु र केन्द्रीय कार्यालयको समन्वयतर्फ कोषको दुबैतर्फका सूचना अधिकारीलाई जिम्मेवारी प्रदान गरी शाखा कार्यालयहरुमा देखापरेका समस्या समाधान गर्ने। सूचना प्रणालीसम्बन्धी केही समस्या आई कार्य संचालनमा बाधा पर्ने अवस्था आउने भएमा वा अचानक आएको खण्डमा शाखा कार्यालयलाई टेलिफोनद्धारा तुरुन्त जानकारी गराउने।
- शाखा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई आवश्यकतानुसार समयसापेक्ष तालिम, प्रशिक्षण, अध्ययन भ्रमण, वर्कसप एवं उपलब्धीमूलक सेमिनार र गोष्ठीहरुमा सहभागी गराउने।
- प्रत्येक आर्थिक वर्षको ६/६ महिनामा आन्तरिक लेखापरीक्षण गरी शाखा कार्यालयहरुको हरहिसाब अद्यावधिक गर्ने।
- शाखा कार्यालय संचालन तथा व्यवस्थापन निर्देशिकामा उल्लेखित संगठनात्मक संरचनानुसार कर्मचारी व्यवस्था भएबमोजिम गर्ने।
- शाखा कार्यालयको कारोबार बृद्धि हुंदै गएको सन्दर्भमा डकुमेन्ट फाइलहरु तथा अन्य कार्यालयका सरसामानहरु राख्न स्टोर रुम समेतको पनि व्यवस्था मिलाउन अति आवश्यक भएको छ। यसको लागि कोषले आवश्यक बजेट छुट्याई प्रकृया अगाडी बढाउनु पर्ने।

**निष्कर्ष :**

कोषबाट सञ्चालित विविध कार्यक्रमहरुमा वचतकर्ताहरुको अभिरुची बढ्दै गैरहेकोले यसको क्रियाकलाप दिन प्रतिदिन उत्शाहजनक रुपमा बृद्धि भएको छ। तथापी कोषको उद्देश्य परिपूर्तिमा राम्रो सफलता प्राप्त भैरहेको अनुभव गर्न थालिएको छ। बचतकर्ताहरुको नासोको रुपमा रहेको रकमलाई कोषले अधिकतम मात्रामा परिचालन गरी थप आर्थिक सुविधा र यथासम्भव सुलभ सेवा प्रदान गर्नतर्फ प्रयत्नशील रहेको छ तापनि कोषको बढ्दो क्रियाकलाप र वर्तमान चुनौतीलाई आत्मसाथ गर्न यसको सँरचनात्मक सुधारहरु गर्दै चुस्त

दुरुस्त बनाउँदै लग्नुपर्ने देखिन्छ । सबैभन्दा महत्वपूर्ण कुरा कोषका बिभिन्न योजना तथा कार्यक्रमहरुसँग सम्वन्धित सूचना प्रणालीलाई राम्ररी विश्लेषण गरी कोषको सर्वोपरी हितमा प्रयोग गर्ने अर्थात् सूचनाहरुलाई सही रुपमा व्यवस्थापन गर्ने र समयसापेक्ष तरिकाले अध्यावधिक पार्दै लैजाने चुनौतिपूर्ण कार्यमा कोष ज्यादै नै सम्वेदनशील हुनुपर्ने देखिएको छ।

नागरिक लगानी कोष वास्तवमा सूचना प्रणालीद्धारा नै निर्देशित भएको छ भन्नमा कुनै शँका मान्नु पर्दैन र यस सँस्थाको विकासमा यस प्रणालीले ज्यादै नै महत्वपूर्ण भूमिका निर्वाह गर्नु पर्नेछ। जति जति मात्रामा यो सँस्था वृहत् हुँदै गएको छ, त्यति त्यति मात्रामा यसको सूचना प्रणाली पनि जटिल हुँदै गएको छ र साथै आर्थिक क्रियाकलाप पनि सोही अनुसार वृहत् हुँदै गएको छ जस्को फलस्वरुप सूचनासँग सम्वन्धित अनगिन्ती समस्याहरु पनि थुप्रिँदै जाने सम्भावना पनि छ। कोषका सूचनाहरु सही भएमा नै व्यवस्थापनले तद्अनुरुप नीति एवं योजनातर्जुमा गर्न सक्छ साथै कोषको विकासमा समेत गरिमामय महत्व हुने हुँदा यसको कार्यान्वयनपक्ष पनि बढी व्यवहारिक हुने र कोषद्धारा समयमा नै आफ्नो लक्ष्य पूरा गर्न सक्ने व्यहोरा निश्चित छ। परन्तु शाखा संचालन कार्यविधि एवं एकिकृत वेभबेस्ड सूचना प्रणालीको व्यवस्थापन प्रवन्ध र सोही बमोजिम सम्पादन गर्नुपर्ने कामकारबाहीहरुलाई प्रभावकारी रुपमा अगाडी बढाउन संगठनात्मक ढांचाको विकास र उपयुक्त जनशक्तिको परिचालन हुन नसक्दा शाखा कार्यालयहरुले आफ्नै किसिमको अस्तित्वको लडाइँ लड्नु परिरहेको छ। तसर्थ माथि उल्लेख गरिएका समस्या एवं चुनौतीहरुलाई पहिचान गरी सो को समाधान गर्न कोषको उच्चव्यवस्थापन पक्षले समयमा नै उपयुक्त व्यवस्था मिलाउन सकेमा शाखाको स्थिति सुदृढ र सँस्थागत हुने तथा जिल्ला र प्रदेशहरुमा छरिएर रहेका सहभागीहरुप्रति कोषको सेवा उपलब्धीमूलक र सेवामूलक हुनेछ भन्ने कुरामा आशा गर्न सकिन्छ। अस्तु।

## CIT Mobile App प्रयोग गर्ने तरिका

**नागरिक लगानी कोषका कार्यक्रम** : **बचतबृद्धि स्वीकृत अवकाश कोष, निजामती कर्मचारी जीवन बीमा कोष, शिक्षक जीवन बीमा कोष, नेपाल प्रहरी जीवन बीमा कोष, नेपाली सेना जीवन बीमा कोष, सशस्त्र प्रहरी जीवन बीमा कोष, नार्क जीवन बीमा कोष अन्तर्गतका सहभागीहरुबाट कोषमा जम्मा भएको रकमको स्टेटमेन्ट र बचतबृद्धि स्वीकृत अवकाश कोष अन्तर्गतको ऋण सापटी तथा बचत भइरहेको रकमको स्टेटमेन्ट CIT Mobile App बाट हेर्न सकिन्छ ।**

**App डाउनलोड गर्ने तरिका** : **बचतबृद्धि स्वीकृत अवकाश कोष र बीमा कोषका सबै सहभागीहरुले कोषको उक्त सेवा लिनका लागि Android Operating System भएको मोबाइलका 'Play Store' मा गएर 'CIT Mobile App' खोज्ने र सो App लाई Download गर्नुपर्ने हुन्छ ।**

**प्रयोग कसरी गर्ने** :

**अनलाइन मोड** : **यदि तपाईको मोबाइलमा इन्टरनेटको सुविधा छ भने अनलाइन मोडको स्क्रीन देखिनेछ । त्यहाँ Register बटनमा गई आफ्नो नाम, मोबाइल नम्बर, आफू कार्यरत रहेको कार्यालयको नाम, बीमा कोष अन्तर्गतको बीमा परिचयपत्र नम्बर र यदि बीमा नभएका सहभागीहरुको हकमा अवकाश कोषमा ठिक (✓) लगाई कोषको परिचयपत्र नम्बर राखेर रजिष्टर गर्नुपर्दछ ।**

**एसएमएस मोड** : **यदि तपाईको मोबाइलमा इन्टरनेटको सुविधा छैन भने एसएमएस मोडको स्क्रीन देखिनेछ । त्यहाँ Register बटनमा गई आफ्नो नाम, मोबाइल नम्बर, आफू कार्यरत रहेको कार्यालयको नाम, बीमा कोष अन्तर्गतको बीमा परिचयपत्र नम्बर र यदि बीमा नभएका सहभागीहरुको हकमा अवकाश कोष अन्तर्गतको कोषको परिचयपत्र नम्बर राखेर रजिष्टर गरे पुग्छ ।**

**रजिष्टर गरे पश्चात कोषको तर्फबाट स्वीकृती प्रदान गरिनेछ र सहभागीको मोबाइलमा पिन कोड सहितको एसएमएस आउनेछ ।**

**तत्पश्चात अनलाइन मोडमा सहभागीले आफ्नो मोबाइल नम्बर र एसएमएसमा प्राप्त पिन कोड राखि Login गरी अवकाश कोषमा जम्मा भएको रकम र कोषबाट लिएको ऋण सापटीको स्टेटमेन्ट तथा बीमा कोषमा जम्मा भएको बीमा रकमको स्टेटमेन्ट हेर्न सकिनेछ ।**

**एसएमएस मोडमा सहभागीले सापटीको स्टेटमेन्ट, अवकाश कोष र बीमा कोषमा जम्मा भएको रकम हेर्न एसएमएसमा प्राप्त पिन कोड राखि सम्बन्धित Menu मा Click गरी Send गर्नुपर्नेछ ।**

**CIT Mobile App भन्दा अगाडीको SMS Service प्रयोगकर्ताले पुरानै पिन प्रयोग गरी CIT Mobile App Login गर्न पनि सक्नुहुनेछ । SMS सेवा NTC / Ncell का प्रयोगकर्ताहरुको लागि मात्र उपलब्ध छ । यो सूचना कोषको वेबसाइट www.nlk.org.np मा समेत हेर्न सकिन्छ । यो निशुल्क हो र कुनै Support चाहिएमा फोनः ०१-४७८५३२१/०१-४७८५३१९/०१-४७८५३२५ Ext. १६२ मा सम्पर्क राख्नु होला ।**

# ROLE OF CITIZEN INVESTMENT TRUST AS A STOCK DEALER



**Roshan Jung Karki**
Deputy Manager

A Capital market is a market for securities (debt or equity), where business enterprises (companies) and governments can raise long-term funds. The capital market includes the stock market (equity securities) and the bond market (debt). Business units and corporate are the borrowers in the capital market. Capital market involves various instruments which can be used for financial transactions. Capital market provides long term debt and equity finance for the government and the corporate sector. Capital market can be classified into primary and secondary markets. The primary market is a market for new shares, where as in the secondary market the existing securities are traded.

In financial services, a stock-dealer is a natural person, company or other organization that engages in the business of trading securities for its own account or on behalf of its customers. Stock dealers are at the heart of the securities and derivatives trading process. Although many Stock-dealers are "independent" firms solely involved in broker-dealer services, many others are business units or subsidiaries of commercial banks, investment banks or investment companies. When executing trades for its own account, the institution is said to be acting as a dealer. In addition to execution of securities transactions, stock-dealers are also the main sellers and distributors of mutual fund shares. Professional participant in securities market who carries out dealer activity shall be called dealer whose responsibilities is to announce the price, and other essential conditions of the buy-sell contract of securities like minimum and maximum number of securities subject to purchase and/or sale, as well as the term of announced price's validity. Dealers are large financial institutions that sell securities to end users and then hedge their risk by taking part and involving in the interdealer market. Inter dealers facilitate price discovery and execution between dealer. Performing a double role for clients, a dealer takes on both the responsibilities of a broker and a dealer. In their roles as dealers, a dealer will act on the behalf of the brokerage firm, initiating transactions that involve the firm's account. While functioning on behalf of the firm, the dealer will go about the usual business of buying and selling securities on behalf of the brokerage. This will involve all the usual aspects that are involved with creating transactions. The dealer engages in trades that involve both the buying and selling of various stocks, bond, and other securities. As in all types of financial transactions, the dealer will perform due diligence in investigating the background of an investment opportunity, making sure the investment is in the best interests of the firm, and seek to secure the investment as the best price possible. A professional dealer will make sure to keep the business transactions that are conducted on behalf of the firm, as well as those orders that are executed for a client, in the strictest confidence. Dealers also play a self-governing role, to ensure correct functioning of securities markets. They are regulated by the Financial Industry Regulatory Authority (FINRA), which is responsible for administering exams for investment professionals. Stock-dealers in the independent space have often been owned by the shareholders of large, publicly traded companies, diversified financial product companies or private equity firms. Each approach has its own strengths and limitations as well.

Citizen Investment Trust (CIT) known as Nagarik Lagani Kosh established on 1999 under Citizen Investment Trust Act, 1990. CIT is only sole company that acts an investment trust. Citizen investment trust has played important role to develop capital market of Nepal. Various scheme and plan has been launched under CIT schemes. Example of those schemes includes ESG retirement fund Deposit, Citizen unit scheme, Investors' Account Scheme and Gratuity Fund scheme. CIT provides sense of deposit that directly helps to increment of Nepalese Capital Market. The main vision of CIT is to become one of the premier institutions in the field of capital market and to contribute to the development of the country. The financial world is a wide open market full of opportunities for a person to take whatever capital is available for investments and make something even greater from it. The business of trading stocks and securities, investing capital, and developing a portfolio can be a tedious and incredibly arduous one, and not everyone can have the necessary experience and knowledge needed to make the right decisions. CIT has now entered into the new platform that is to work in collaboration with SEBON, NEPSE and independently become the leading stock dealer with the purpose of directly being able to access the market database in real time and to enact the trades efficiently in line with current stock positions and values. The main focus of CIT will be to focus investments on a field according to their superior understanding of this field or their belief in the general rise and profitability of organizations in this field. CIT have various features that has marked towards influences and attractions which includes corporate culture, compliance, technology schedule, responsive services and substantial clearing firm. It therefore is looking for the betterment of Nepalese stock market, Nepal and the Organization itself and is planning with a best conceptual framework and designs which would capture the proficiency and beneficiary of building the perfect brand in terms of flow of businesses and providing solid service. This is the major movement which would probably make an impact on the success of CIT and Public forces.

**Conclusion:**

Therefore CIT is planning to establish its own subsidiary company to operate Stock Dealer function for the Stability of the Nepalies Stock Market. It can regular buy and sell the bulk share so that the market will be provide enough Liquidity to stable stock market. As a Stock Dealer it can operate as a stock broker which can make own transaction to buy and sell the stock. It can independently do its activities in the Stock Market as a Stock Dealer.

# लगानी व्यवस्थापन : चुनौतीबीच अवसर पनि



**अन्जली आचार्य**
उप-व्यवस्थापक, लगानी महाशाखा

एक न्यासधारी (Trustee) संस्थाको रुपमा देशको आर्थिक विकासका लागि सर्वसाधारण जनतालाई समेत पुँजीको बचत गर्न प्रोत्साहित गरी लगानीका अवसर बढाउन, अवकाश कोष तथा सामाजिक सुरक्षणका कार्यक्रम सञ्चालन गर्न र पुँजी बजारमा गतिशिलता ल्याउने उद्देश्यले नागरिक लगानी कोष (Citizen Investment Trust) को स्थापना भएको हो। कोषको सम्पत्ति तथा दायित्वको अवस्था (२०७५ पौष मसान्त) मा देहायबमोजिम रहेको छ।

| पुँजी तथा दायित्व | रकम रु. लाखमा | सम्पत्ती | रकम रु. लाखमा |
|---|---|---|---|
| चुक्ता पुँजी | १,१०,२३ | स्थिर सम्पत्ती | ८३,६२ |
| कोष | १,१७,१२,५४ | लगानी | १,१३,८३,९१ |
| | | खुद चालु सम्पत्ती | ३,५५,२४ |
| **जम्मा** | **१,१८,२२,७७** | **जम्मा** | **१,१८,२२,७७** |

२०७५ पौष मसान्तको अपरिष्कृत वित्तीय विवरण अनुसार कोषको लगानीमा प्रतिफल (Return on Investment- ROI) १०.२३ प्रतिशत रहेको छ भने कोष रकममध्ये ९७.१९ प्रतिशत लगानीमा रहेको छ र कोष लागत (Cost of Fund) ७.८९ प्रतिशत रहेको छ।

२०७५ माघ मसान्तसम्मको लगानीको क्षेत्रगत अवस्था देहायबमोजिम रहेको छ।

| क्र. स. | लगानीका क्षेत्रहरु | रकम रु. लाखमा | लगानी संरचनाको प्रतिशत | नीति अनुसारको संरचनाको प्रतिशत |
|---|---|---|---|---|
| **क** | **निश्चित आम्दानी** | **७५,४०,०१** | **६५.१४%** | |
| १ | मुद्दती निक्षेप | ७२,४७,०० | ६२.६०% | ६५% सम्म |
| २ | सरकारी ऋणपत्र | ७१,२९ | ०.६२% | २% देखि २५% सम्म |
| ३ | करपोरेट ऋणपत्र | २,२१,७२ | १.९२% | २०% सम्म |
| **ख** | **शेयर** | **३,३६,००** | **२.९०%** | **१७% सम्म** |
| **ग** | **अन्य** | **३७,००,६८** | **३१.९६%** | |
| १ | सहभागी सापटी/कर्जा | २१,६२,६० | १८.६८% | २५% सम्म |
| २ | संस्थागत ऋणलगानी | १५,३८,०८ | १३.२८% | २०% सम्म |
| | **जम्मा** | **१,१५,७६,६९** | | |

**लगानीका सर्वमान्य सिद्धान्त**

लगानी गर्ने क्षेत्रको निर्धारण गर्दा मुख्य रुपमा तीनवटा कारक तत्वहरु महत्वपूर्ण हुन्छन् : जोखिम, प्रतिफल र लागत। लगानी विविधिकरण गर्दा भने जोखिम र प्रतिफलसँगै विभिन्न लगानी क्षेत्रबीचको सहसम्बन्ध (Correlation between Investment Asset in Portfolio) ले महत्वपूर्ण भूमिका खेल्छ। यी तीन तत्वबीच उचित सन्तुलन रहनु नै लगानी व्यवस्थापनको मुख्य उद्देश्य हो। यी तत्वमध्ये लगानी क्षेत्रबीचको सहसम्बन्ध लाई बुझ्न एकदमै जरुरी हुन्छ, किनकि यसकै आधारमा लगानी विविधिकरण गरिनुपर्ने हुन्छ, अन्यथा विविधिकरण गर्न खोज्दा नामको मात्र विविधिकरण भई लगानीको समग्र उद्देश्य प्राप्ति हुँदैन। यस सन्दर्भमा, विभिन्न लगानी क्षेत्रबीचको सहसम्बन्ध भन्नाले एउटा क्षेत्रमा भएको प्रतिफल/जोखिममा घटबढ हुँदा अर्को लगानीको क्षेत्रमा के कस्तो असर पर्छ भन्ने बुझाउँछ। उदाहरणको लागि, सामान्यतया निक्षेपमा ब्याजदर बढ्दो अवस्थामा रहँदा शेयर बजार सूचक ओरालो लाग्छ भने निक्षेपमा ब्याजदर घट्दो अवस्थामा रहँदा शेयर बजार सूचक उकालो लाग्ने गर्दछ।

ब्याजदरको सम्बन्धमा, दीर्घकालीन ब्याजदर सामान्यतया अल्पकालीन ब्याजदरभन्दा कम हुने गर्छ किनकि लामो समयको लागि लगानी गर्दा ब्याजदर अनुमान गर्न सकिने र स्थिर (Predictable and Stable) हुनु जरुरी हुन्छ। त्यसैले डिबेन्चरको ब्याजदर मुद्दती निक्षेपभन्दा कम हुने गर्दछ। त्यस्तै, परियोजना कर्जा प्रवाह गर्दाको ब्याजदर तय गर्दा उक्त परियोजनाको जोखिम विश्लेषण गरी जोखिम बापतको प्रिमियम (Risk Premium) गणना गरिन्छ र गणना गरिएको जोखिम प्रिमियममा कोष लागत जोडी ब्याजदर निर्धारण गरिन्छ।

**लगानीका समस्या, चुनौती तथा अवसर**

**निक्षेप तथा करपोरेट डिबेन्चर:** देशम छरिएर रहेका स-साना बचत (पुँजी) लाई संकलन गरी उत्पादनशील तथा सिर्जनशील क्षेत्रमा लगानी गर्दै देशको बचत-लगानी अन्तर (Saving Investment Gap) लाई न्यूनिकरण गर्दै पुँजी निर्माण (Capital Formation) मा योगदान पुऱ्याउनुको साथ साथै कोषका सहभागीलाई सेवा पुऱ्याउने उद्देश्यलाई प्राथमिकतामा राखी कोष अगाडि बढिरहेको भए तापनि बचत परिचालनको लागि उपयुक्त अवसरको अभावमा बचत तथा स्रोतको ठुलो हिस्सा मुद्दती निक्षेपमा राख्नुपर्ने बाध्यात्मक परिस्थिति सिर्जना भएको छ। विगत वर्षहरु हेर्ने हो भने नेपालको वित्तीय बजारमा न्यून जोखिम लिर्य तुलनात्मक रुपमा अधिक प्रतिफल दिने वित्तीय उपकरण नै मुद्दती निक्षेप रहेको छ। तर, हाल आएर वाणिज्य बैंकका डिबेन्चरजस्ता दीर्घकालीन वित्तीय उपकरणहरु समेत बजारमा सजिलै उपलब्ध हुँदा कोषजस्तो संस्थागत लगानीकर्ताको लागि यस्ता वित्तीय उपकरण आकर्षक भएका छन्। यस्ता उपकरणको प्रयोगले देशको वित्तीय क्षेत्रमा स्थायित्व कायम गर्नुका साथै पाँच छ वर्षको अन्तरालमा आउने Business Cycle अनुसारको Recession अर्थात् अधिक तरलता न्यून ब्याजदरको परि स्थितिमा समेत निश्चित प्रतिफल दिई सन्तुलन कायम गर्न मद्दत गर्दछन्।

**सरकारी ऋणपत्र:** यसमा गरिने लगानीले एउटा हेज फण्डको जस्तो भुमिका खेल्दछ किनकि यसको जोखिम शून्य मानिन्छ तर हाल बजारमा यी धितोपत्र पर्याप्त उपलब्ध नभएकोले कोषले राख्नुपर्ने न्यूनतम अनुपातमा समेत कमी आएको छ। आगामी दिनमा नेपाल राष्ट्र

बैंकले यस्ता धितोपत्र जारी गर्दा निश्चित अंश कोषजस्ता दीर्घकालीन कोष परिचालन गर्ने संस्थाको लागि सुरक्षित गर्ने प्रावधान भएमा जोखिम व्यवस्थापनमा सहजता हुनेछ। यसका साथै अन्तराष्ट्रिय अभ्यास अनुरुप नेपालमा पनि Sovereign Bond को अवधारण आउनु जरुरी देखिएको छ किनकि यसले देशको जोखिममुक्त ब्याजदर (Risk Free Rate of Return) गणना गर्न सहयोग गर्दछ जसका आधारमा अन्य लगानी क्षेत्रको Benchmark/ Required Rate of Return निकाली उक्त लगानीको मूल्यांकन गर्न मद्दत गर्दछ।

**परियोजना कर्जा लगानीः** देशमा Brain Drain को समस्याले उद्यमशीलताको अभाव रहेको अवस्था छ जसको परिणामस्वरुप उद्यम फस्टाउन सकिरहेका छैनन् र परियोजनागत रकमको माग न्यून हुन गई परियोजनागत लगानीको अवसर पनि पर्याप्त छैनन्। साथै देशकै राष्ट्रिय गौरवको जलविद्युत परियोजना अपर तामाकोशीमा भुकम्प तथा अन्य कारणले भएको ढिलाइका कारण लागत बढ्दै गएको छ। लागत बढ्नुमा विनिमय नोक्सानी (Foreigh exchange loss) को पनि ठूलो भुमिका देखिन्छ। विनिमय नोक्सानी घटाउनुको एउटै उपाय शुरुमै विदेशी विनिमयको हेज फण्डको माध्यमबाट हेज गर्नु हो। हाल नेपालको वित्तीय बजारमा हेज फण्डहरु संचालनमा नरहेको र कोषको ऐन अनुसार कोषले उक्त हेज फण्ड संचालन गर्न सक्ने भएकोले कोषले हेज फण्डको रुपमा काम गर्न अघि बढ्नुपर्ने देखिन्छ। यसरी अगाडि बढ्दा एकातिर ठूला ठूला परियोजना जसमा विदेशी लगानी वा प्रविधि आवश्यक पर्दछ सो परियोजनामा ऋण लगानी गर्नुका साथै हेज फण्डको काम पनि गर्न सकिने हुन्छ भने, अर्कोतिर प्रत्यक्ष वैदेशिक लगानी (Foreign Direct Investment) लाई आकर्षित गर्न समेत सघाउ पुग्ने हुन्छ। यस आर्थिक वर्षको बजेटमा समेत हेज फण्डलाई प्राथमिकतामा राखी नीतिगत काम अगाडि बढिरहेकोले यसमा कोषको तर्फबाट समेत आवश्यक पहल गर्नु सान्दर्भिक देखिन्छ।

**शेयर लगानी** : कोषले प्राथमिक बजारमा नागरिक एकांक योजना (Collective Investment Scheme- Mutual Fund) मार्फत् सामूहिक लगानी कोषलाई नियमानुसार सुरक्षित गरिँदै आएकोमा ५ प्रतिशत सुरक्षित शेयर/डिबेन्चरमा लगानी गर्दै आएको छ। साथै विभिन्न वाणिज्य बैंक, जलविद्युत कम्पनीको संस्थापक शेयरमा समेत लगानी गर्दै आएको छ। हाल आएर लगानी नीतिमा आवश्यक परिमार्जन गरी दोस्रो बजारबाट समेत शेयर कारोवार गरिराखेको छ। यसको प्रमुख उद्देश्य उचित प्रतिफल आर्जन गर्नुसँगै पुँजी बजारलाई चलायमान राख्नु पनि रहेको छ। यी उद्देश्य अनुसार काम गर्नको लागि नागरिक एकांक योजनाको फण्डलाई वृद्धि गर्दै जानुपर्ने देखिन्छ। यस एकांक योजनामा विदेशमा रहेका नेपालीहरुको समेत लगानी रहेको परिप्रेक्ष्यमा विदेशमा रहेका नेपालीको विप्रेषण आयलाई उपभोग (Consumption) मा खर्च हुनबाट बचाई बचतको रुपमा परिचालन गर्न सकियो भने एकांक योजनालाई अझ प्रभावकारी बनाउन सकिन्छ। यसका लागि एकांक योजनाको Scheme लाई वैदेशिक रोजगारीमा रहेका नेपालीले अपेक्षा गरेअनुसार आवश्यक Design/Modification गर्दै पर्याप्त प्रचार प्रसार तथा प्रविधिमैत्री बनाउँदै लग्नुपर्ने देखिन्छ।

**अन्यः** कोषको ऐनमा व्यवस्था भएअनुसार Escrow Agent को रुपमा, Custodian को रुपमा तथा लगानी परामर्शदाताको रुपमा समेत काम गर्न सक्ने व्यवस्था रहेको छ। यी व्यवस्थाहरुको सन्दर्भमा आवश्यक अनुसन्धान तथा विकास (Research and Development) गरेको खण्डमा यी क्षेत्रमा कोष Market Leader को रुपमा अगाडी बढ्न सक्छ। अधिकांश नेपाली विदेशमा बसोबास गर्दै आएको आजको परिप्रेक्ष्यमा उनीहरुको नेपालमा रहेको शेयर लगानीको Custodian को कार्य (dividend collection, trransaction settlement) गरेमा पनि पर्याप्त आयआर्जन गर्न सकिने देखिन्छ।

**निष्कर्ष**

समस्या समाधान गर्दै चुनौतीलाई अवसरमा परिणत गर्न निश्चय पनि स्रोत (जनशक्ति, प्रविधि, प्रणाली) व्यवस्थापनको महत्वपूर्ण भूमिका हुने भएकोले यस सम्बन्धमा आगामी दिनमा कसरी अगाडी बढ्ने भनेर कोषले ठोस रणनीति बनाई अगाडी बढ्नु पर्ने देखिन्छ। संचालनमा केन्द्रित (operation oriented) वातावरणलाई बदल्दै रणनीति केन्द्रित (Strategy oriented) व्यवस्थापनमा ढाल्दै जानुपर्ने देखिन्छ। विधमान समस्या र चुनौतीहरुलाई समाधान तथा अवसरका रुपमा बदल्न सके निश्चय पनि कोषमा रहेको स्रोतको व्यवस्थापनलाई प्रभावकारी बनाउँदै कोष साँचो अर्थमा एक न्यासधारी संस्थाको रुपमा अघि बढ्नेछ।

‘आजको सानो बचत, भोलिको बाँच्ने आधार
कर्मचारी बचत वृद्दि अवकाश कोष’

नागरिक लगानी कोष
नयाँ बानेश्वर, काठमाडौं
फोन नं. ४७८५३२५/४७८५३१९
Email : info@nlk.org.np

# सामाजिक सुरक्षा र नेपालको अवस्था



**प्रविन राई**
उप-व्यवस्थापक, आ.ले.प.

**सामाजिक सुरक्षा**

आर्थिक एवं सामाजिक रूपमा जोखिममा रहेको नागरिकलाई संरक्षण गर्न राज्यले अवलम्बन गर्ने विशेष व्यवस्थाको रूपमा सामाजिक सुरक्षालाई बुझिन्छ । मानिसको जीवनमा नकारात्मक असर पार्न सक्ने अवस्थाहरूको रोकथाम एवं व्यवस्थापन गर्ने कार्य नै सामाजिक सुरक्षा हो ।

कुनै पनि जोखिमले गर्दा कमाउन नसक्नेहरू को आयस्रोत रक्ष्ाा सामाजिक सुरक्षाको आवश्यक पर्दछ । समाजमा रहेका जेष्ठ नागरिक, बालबालिका एकल महिला, अपाङ्ग भएका व्यक्ति लोपन्मुख आदिवासी जनजाति, श्रमिकहरू, बेरोजगार युवाहरू र आर्थिक एवं सामाजिक रूपले पछाडी परेका वर्ग र समुदायका मानिसहरू सामाजिक सुरक्षाबाट लाभान्वित हुने वर्ग हन् । उक्त वर्गका मानिसहरूलाई समाजमा सम्मानपूर्वक जीवन जिउन एवं सामाजिक कृयाकलापमा सहभागी हुन पाउन र सामाजिक वस्तुको उपयोग गर्न पाउने अवस्थाको सृजना गर्न सामाजिक सुरक्षाको आवश्यकता पर्दछ ।

**सामाजिक सुरक्षाको मुख्य उद्देश्य भनेको**

१. सार्वजनिक वा निजी क्षेत्रमा काम गर्ने सबै श्रमिक तथा कर्मचारीहरूलाई अवकाश पश्चात अरूमा निर्भर नभई आर्थिक रूपमा सबल तथा सक्षम बनाउने ।
२. वृद्ध अबस्थाको लागि बचत गर्ने बानीको बिकास गर्ने ।
३. अवकासपछि सबै श्रमिक तथा कर्मचारीहरूको सुरक्षा योजनामा एकरूपता ल्याउने ।
४. सबै श्रमिक तथा कर्मचारीहरूमा कामप्रति उत्प्रेरणा जगाउने एवम् स्वामित्व बढाउने ।
५. सरल पहुच र नियन्त्रण सहितको प्रभावकारी तथा पारदर्शि अवकास योजनाबाट योगदानकर्ताहरूको भविष्य सुनिश्चित गर्ने ।

सामाजिक सुरक्षा योजना सरकारबाट नगद अनुदान र योगदानमा आधारित गरी दुई प्रकारको हुन्छ । योगदानमा आधारित सामाजिक सुरक्षा अन्तर्गत औषधि उपचार, स्वास्थ्य वीमा, दुर्घटना, निवृत्तिभरण र उपदान जस्ता सुविधाहरू उपलब्ध गराइन्छ । बिना कुनै योगदान यस योजना अर्न्तगत कुनै पनि सुविधा उपलब्ध हुन सक्दैन । बिकसित र बिकासोउन्मुख देशहरूले लामो समयदेखि नै योगदानमा आधारित सामाजिक सुरक्षा योजना लागु गरिरहेका छन् । कति मात्रामा सामाजिक सुरक्षा सुबिधा श्रमिक वा कर्मचारी वा निजको हकवालालाई प्रदान गर्ने कुरा श्रमिक तथा कर्मचारी र राष्ट्रको आर्थिक क्षमतामा निर्भर गर्दछ । सामाजिक सुरक्षा योजना कार्यान्वयनको लागि श्रमिक तथा कर्मचारी र रोजगारदाताको एकल वा सामुहिक योगदान अपरिहार्य हुन्छ ।

सन् १९३० को बिनाशकारी आर्थिक मन्दी र युद्धबाट निधन भएका धेरै मानिसहरूका साथै लाखौ मानिसहरूको अपाङ्गता र असक्षमताले गर्दा निर्भरताको अवस्था हेरी ज्येष्ठ नागरिकहरूलाई आर्थिक असक्षमताबाट बाहिर निकाल्न र देशको खर्च दायित्व व्यवस्थापन गर्न सामाजिक सुरक्षाको सुरूवात भएको हो ।

सन् १९३५ मा अमेरिकी राष्ट्रपति **F.D. Roosevent** ले सामाजिक सुरक्षा ऐन पास गराई अगाडी सारेको अवधारणा हालका दिनहरूमा राज्यको प्रमुख दायित्वको रूपमा विश्वभरि नै फैलिदै गएको छ । सन् १९८५ मा **Otto Van Bismarck** बाट सृजित जेष्ठ नागरिक सामाजिक बीमा कार्याक्रम कार्यान्वयन गरी आधुनिक सामाजिक सुरक्षा योजना कार्यन्वयन गर्ने पहिलो राष्ट्रको रूपमा जर्मनी रहेको थियो ।

सामाजिक सुरक्षाको पहु-चको लागि अन्तराष्ट्रिय श्रम संगठन (**ILO**) सन् २००३ देखि विश्वव्यापी अभियान सुरू गरेको छ । अन्तर्राष्ट्रिय श्रम संगठनको सर्वेक्षण अनुसार ५ व्यक्तिहरूमध्ये १ ले मात्र सामाजिक सुरक्षाको उपयोग गरेका छन् र विश्वको आधा जनसङ्ख्याहरू सामाजिक सुरक्षा प्रणाली बाहिर रहेका छन् ।

निवृतिभरण र स्वास्थ्य सुबिधा सबै नागरिकहरूलाई लामो समयदेखि प्रदान गरेर मध्यम आयस्तर भएको राष्ट्रहरूले सामाजिक सुरक्षालाई सम्भव तुल्याएका छन् । सरकार, निजी क्षेत्र, बै-किङ क्षेत्र र सामुदायिक सस्थाहरूको सहकार्यमा केही निम्न आयस्तर भएका राष्ट्रहरूले बिभिन्न सामाजिक सुरक्षा योजनाहरू अघि सारेका छन् । यस्तै अनुभव र विश्व प्रचलनहरूको अनुशरण गर्दै नेपालले पनि बिभिन्न सामाजिक सुरक्षा प्रणालिहरूको बिकास र बिस्तार गर्न सुरू गरिसकेको छ ।

**Article 22** of the Universal Declaration of Human Rights (**UDHR**) **December 10, 1948** states, "everyone as a member of society, has the right to social security and is entitled to realization, through national effort and internal cooperation and in accordance with the organization and resources of each state, of the economic, social and cultural rights indispensable for her/his dignity and the fee development of her/his personality."

नेपालमा पनि सामाजिक सुरक्षालाई राज्यको दायित्वको रूपमा स्वीकार गर्दै वर्तमान संविधान २०७२ ले नै मुलुक समाजवाद उन्मुख हुने भनी मार्गनिर्देशन गरेको छ । साथै धारा ३४ मा योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई श्रमिकको मौलिक हकको रूपमा उल्लेख गरिएको छ । संविधानको धारा ४३ मा आर्थिक रूपमा विपन्न अशक्त र असहाय अवस्थामा रहेका असहाय, एकल महिला, अपाङग भएका बालबालिका,

आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपउन्मुख जातिका नागरिकहरूलाई सामाजिक सुरक्षाको व्यवस्था गरेको छ ।

नेपालको संबिधान, २०७२ को धारा ५१ अनुसार राष्ट्रले सबै नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्नु पर्छ, स्वास्थ्य वीमा प्रदान गर्नु पर्छ, सभ्य श्रमको मान्यतासहित सामाजिक सुरक्षाको प्रत्याभुति गर्नु पर्छ साथै श्रमशोषण अन्त्य गर्नु पर्छ ।

बि.सं १९३४ को राणाकालीन समयमा सैनिकहरूको लागि "सैनिक द्रव्य कोष" को स्थापना भएको हो । वि.सं १९४४ मा निजामति कर्मचारीहरूको लागि "निजामति सञ्चय कोष" को स्थापना भएको र बि.सं १९६२ मा "सैनिक द्रव्य कोष" र निजामति सञ्चय कोष" मिलाई कर्मचारी सञ्चय कोष विभागको स्थापना भएको हो । नेपाल सरकार र संगठित संस्थाका कर्मचारीहरू र अन्य कर्मचारीहरूको लागि सञ्चय कोषको व्यवस्था गर्न बि.सं. २०१९ मा कर्मचारी सञ्चय कोष ऐन, २०१९ जारी गरी कर्मचारी संचय कोष" को स्थापना भएको हो । श्रमिक तथा कर्मचारीको पारिश्रमिकबाट कट्टा गरिएको रकम र रोजगारदाताको तर्फबाट योगदान गरिएको रकम अवकाश भएकाहरूलाई वा मृत्यु पश्चात निजको हकवालालाई प्रदान गरिन्छ । यस कोष अर्न्तगत बि.सं २०७५ असार मसान्तसम्ममा ६ लाख सहभागी संख्या र ३० हजार सहभागी कार्यालय रहेका छन् ।

बोनस ऐन, २०३० ले श्रमिक तथा कर्मचारीलाई कल्याण ाकारी कोषमा बचत गर्ने र त्यसको उपयोग गर्न पाउने व्यवस्था गरेको छ ।

नागरिक लगानी कोष बि.सं २०४७ साल चैत ४ गते स्थापना भई कोषले सामाजिक सुरक्षा अर्न्तगतका विभिन्न कार्याक्रम सञ्चालन गर्दै आएको छ । बि.सं २०४८ मा कर्मचारी बचत बृद्धि कार्यक्रम हाल कर्मचारी बचत वृद्धि अवकाश कोष, बि.सं २०५२ मा नागरिक एकांक योजना बि.सं २०५३ मा उपदान योजना, बि.सं २०५४ मा लगानीकर्ता हिसाब योजना र बि.सं २०६२ देखि विभिन्न बीमा कोष योजनाहरू कोषले सञ्चालनमा ल्याईरहेको छ ।

श्रम ऐन, २०४८ को दफा ४१ अनुसार व्यवस्थापकले कामदार तथा कर्मचारीहरूको लागि स्वास्थकर बासस्थानको प्रबन्ध गर्न प्रत्येक वर्ष प्रतिष्ठानको कूल मुनाफा (Gross Profit) को पांच प्रतिशतमा नघटने गरी रकम छुटयाई क्रमश: बासस्थानको प्रबन्ध गर्दै लानु पर्ने व्यवस्था रहेको थियो ।

श्रम ऐन, २०४८ (हाल श्रम ऐन, २०७४) मार्फत श्रमिकको न्युनतम ज्याला निर्धारण र श्रमिक वर्गको हक हित एवं अधिकार संरक्षणका लागि ट्रेड युनियन मार्फत सामुहिक सौदाबाजीको अवसर प्रदान गरिएको छ ।

बि.सं २०४७ सालको राजनैतिक परिर्बतन पछि योगदानमा आधारित सामाजिक सुरक्षा अबधारणा आएको हो । नेपालमा बि.सं २०५१ देखि ज्येष्ठ नागरिक, असाहाय, विधवा र अपाङ्गता सामाजिक सुरक्षा भत्ता नगद अनुदान स्वरूप प्रदान गर्दै आएको छ । यस प्रकारको सामाजिक सुरक्षा कार्यक्रम निकै लोकप्रिय हुदै गएको र सामाजिक सुरक्षाको बिकासक्रममा उक्त योजना कोषेढुङ्गाको रूपमा सावित भएको छ । बि.सं २०६५ देखि लोपउन्मुख आदीबासी जनजाति भत्ता, बाल संरक्षण ा अनुदान र पोषण सम्बन्धी अनुदान शुरू भई सञ्चालनमा रहेका छन् । यसका अतिरित्त राष्ट्रसवेक कर्मचारीहरूलाई राज्यकोषबाट मासिक रूपमा निवृत्तिभरण उपलब्ध गराउदै आएको छ । सरकारी सेवामा कार्यरत कर्मचारीलाई प्रसुति बिदा एवं प्रसुति स्याहार भत्ताको व्यबस्था गरिएको र तोकिएको अस्पतालमा सुत्केरी गराउने सम्पुर्ण महिलाहरूलाई अस्पतालसम्म आवतजाबत गर्ने खर्च उपलव्ध गराउदै आएको छ । आ.व. २०६६/६७ को बजेट बक्तव्यबाट सामाजिक सुरक्षा कर संकलनको सुरूवात गरिएको हो । प्राकृतिक व्यक्तिको रोजगारीको कर योग्य आयमा पहिलो slab मा एक प्रतिशतका दरले सामाजिक सुरक्षा कर कट्टी गरी बृद्ध भत्ता, असाहय भत्ता जस्तै सामाजिक सुरक्षा कार्याक्रममा खर्च गर्ने उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०६६/६७ को वार्षिक नीति तथा कार्याक्रम घोषणा भए अनुसार सामाजिक सुरक्षा कोषको नियमावली २०६७ हाल योगदान आधारित सामाजिक सुरक्षा नियमावली २०७५ अनुसार कोष स्थापना भई सञ्चालनमा रहेको छ । श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्न तथा योगदानकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्ने उद्देश्यले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ कार्यान्वयनमा आएको छ । नेपाल सरकारबाट मिति २०७५ मंसिर ११ घोषित योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत कोषमा नियमित वा कार्यगत वा समयगत वा दैनिक आकस्मिक वा आंशिक समय काम गर्ने लगायतका सबै श्रमिकले आधारभूत पारिश्रमिकको ११ प्रतिशत र रोजगारदाताले २० प्रतिशत समेत जम्मा ३१ प्रतिशत जम्मा गर्नु पर्दछ । यस्तो रकम कोषले सम्झौता गरेको बैंक तथा वित्तिय संस्था मार्फत वा कोषको कार्यलयमा दाखिला गर्न सकिनेछ । उक्त रकम मध्येबाट कोषले वृद्धअवस्था संरक्षणमा २८.३३ प्रतिशत खर्च गर्नेछ । सो बाहेक बाँकी २.६७ प्रतिशत मध्येबाट औषधि उपचार तथा स्वास्थ्य सुरक्षा योजना ०.७ प्रतिशत, मातृत्व सुरक्षा योजनामा ०.३ प्रतिशत, दुर्घटना र अशक्तता सुरक्षा योजनामा १.४ प्रतिशत र आश्रित परिवार सुरक्षा योजनामा ०.२७ प्रतिशत प्रयोग गरिनेछ । यस ऐन बमोजिमको सामाजिक सुविधा प्राप्त गर्न तोकिएबमोजिमको सामाजिक सुरक्षा योजनामा सहभागी हुनुपर्दछ । सामाजिक सुरक्षा योजनामा सहभागि हुन रोजगारदाता तथा श्रमिक सामाजिक सुरक्षा कोषमा सुचिकृत हुनपर्दछ । यसरी सामाजिक सुरक्षा कोषमा योगदान गरे पश्चात मात्र सम्बन्धित योजनामा उल्लेखित सामाजिक सुरक्षा पाउन सकिने व्यवस्था रहेको छ ।

योगदानमा आधारित सामाजिक सुरक्षा कोषको ढिलो गरी शुरूवात भए तापनि राम्रो कामको थालनी भएको छ र यसको सफलताको लागि सरकार, श्रमिक वर्ग, रोजगारदाता सबैको भूमिका उल्लेखनिय हुन्छ ।

नेपाल राष्ट्र बैंक द्वारा मिति २०७३।१०।१२ परिपत्र संख्या ११।०७३।७४ र्माफत बैंक तथा वित्तीय संस्थाले संस्थागत सामाजिक उतरदायित्व सम्बन्धी कार्यमा थप त्रियाशील हुन आफनो हरेक आर्थिक बर्षको खुद मुनाफाको कम्तिमा १ प्रतिशत रकम छुट्याई संस्थागत सामाजिक उतरदायित्व कोष खडा गरी जम्मा गर्नु पर्ने प्रावधान रहेको छ ।

राष्ट्रिय योजना आयोगको सर्वेक्षण सन् २०१२ अनुसार सबै लाभग्राही मध्ये ६१% महिला रहेको र ३९% पुरूष रहेका छन् । एकल महिला भत्ताको व्यवस्थाको कारण महिला अनुपातको बाहुल्यता बढी देखिएको छ । विधवाको अनुपात उच्च ५५% रहेको, बिवाहितको ४०.५% अबिवाहित ४% र १% भन्दा कम छुट्टै बस्ने गरेको वा पारपाचुके भएको अबस्था पाउन सकिन्छ ।

नेपाल सरकारले आर्थिक एवं सामाजिक जोखिम रहेका नागरिकहरूको पहिचान गरी मासिक रूपमा विभिन्न आर्थिक एवं गैरआर्थिक सेवा सुविधाहरू प्रदान गर्दै आएको छ । आर्थिक सर्वेक्षण २०७४/७५ अनुसार आ.व. २०७४/७५ मा सरकारबाट मासिक सामाजिक सुरक्षाको रूपमा आर्थिक सहयोग लिने लाभग्राही २४ लाख ९८ हजार ५ सय ३२ जना मात्र रहेको साथै हालसम्म कुल २२ लाख २७ हजारको विवरण MIS मा प्रविष्ट गरी प्रविष्टबाट योग्य व्यक्ति मात्र लाभग्राही हुने र सो मार्फत बजेट पुर्वानुमान गर्ने व्यवस्था सरकारले गरेको छ ।

**Ministry of Labour and Employment and ILO ( 2017), An analytical briefing on the social security sector in Nepal** अनुसार ९० प्रतिशत भन्दा बढी श्रमिकहरू नेपालमा असंगठित र अनौपचारीक क्षेत्रमा संलग्न छन् र यस्ता क्षेत्रमा आवद्ध व्यक्तिहरूलाई हालसम्म कुनै पनि किसिमको सामाजिक सुरक्षा योजनामा नरहेको देखिन्छ ।

माथि उल्लेखित कार्यक्रम तथा सस्थाका अलवा विभिन्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सस्थाहरूले सामाजिक सुरक्षामा चासो दिंदै सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् । नागरिकलाई स्वास्थको क्षेत्रमा रहेका जोखिमबाट मुक्त गर्न नेपाल सरकार स्वास्थ मन्त्रालय द्वारा सञ्चालनमा ल्याइएको स्वास्थ बीमा कार्यक्रम सुरूवात भई देशका सम्पूर्ण जिल्लाहरूमा कार्यान्वयनको चरणमा रहेको छ । त्यस्तै राष्ट्रिय बीमा सस्थान, विभिन्न बैंक तथा वित्तीय सस्थाहरूले समेत आफ्ना सहभागीहरूलाई सामाजिक सुरक्षा योजनामा सहभागी गराउ-दै आएका छन् । सरकारले आवधिक योजना तथा वार्षिक बजेटको माध्यमद्धारा सामाजिक सुरक्षा कार्यक्रमहरू थप गर्ने एवं प्रभावकारी बनाउ-दै लगेको पाइन्छ तर अपेक्षकृत रूपमा सम्पूर्ण लक्षित वर्गसम्म सामाजिक सुरक्षा कार्यक्रमहरू पुग्न नसकी समाजमा पहुच भएका व्यक्ति मात्र यस्ता कार्यक्रमबाट लाभान्वित हुने गरेको देख्न सकिन्छ । सामाजिक सुरक्षा योजनालाई समान र दिगो बनाउन सामाजिक बीमा, सामाजिक सहायता र श्रम बजार हस्तक्षेपलाई फराकिलो, पुनस्थापर्ना र मजबुत पार्नुपर्छ । सामाजिक सुरक्षालाई लक्षित वर्ग सम्म पुर्याउन उक्त वर्गको उचित पहिचान गर्दै उपयुक्त सुरक्षा कार्यक्रमको छनोट गरी सञ्चालन गरेमा मात्रै भोलीका दिनमा “सम्वृद्ध नेपाल सुखी नेपालीको” नारा सार्थक हुने देखिन्छ ।




# अवकाश योजनाको उचित विकल्प : नागरिक लगानी कोष



**रीता पाठक**
स. अधिकृत
अनुसन्धान तथा वजार विकास महाशाखा

अवकाशका लागि अग्रिम योजना बनाउनु एक संवेदनशील पक्ष हो किनभने जब हामीसँग आय आर्जन गर्ने क्षमता हुँदैन त्यतिबेलाको जीवन सहजतापूर्वक अर्थात विना अभाव जिउनका लागि आवश्यक आर्थिक स्रोतको जोहो गर्न वा व्यवस्था गर्नका लागि अवश्य पनि धेरै वर्षसम्म बचत गर्नुपर्ने हुन्छ । यदि हामीले हाम्रो कार्यकालको शुरुका बर्षदेखि नै आयको केहि अंश बचत गर्न शुरु गर्यौ भने भविष्यका आउने दशकहरुमा वृद्धि हुँदै गएको बचत पुँजी उल्लेख्य परिमाणमा निर्माण भईसकेको हुन्छ जुन हामी हाम्रा अवकाशपछिका वर्षहरुमा आफ्ना आवश्यकताहरु पूरा गर्नका लागि सजिलै उपभोग गर्न सक्दछौं । मानिसका असिमिति आवश्यकताहरु हुन्छन र हरेक मानिसको अवकाश पछिका आवश्यकताहरुमा पनि अनेक भिन्नता हुने गर्दछन् । जस्तै, घर मर्मत वा भाडा, यातायात खर्च, औषधी उपचार खर्च, विदेश भ्रमण, जीवन यापनका अन्य खर्च आदि ।

सेवा निवृत भईसकेपछि खर्चहरु भुक्तानी गर्नका लागि या हुन सक्छ सयमानुकुल रमाईलो वा मनोरन्जन गर्नका लागि हामीसँग केहि न केहि आयश्रोत हुनुपर्दछ । त्यसैले भविष्यका त्यस्ता पलहरुका लागि हामीले आज देखि नै आफ्नो आयको केहि अंश छुट्टयाउनु पर्दछ र अवकाश पछिका लक्ष्यहरु पूरा गर्न ति छुट्टयाइएका बचतलाई अपेक्षित प्रतिफल आउने क्षेत्रमा लगानी गर्नुपर्दछ ।

अन्य प्रकारका लगानी भन्दा यसरी अवकाशका लाागि गरिने बचतलाई लक्षित गरेर गरिने लगानीका साधनहरुमा सरकारद्धारा कर छुटको व्यवस्था गरिएको हुन्छ । जस्तै नागरिक लगानी कोषले सञ्चालन गर्दै आएको कर्मचारी बचत वृद्धि स्वीकृत अवकाश कोष कार्यक्रम अन्तर्गत लगानी गर्ने लगानीकर्ताले आफ्नो बार्षिको एक तिहाई वा रु.३,००,००० मध्ये जुन कम छ , त्यति बराबर आफ्नो आयको अंश सो योजना अन्तर्गत लगानी गरेमा सो रकममा नेपाल सरकारद्धारा कर छुटको व्यवस्था गरिएको छ । बचतकर्ता सहभागिहरुको लागि कोषको सो कार्यक्रम अवकाश योजनाको अति नै महत्वपूर्ण विकल्प हो, जसले अवकाश पछिको जीवनको जीवनस्तर सुधार्नका लागि महत्वपूर्ण भूमिका खेल्दछ । कर छुटका साथ साथै आफ्नो बचत रकममा बार्षिक उच्च चक्रिय ब्याज आर्जन गरिने हुँदा कोषका सहभागिहरु आर्थिक रुपमा निकै नै लाभान्वित भएका छन् । त्यसैले यहाँका विभिन्न संघ संस्थामा काम गर्ने व्यक्तिहरुको अवकाश योजनाको रणनिति बनाउनका लागि कोषद्धारा सञ्चालित कर्मचारी बचत वृद्धि स्वीकृत अवकाश कोष कार्यक्रम ले ठूलो मद्दत गर्न सक्दछ । कोष जस्ता संस्थाहरुले विभिन्न सरकारी, निजि तथा गैर सरकारी संघ संस्थाहरुमा काम गर्ने व्यक्तिहरुको व्यक्तिगत बचत तथा लगानीको अवकाशका कोष योजनाहरु मार्फत पोर्टफोलियो विविधिकरण गर्न वा निर्माण गर्न ठूलो सहायता प्रदान गर्दछ ।

यदि हामीले आफ्नो आयको संरचनालाई आफ्नो जीवन पद्धतिको छनौटसँग सन्तुलन गर्न सक्यौं भने हाम्रो अवकाश पछिको जीवन पनि अवश्य उल्लासमय हुनेछ । आफ्नो कार्यकालमा कडा मेहनतका साथ जोडेका सम्पतिहरुको सुरक्षाका लागि अवकाशका योजनाहरुको विकास गर्नु अपरिहार्य छ । अवकाशका योजनाहरुको महत्वलाई अवश्य पनि अवमूल्यन गर्न सकिदैन वा गर्नु हुँदैन । जीवनका लक्ष्यहरुलाई अवकाश पछिको जीवनको उद्देश्य प्राप्तीका लागि आवश्यक वित्तीय योजनासँग सन्तुलन गरी दुवैको मिलान गरेपछि नै अवकाश योजनाको असल शुरुवात हुन्छ । बचतकर्ताले चाँडै नै यस्ता योजनाहरुको शुरुवात गरेर एकातिर चक्रिय ब्याजको फाईदा लिने र अर्कोतिर अवकाश पछिको जीवनको वित्तीय जोखिम कम गर्ने तर्फ सोच्न ढिलो गर्नु हुँदैन ।

हाम्रो जस्तो विकासोन्मुख राष्ट्रका जनताले आफ्नो भविष्यको लागि सामाजिक सुरक्षा तर्फ सुनिश्चित हुने अवस्था छैन । अवकाश पश्चात पेन्सन वा उपदान प्राप्त गरी पूर्णत सामाजिक सुरुक्षाका उपाय प्राप्त भएको मानिने कर्मचारीहरुले पनि अवकाश अघि पाउने जति आर्थिक श्रोत प्राप्त गर्दैनन्, अर्थात औसतमा हरेक कर्मचारीले अवकाश अघिको आयको ४० प्रतिशत मात्र पेन्सन पाउछन् । अवकाश पछि पेन्सन तथा उपदान प्राप्त नगर्ने कर्मचारीहरुको समस्या त अझ विकाराल हुने नै भयो ।

यस्ता प्रकारका अनिश्चतता लगायत सिमित सामाजिक सुरक्षाको बीच हामीले अरु पनि भविष्यका लागि बर्तमान आयको केहि अंश बचत गर्ने केही उपाय खोज्नै पर्ने हुन्छ । यसका लागि नेपाल सरकारलाई धन्यवाद दिनै पर्ने हुन्छ कि नेपाल सरकारले जनताको बचतको त्यो आवश्यकतालाई महसुस गरेको छ र त सर्वसाधारणको बचतलाई प्रोत्साहित गर्नका लागि नागरिक लगानी कोषको कर्मचारी बचत वृद्धि स्वीकृत अवकाश कोष कार्यक्रम अन्तर्गत सहभागी हुने बचतकर्ताहरुलाई बचतका लागि प्रोत्साहित गर्न पारिश्रमिक कर छुटको व्यवस्था गरेको छ ।

कोषले आफ्ना सहभागीहरुलाई थप लाभान्वित हुने गरी अन्य सुविधाहरु पनि समयसामयिक ढंगबाट थप गर्दै लगेको छ । कोषका सहभागीहरुले रु.१ लाख बराबरको दुर्घटना वीमा पनि प्राप्त गर्दै आएका छन् भने आवश्यकता अनुरुप आवाश कर्जा, सरल कर्जा, विशेष सापटी जस्ता सुविधाहरु पनि सहज र सरल ढंगबाट प्राप्त गर्दै आएका छन् । प्रवाह गरिएका सेवा तथा सुविधाहरुलाई थप गुणस्तरीय र पारदर्शी बनाउनका लागि कोषले आधुनिक सूचना प्रविधिहरु पनि प्रयोगमा ल्याएको छ जस अनुसार हाल सहभागीहरुले आफ्नो बचत रकम र कर्जाको बारेमा सजिलै जानकारी पाउने गरी CIT Mobile Apps प्रयोगमा ल्याएको छ ।

# नेपालको धितोपत्र बजार बिकासमा स्टक डिलरको आवस्यकता

नेपालको पूँजिबजारको ईतिहास त्यती लामो त छैन तर बिश्वको हेर्ने हो भने सन् १६०२ मा आम्स्टरडम स्टक एक्स्चेन्ज, नेदरल्याण्डमा स्थापना भई सन् १६०६ मा एक डच कम्पनी (Vereinigte Oostindische Compaignie) को धितोपत्र जारी गरेर धितोपत्र बजारको सुरु भएको बिश्व ईतिहास छ । बिश्वका १० पुराना स्टक एक्स्चेन्जको कुरा गर्ने हो भने नेदरल्याण्ड पछि फ्रान्स (सन्१७२४), अमेरीका (सन्१७९०), बेलायत (सन्१८०१), ईटाली (सन्१८०८), जर्मनी (सन्१८२०), स्पेन (सन्१८१३), क्यानडा (सन्१८६१), अस्ट्रेलिया (सन्१८७२), भारत (सन्१८७५) रहेका छन् भने नेपालमा नेपाल स्टक एक्स्चेन्जको स्थापना सन् १९९३ मा भएको हो यद्यपी सन् १९३७ मा सर्वप्रथम बिराटनगर जुट मिल्सले सेयर जारी गरी सर्वसाधारणबाट पुँजि संकलन गरेको ईतिहास पाईन्छ । कम्पनी ऐन २०२१ अनुसार बि.स. २०३३ असार २२ गते सेक्युरिटी खरिद बिक्री केन्द (SMC) को स्थापना भएको थियो भने बि.स. २०३८ देखि मात्र बिधिवध रुपमा दोश्रो बजारमा धितोपत्रको कारोवार सुरु भएको पाईन्छ । छुट्टै धितोपत्र कारोवार सम्बन्धी छुट्टै ऐनको आवश्यकता महशुस भई धितोपत्र कारोवार ऐन २०४९ जारी भई त्यसको पहिलो शंसोधन पस्चात बि.स. २०५० जेष्ठ १३ गते सेक्यरिटी एक्स्चेन्ज सेन्टर (SEC) स्थापना भई त्यसैको नाम परिपवर्तन भई हालको नेपाल स्टक एक्स्चेन्ज लि. (NEPSE) भएको हो र यसले धितोपत्र कारोवारमा बजारको संगठानात्मक बिकास र औपचारिक रुपमा दोश्रोबजारको कारोवार शुरु गरेको हो । नेप्सेले बि.स. २०५० पौष २९ गते देखि शेयर खरिद बिक्री Trading Floor शुरु गरेको पाईन्छ । यसरी धितोपत्रहरुको कारोवा हुदै जाँदा धितोपत्र कारोवारमा नियमाक निकायको आवश्यकता महशुस भई धितोपत्र कारोवार ऐन २०४९ (पहिलो संशोधन) अनुसार धितापत्र बोर्डको स्थापना बि.स. २०५० जेष्ठ २५ गते भएको हो । यसले बजार नियमन अनुगमन, बजार बिकास गर्नुका साथै धितोपत्र बजार सम्बन्धी ऐन, कानून, निति, नियम, निर्देशिका तर्जुमा गरि कार्यान्वयन गराउने मुख्य कार्य गर्दछ ।

**धितोपत्र बजार बिकासमा जिम्मेवार निकायः**

नेपालको धितोपात्र बजार बिकास गर्न मुख्यतः नेपाल सरकार, अर्थ मन्त्रालय र



**देब गुरागाँई**
महासचिव
नेपाल बित्तीय संस्था कमचारी संघ/ना.ल.कोष

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, नेपाल राष्ट्र बैंक, बीमा समिति, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था तथा उद्योग वाणिज्य महासंघ तथा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि. तथा अन्य धितोपत्र बजारसंग सरोकार राख्ने संस्था, निकाय वा ब्यक्तिको भूमिका, क्रियाकलाप र गतिविधीमा बजारको गति अगाडि बढिरहेको हुन्छ । धितोपत्र बजार भनेको यि सवै सरोकारवालाहरुको सिंगो परिवार हो भने यसमा आवद्ध सबै लगानिकर्ता परिवारका सदस्यहरु हुन् । परिवारमा फरक फरक सोचाईका विभिन्न पात्रहरु रहेका हुन्छन् । परिवार सुखी, समुन्नत र आदर्श बनाउन सबैको उत्तिकै उत्तरदायित्व रहन्छ । एकले गलत काम गरे बदनाम सबैको हुन्छ । प्रदुषणबाट बजारलाई मुक्त गरी बजार विकास गर्ने कर्तब्य सवैको उत्तिकै हुन्छ । घर बलियो भए ओत पाउँछौ, बजार बलियो भए यसका सवै सदस्यहरु रहन्छौं । यो परिवारमा आवद्ध नियामक निकाय र जिम्मेवार पदाधिकारिहरु लगायतका परिवारका जेष्ठ सदस्यहरु, संघ संगठन , बिज्ञहरु, लगायत आम लगानिकर्ता एक भएर हातमा हात मिलाएर बजार शुद्धिकरण र विकास गर्न लाग्नु पर्दछ ।

**संवेदनशिल धितोपत्र बजारः**

नेपालको धितोपत्र बजार अत्यन्त संवेदनशिल बजार हो । हरेक समयमा यसले बलियो अविभावकको साथ खोजिरहेको हुन्छ । कुनैपनि राम्रो कामलाई समाजले चिन्न र कामको उचित मुल्यांकन गर्न लामो समय लाग्दछ तर यसको ठिक बिपरित नराम्रो काम भने छिट्टै फैलन्छ । कारण राम्रो भन्दा नराम्रो कुरालाई फैलन कम समय लाग्दछ । जती सजिलोसँग डढेलो फैलन्छ र सखाप बनाउँछ त्यसलाई नियन्त्रण गर्न धेरै गाह्रो हुन्छ भने नियन्त्रणमा आईसक्दा डढेलोले ठुलो क्षती गरिसकेको हुन्छ । जुन बजारमा धितोपत्र बजारसँग सम्बन्धीत कुनै पनि स-सना समाचार, अभिब्यक्ती, रिपोर्टले पनि बजारलाई असन्तुलित, अस्थिर र अत्यन्त प्रभावित गर्दछ भने त्यस्तो बजारलाई संवेदनशिल बजार भन्ने गरिन्छ । त्यस्तो धितोपत्र बजारमा विभिन्न बिकृतीहरु प्रयोग गरी बजारलाई आफू अनुकुल प्रवाहित गरिन्छ जस्तो कि इन्साईडर ट्रेडिङ्ग, रुमर, चर्निङ, स्टक ब्यासिङ, करनरिङ, पुलिङ, बियर रेडिङ जस्ता बजारका बिकृतीहरु प्रयोग गरी बजारलाई स्वभाविक भन्दा आफ्नो अनुकूल नियन्त्रण गर्न खोज्ने र लाभ उठाउने सार्मथ्य राख्ने लगानीकर्ता (खेलाडी) हुन्छन र यिनीहरुलाई सहयोग गर्ने अरु व्यक्ति र सिस्टम पनि जोडिएका हुन्छन् । नेपालको धितोपत्र बजारमा पनि त्यस्तै चलखेल देख्न सकिन्छ । नेपालको धितोपत्र बजार संवेदनशिल भन्नुको तात्पर्य पनि यही हो । आज भन्दा करिब १० बर्ष अगाडी तत्कालिन अर्थमन्त्री डा. बाबुराम भट्टराईले धितोपत्र बजारलाई जुवाघरसँग तुलना गरेपछीको परिणाम सेयर बजारको लागि एउटा डढेलो नै साबित भएको तथ्य जगजाहेर नै छ । त्यसबेला ११७५ पुगेको नेप्से परिसूचक उक्त अभिव्यक्ति पछि लगातारको गिरावटबाट २९२ सम्म झर्नुमा केहि सहायक कारणहरु अरुनै भएतापनि मुलुकको एउटा जिम्मेवार अर्थमन्त्रीको एकदमै हल्का र गैरजिम्मेवार अभिव्यक्तिलाई नै उक्त दुर्घटनाको मुल कारण मानियो जुन घाउ दाग बनेर धितोपत्र बजारको ईतिहासमा अझै पनि रहिरहेको छ र भविष्यमा पनि रहिरहनेछ । त्यस्तै अर्को दृष्टान्त वर्तमान अर्थमन्त्री डा. युवराज खतिवडाले पदभार सम्हालेसँगै सेयर बजारलाई अनुत्पादक भनेर अभिव्यक्ति दिएसँगै बजारमा लगातारको गिरावटका साथै त्यसको मनोबैज्ञानिक असर कायमै छ । सार्वजनिक पदमा बसेका जिम्मेवार व्यक्तिले भन्न खोजेको कुरा जस्ताको त्यस्तै भन्न सक्नुपर्छ । भन्न खोजेको र भनिएको कुरामा अलिकति पनि फरक पर्‍यो भने अर्थको अनर्थ लाग्न जान्छ र त्यसको असर बजारमा नकारात्मक पर्दछ । त्यस अभिव्यक्तिलाई पछि सच्याउन खोज्नु भनेको बन्दुकबाट निस्किसकेको गोली पुन फर्काउन खोजे जस्तै हो । यसरी धितोपत्र बजारमा धितोपत्र सम्बन्धी मिडियामा प्रस्तुत हुने समाचार, रिपोर्ट,

विश्लेषण, अभिव्यक्ति, विषयबस्तु आदिले पनि नेपालको धितोपत्र बजारलाई अत्यन्तै प्रभावित पारिरहेको पाईन्छ । त्यसैले यस्तो असन्तुलित र संवेदनशिल बजारलाई सन्तुलित, स्थिर, बलियो बनाउन कुनै न कुनै कदन चाल्नु आजको नितान्त आवश्यकता हो ।

**बजार निर्माता/स्टक डिलरः**

नेपालको धितोपत्र बजारलाई विकास गर्न र अन्तर्राष्ट्रियस्तरको बनाउँदै लैजान सोही बमोजिमको प्रविधि, पूर्वाधार, दक्ष जनशक्ति, कानूनी संरचना तथा नियमन क्षमताको विकास गर्नुपर्ने हुन्छ । धितोपत्र बजारमा हालका वर्षहरुमा प्राबिधिको क्षेत्रमा केहि सुधार हुदै गएको महसुस भएको छ । पछिल्लो समयमा धितोपत्रको पूर्ण अभौतिकरण प्राथमिक बजारमा आस्वा तथा सि-आस्वा प्रणाली लागू भई ७७ जिल्लामा नै बैंक तथा वित्तीय संस्थाका शाखाहरूबाट प्राथमिक बजारको सेवा उपलब्ध भएको, र सफ्टवेरमा इन्टरनेटमार्फत धितोपत्र खरिद / बिक्री आदेश दिने व्यवस्थाको शुरुवात भएको छ । सुस्त रुपमै भएपनि मर्चेन्ट बैंकर तथा धितोपत्र दलाल व्यवसायीहरुको उपत्यका बाहिर पनि शाखा विस्तार हुने क्रम रहेको देखिन्छ । धितोपत्र बजारको बिकास गर्ने बिभिन्न उपाय तथा साधनहरु, जुन बिश्वमा अभ्यास भईरहेका छन्, त्यस्ता उपाय तथा साधनहरुको खोजि र प्रयाग गरि बजारलाई बिकास गर्नु अबको आवश्यकता हो । पछिल्लो समय नेपालको धितोपत्र बजारको विकास गर्ने सन्दर्भमा राजनैतिक कार्यक्रम होस् वा सरकारको निती तथा कार्यक्रम वा बजेट भाषण होस् सवैद उठ्ने बिषयबस्तु हो बजार निर्माता / स्टक डिलरको आवश्यकता । के हो त स्टक डिलर र यसको आवश्यकताको सन्दर्भमा केही कुरा प्रष्ट्याउनु जरुरी ठानेको छु ।

बजार निर्माता / स्टक डिलर भनेका त्यस्ता संस्था /संरचना हुन जुन नियामक निकायको अनुमति लिई दोश्रोबजारमा ठूलो मात्रामा धितोपत्रहरुको खरिद / बिक्री गरी धितोपत्रबजारमा हुने तरतलालाई नियन्त्रणमा राख्ने, धितोपत्र बजारलामा सन्तुलन कायम राख्ने कार्य गर्दछन् साथै तरलतालाई पटक पटक दोहोरिन बाट रोक्दछन् । जब धितोपत्र बजारमा अस्वभाविक उतार चडाब आई बजार असन्तुलन, अस्थिर भई तरलताको अवस्थामा बिचलनको स्थिती आउछ त्यस्तो अवस्थामा बजार निर्माता / स्टक डिलरहरुले तुरुन्त बजारमा प्रबेश गरि ठुलो मात्रामा धितोपत्रहरुको कारोवार गर्दछन् र बजारलाई सन्तुलनमा राख्न सहयोग गर्दछन् । यस्ता संस्था /संरचनाको मुख्य उद्धेश्य भनेको धितोपत्र बजारमा हुने तरलतालाई स्थिर राख्दै बजारमा सन्तुलन कायम राख्नु हो साथै पटक पटक तरलतालाई दोहोरिन नदिनु पनि हो । यिनीहरुले बजारमा तुरुन्त प्रबेश गरेर छोटो समयमा ठुलो मात्रामा धितोपत्र कारोवार गर्ने निर्णय लिनु पर्ने भएकोले यस्ता संस्था / संरचनाको बनावट स्वायत्त र स्वतन्त्र हुन्छ ।

यदि धितोपत्र बजारमा अधिक तरलता भएको अवस्थामा लगानीकर्ताहरुले बजारमा लगानी गर्न चाहिरहेको हुन्छन् र बजारमा ठुलो ठुलो मात्रामा धितोपत्रहरु कारोवार भइरहेको हुन्छ । धेरै र ठूला मात्रामा धितोपत्ररुको कारोवार हुँदा बजारमा कुल कारोवार रकम र संख्या बढ्छ र धितोपत्र खरीदकर्ताहरुको चाप पनि बढ्छ । धितोपत्रको आपूर्ति भन्दा माग बढि हुँदा धितोपत्रको मुल्यमा वृद्धि हुन्छ र धितोपत्र बजार परिसुचक बढ्छ । धितोपत्र बजारमा कुनै किसिमको प्रभाव वा कारणले धितोपत्रको मुल्य अत्यन्तै, अस्वभाविक ढंगले बढेर बजारमा असन्तुलनको स्थिति आएमा बजार निर्माता/स्टक डिलरले आफुसँग भएको धितोपत्रहरु बजारमा ठूलो मात्रामा बिक्रीको लागि आव्हान गर्दछन् । स्वभावतः ठूलो मात्रामा धितोपत्रहरुको आपुर्ति हुँदा त्यसको मुल्य कम हुन्छ । फलतः धितोपत्रको मुल्य अस्वभाविक बढ्ने प्रबृतिको नियन्त्रण हुन्छ र बजारले सन्तुलन कायम राख्दछ ।

त्यसै गरी धितोपत्र बजारमा तरलताको कमि भएको अवस्थामा लगानीकर्ताहरुले बजारमा लगानी गर्न चाहिरहेको हुदैनन् । फलतः बजारमा स-सानो मात्रामा मात्र धितोपत्र कारोबार भइरहेको हुन्छ । थोरै र मझौला मात्रामा धितोपत्ररुको कारोवार हुँदा बजारमा कुल कारोवार रकम र कुल धितोपत्र कारोवार संख्या पनि न्युन हुन्छ र धितोपत्र खरीदकर्ताहरु नहुने अवस्था पैदा हुन्छ भने बजार अझै घट्न सक्ने आंकलन गरी बिक्रीकर्ताको चाप बढ्छ । माग भन्दा पूर्ति बढि हुँदा धितोपत्रको मुल्यमा ह्रास आउछ । फलतः बजार धैरै घट्दै गई धितोपत्र बजारमा असन्तुलन आउछ र बजार प्रति लगानीकर्ताको बिश्वासनियतामा पनि ह्रास आउछ । यस्तो बेलामा बजार निर्माता / स्टक डिलरले ठूलोमात्रामा धितोपत्रहरु खरिद गरी बजारमा धितोपत्रको माग बढाउछन् फलतः आपुर्ति र मागको सन्तुलन कायम भई बजारमा सन्तुलन कायम हुन्छ । अतः धितोपत्र बजारमा बजार निर्माता / स्टक डिलरले बजारमा धितोपत्रको मुल्यमा हुने अस्वभाविक उतर चढावलाई नियन्त्रण गरी बजार सन्तुलन कायम राख्न र तरलताको स्थितिलाई नियन्त्रणमा राख्न भूमिका निर्वाह गर्दछन् ।

**निष्कर्षः**

धितोपत्र बजारलाई सन्तुलित, स्थिर र बिलियो बनाउन र बेला बेला हुने तरलताको समस्याबाट जोगाउन माथि उल्लेखित जिम्मेवार निकायहरुले कुनै न कुनै उपाय / साधनको प्रयोग गर्नु अहिलेको नितान्त आवश्यकता हो । यस्तै उपाय / साधनहरु मध्ये बजार निर्माता / स्टक डिलरलाई बजारमा प्रवेश गराउनु समय सान्दर्भिक हुन्छ । नेपालको पुँजिबजारको बिकासको लागि बजार निर्माता / स्टक डिलरको रुपमा बलियो पुँजि, प्रविधि, पूर्वाधार, दक्ष जनशक्ति, अनुभवी संस्थालाई भित्राई बजारलाई थप बलियो, स्थिर, आधुनिक प्रविधिमैत्री र अन्तराष्ट्रिय स्तरको बनाउनु आजको आवश्यकता रहेको छ । नेपालको पुँजिबजारको विकास गर्ने उद्देश्य सहित स्थापित नागरिक लगानी कोष एक सार्वजनिक सरकारी संस्था हो जुन नागरिक लगानी कोष ऐन २०४७ बमोजिम स्थापित र संचालित एक स्वायत्त संस्था पनि हो । नागरिक लगानी कोष ऐन २०४७ को दफा ३२(ड) मा उल्लेखित काम कर्तब्य र अधिकारको प्रयोग गरि पूंजीबजार बिकासका लागि आवश्यकता अनुसार सहायक कम्पनी खडा गरी बजार निर्माता /स्टक डिलरको कार्य गर्न सक्ने कानूनी ब्यवस्था सुनिस्चित हुँदा हुदै पनि कोषले उक्त कार्य गरिरहेको छैन । कोषले यथाशिघ्र यस कार्यलाई अगाडी बढाउन सहायक कम्पनी खडा गरि नियमाक निकायले त्यस सम्बन्धी आवश्यक अनुमति तथा काम गर्न आवश्यक पर्ने पुँजि, प्रविधि, पूर्वाधार, दक्ष जनशक्ति, कानूनी संरचनाको विकास गरी आवश्यक नीति, नियम, निर्देशिका, कार्यविधि आदि कुराहरुको चाडै टुङ्गो लगाई काम थाल्नु पर्ने अहिलको टड्कारो आवश्यकता रहेको छ । बजार निर्माता / स्टक डिलरलाई पुँजि संरचना, संचालक, व्यवस्थापन, प्रविधि, पूर्वाधार र दक्ष जनशक्तिको व्यवस्थापन सम्बन्धी विशेषाधिकार सहित धितोपत्र कारोवारमा निर्णय गर्ने अधिकारमा स्वतन्त्र र स्वायत्तता प्रदान गर्नु जरुरी हुन्छ र आफै कारोवार गर्न सक्ने गरि छुट्टै नेप्से विण्डोज लगईनको व्यवस्थाका साथै न्युन कारोवार शुल्क र छिटो सेटलमेन्ट सुविधा प्रदान गरिनु पर्दछ ।

# तालिम तथा सेमिनारमा सहभागी

ना. ल. कोष । कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न तथा परिवर्तित वातावरण तथा परिवेश अनुसार कोषका सेवाहरुलाई चुस्त बनाईराख्ने उद्देश्यका साथ प्रत्येक वर्ष स्वदेश तथा विदेशमा संचालित विभिन्न तालिम, सेमिनार तथा अन्तरक्रिया कार्यक्रममा कोषका कर्मचारीहरुलाई सहभागी गराउँदै आएको छ। कोषले यस आर्थिक वर्षमा पनि कर्मचारीहरुलाई विदेश तथा स्वदेशमा संचालित विभिन्न कार्यक्रममा सहभागी गराएको छ।

कोषले नायव व्यवस्थापक श्री अनिल कुमार ढकाल र उप व्यवस्थापक श्री अमृत बहादुर अधिकारीलाई कम्बोडियाको सिम्रिकमा आयोजित एक सेमिनारमा सहभागी गराएको छ । उप व्यवस्थापकहरु श्री रोशन जङ्ग कार्की र श्री उमेश पनेरु लगायत कोषका दिवंगत कर्मचारी अधिकृत बालकृष्ण पुडासैनी फिलिपिन्सको मनिलामा आयोजित एक सेमिनारमा भाग लिनु भएको थियो। का.मु. व्यवस्थापक श्री शोभा श्रेष्ठ, उप व्यवस्थापक श्री भरत श्रेष्ठ, का.मु. उप व्यवस्थापक श्री जनक कंडेल र अधिकृत श्री रामशोभा ढुंगानाले भियतनामको हनोईमा आयोजित सेमिनारमा भाग लिनुभएको थियो। त्यस्तै गरी कोषका पूर्व कार्यकारी निर्देशक श्री रामकृष्ण पोखरेल मलेसियाको क्वाललाम्पुरमा संचालित एक कार्यक्रममा सहभागी हुनुभएको थियो। तालिम तथा सेमिनारकै क्रममा कोषका का.मु. व्यवस्थापक श्री हेमन्त पोखरेल र उप व्यवस्थापक श्री नवराज खड्का हालै कम्बोडियाको नोमपेन्हमा आयोजित एक सेमिनारमा सहभागी हुनुभएको छ।

विदेश भ्रमणको सन्दर्भमा कोषका पूर्व अध्यक्ष श्री महाश्रम शर्मा र कोषका मुख्य व्यवस्थापक श्री सुशील कुमार अर्याल कोषको ऋण लगानी रहेको नेपाल एयरलायन्सको एयर वसको निरीक्षण गर्न फ्रान्स जानुभएको थियो । यसै गरी कोषका का.मु. नायव व्यवस्थापक श्री बसन्त कुमार श्रेष्ठ तथा उप व्यवस्थापकद्वय श्री नारायण प्रसाद घिमिरे र श्री सुमन पौडेल नेपाल एयरलायन्सकोसो एयर बस हस्तान्तरण गर्ने कार्यक्रममा भाग लिन फ्रान्स जानुभएको थियो।

कोषले विभिन्न मितिमा केही कर्मचारीहरुलाई स्वदेशमा आयोजित विभिन्न तालिम, गोष्टी तथा सेमिनारहरुमा सहभागी गराएको छ । यसरी क्षमता अभिवृद्धिका विविध कार्यक्रमहरुमा सहभागी हुने कर्मचारीहरुमा कोषको का.मु. व्यवस्थापक श्री शोभा श्रेष्ठ, उप व्यवस्थापकहरु श्री रोशन जङ्ग कार्की, श्री नवराज खड्का, श्री अमृत बहादुर अधिकारी, श्री सुमन पौडेल तथा श्री अञ्जली आचार्य, अधिकृत श्री यम कुमार श्रेष्ठ, सहायक अधिकृत श्री पुरुषोत्तम भट्टराई, वरिष्ट सहायकहरु श्री कोमल रायमाझी, श्री झेनुका रिमाल तथा श्री हरिहर गुरागाईं, सहायक पदका कर्मचारीहरु श्री पुष्पा अधिकारी, श्री निशा खतिवडा, श्री सुदर्शन बस्नेत, श्री प्रकाश श्रेष्ठ, श्री गोविन्द ढुंगाना, श्री सल्यान के.सी., श्री अनिता थापा, श्री अर्चना घिमिरे, श्री बिनोद पाठक, श्री श्याम बहादुर नगरकोटी, श्री दिपेन्द्र सिटौला, श्री नेत्र विक्रम थापा, श्री उमा गैरापिप्ली, श्री लक्ष्मी कस्ती तथा श्री प्रविन्द कुमार चौधरी र कार्यालय सहयोगीहरु श्री दुर्गा बहादुर मगर तथा श्री पदम प्रसाद गैरापिप्ले रहेका छन्।

## CIT Mobile App प्रयोग गर्ने तरिका

**नागरिक लगानी कोषका कार्यक्रम** : बचतबृद्धि स्वीकृत अवकाश कोष, निजामती कर्मचारी जीवन बीमा कोष, शिक्षक जीवन बीमा कोष, नेपाल प्रहरी जीवन बीमा कोष, नेपाली सेना जीवन बीमा कोष, सशस्त्र प्रहरी जीवन बीमा कोष, नार्क जीवन बीमा कोष अन्तर्गतका सहभागीहरुबाट कोषमा जम्मा भएको रकमको स्टेटमेन्ट र बचतबृद्धि स्वीकृत अवकाश कोष अन्तर्गतको ऋण सापटी तथा बचत भइरहेको रकमको स्टेटमेन्ट CIT Mobile App बाट हेर्न सकिन्छ ।

**App डाउनलोड गर्ने तरिका** : बचतबृद्धि स्वीकृत अवकाश कोष र बीमा कोषका सबै सहभागीहरुले कोषको उक्त सेवा लिनका लागि Android Operating System भएको मोबाइलका 'Play Store' मा गएर 'CIT Mobile App' खोज्ने र सो App लाई Download गर्नुपर्ने हुन्छ ।

**प्रयोग कसरी गर्ने** :

**अनलाइन मोड** : यदि तपाईको मोबाइलमा इन्टरनेटको सुविधा छ भने अनलाइन मोडको स्क्रीन देखिनेछ । त्यहाँ Register बटनमा गई आफ्नो नाम, मोबाइल नम्बर, आफू कार्यरत रहेको कार्यालयको नाम, बीमा कोष अन्तर्गतको बीमा परिचयपत्र नम्बर र यदि बीमा नभएका सहभागीहरुको हकमा अवकाश कोषमा ठिक (✓) लगाई कोषको परिचयपत्र नम्बर राखेर रजिष्टर गर्नुपर्दछ ।

**एसएमएस मोड** : यदि तपाईको मोबाइलमा इन्टरनेटको सुविधा छैन भने एसएमएस मोडको स्क्रीन देखिनेछ । त्यहाँ Register बटनमा गई आफ्नो नाम, मोबाइल नम्बर, आफू कार्यरत रहेको कार्यालयको नाम, बीमा कोष अन्तर्गतको बीमा परिचयपत्र नम्बर र यदि बीमा नभएका सहभागीहरुको हकमा अवकाश कोष अन्तर्गतको कोषको परिचयपत्र नम्बर राखेर रजिष्टर गरे पुग्छ ।

रजिष्टर गरे पश्चात कोषको तर्फबाट स्वीकृती प्रदान गरिनेछ र सहभागीको मोबाइलमा पिन कोड सहितको एसएमएस आउनेछ ।

तत्पश्चात अनलाइन मोडमा सहभागीले आफ्नो मोबाइल नम्बर र एसएमएसमा प्राप्त पिन कोड राखि Login गरी अवकाश कोषमा जम्मा भएको रकम र कोषबाट लिएको ऋण सापटीको स्टेटमेन्ट तथा बीमा कोषमा जम्मा भएको बीमा रकमको स्टेटमेन्ट हेर्न सकिनेछ ।

एसएमएस मोडमा सहभागीले सापटीको स्टेटमेन्ट, अवकाश कोष र बीमा कोषमा जम्मा भएको रकम हेर्न एसएमएसमा प्राप्त पिन कोड राखि सम्बन्धित Menu मा Click गरी Send गर्नुपर्नेछ ।

CIT Mobile App भन्दा अगाडीको SMS Service प्रयोगकर्ताले पुरानै पिन प्रयोग गरी CIT Mobile App Login गर्न पनि सक्नुहुनेछ । SMS सेवा NTC / Ncell का प्रयोगकर्ताहरुको लागि मात्र उपलब्ध छ । यो सूचना कोषको वेबसाइट www.nlk.org.np मा समेत हेर्न सकिन्छ । यो निशुल्क हो र कुनै Support चाहिएमा फोनः ०१-४७८५३२१/०१-४७८५३१९/०१-४७८५३२५ Ext. १६२ मा सम्पर्क राख्नु होला ।

## वार्षिकोत्सवको अवसरमा विभिन्न खेलकुद प्रतियोगिताहरु आयोजना

ना.ल.कोष । कोषको २९औं वार्षिकोत्सवलाई भव्य रुपमा मनाउने क्रममा कोषमा अतिरिक्त क्रियाकलाप अन्तर्गत विभिन्न खेलकुद प्रतियोगिताहरु सम्पन्न भएका छन् ।

कोष कर्मचारी युनियनको संयोजकत्वमा आयोजना भएको उक्त प्रतियोगिताहरुमा कोषका अधिकांश कर्मचारीहरु उत्साहका साथ सहभागी भएका थिए । कोषको वार्षिक उत्सवलाई भव्यताका साथ मनाउने कार्यक्रम अन्तर्गत संचालन गरिएका खेलकुदका कार्यक्रमहरुले कोषमा कार्यरत कर्मचारीहरुबीच आपसी सम्बन्ध एवं सहकार्यको भावना अभिवृद्धि हुने तथा यस्ता कार्यक्रमहरु निकै महत्वपूर्ण तथा रोचक हुने भएकोले यि कार्यक्रमहरु आयोजना गरिएको हो ।

खेलकुल प्रतियोगिता अन्तर्गत हाजीरी जवाफ, ब्याटमिन्टन, टेवलटेनिस, फुटबल, म्युजिकल चेयर लगायतका खेलकुद प्रतियोगिताहरु समावेश गरिएका थिए । खेलहरु नयां बानेश्वर स्थित कोषको कार्यालय परिसरमा सञ्चालन गरिएको थियो । विभिन्न चरणका खेलमा कोषका महिला तथा पुरुष कर्मचारीहरुको उल्लेखनीय सहभागिता रहेको थियो । कोष को वार्षिकोत्सवको अवसरमा विजयी खेलाडीहरुलाई यहि २०७५ चैत्र २ गते शनिबार कोषका अध्यक्ष प्रा.डा. रामचन्द्र भट्टराईद्वारा प्रमाणपत्र सहित पुरस्कृत गरियो ।

### कर्मचारीहरुको आन्तरिक बढुवा

ना.ल.कोष । नागरिक लगानी कोषले यस आर्थिक वर्षमा विभिन्न महाशाखा तथा शाखामा कार्यरत ६ जना कर्मचारीहरुको आन्तरिक बढुवा गरेको छ । कोषको प्रशासन महाशाखाका अनुसार अवकाश कोष व्यवस्थापन महाशाखामा कार्यरत नायव व्यवस्थापक श्री शोभा श्रेष्ठ का.मु व्यवस्थापक पदमा बढुवा हुनुभएको छ भने कोषको वित्त व्यवस्थापन तथा आर्थिक प्रशासन महाशाखामा कार्यरत नायव व्यवस्थापक श्री हेमन्त पोखरेल पनि का.मु व्यवस्थापक पदमा बढुवा हुनुभएको छ । यसै गरी कोषको पोखरा शाखाका शाखा प्रमुख उप व्यवस्थापक श्री अनिल कुमार ढकाल नायव व्यवस्थापक पदमा, विराटनगर शाखाका शाखा प्रमुख श्री बसन्त कुमार श्रेष्ठ का.मु. नायव व्यवस्थापक पदमा, कर्मचारी बचत वृद्दि अवकाश कोषमा कार्यरत अधिकृत श्री जनक कंडेल का.मु. उप व्यवस्थापक पदमा र नागरिक एकांक शाखामा कार्यरत श्री अरुण पौडेल बरिष्ट सहायक पदमा बढुवा हुनुभएको छ ।

### वार्षिकोत्सवको उपलक्ष्यमा प्रभात फेरी तथा तथा रक्तदान कार्यक्रमको आयोजना

ना.ल.कोष । कोषले २९ औं वर्षको उपलक्ष्यमा प्रवेश गर्न लागेको सुखद उपलक्ष्यमा यही चैत्र २ गते शनिवार विहान प्रभात फेरी कार्यक्रमको आयोजना गरेको छ । कोषका संचालक सदस्य लगायत कोषका कर्मचारीहरु सम्मिलित सो कार्यक्रम कोषको परिसरदेखि शुरु भई काठमाडौंको माइतिघर हुँदै पुनः कोष परिसरमा समापन भएको थियो । त्यस्तै गरी वार्षिकोत्सवको अवसरमा संचालित रक्तदान कार्यक्रममा कोषका कर्मचारीहरु तथा सहभागीहरुले पनि सहभागीता जनाएका थिए ।

### समस्याग्रस्त बैंक तथा वित्तीय संस्थामा रहेको लगानी उठाउदै कोष

ना.ल. कोष । कोषले विभिन्न बैंक तथा वित्तीय संस्थामा मुद्दती निक्षेपमा गरेको लगानी त्यस्ता वित्तीय संस्थाहरु समस्याग्रस्त घोषित हुँदा जोखिममा रहेको थियो ।

समस्याग्रस्त बैंक तथा वित्तीय संस्थाहरु मध्ये कोषको १० वटा संस्थामा मुद्दती निक्षेप रहेको छ । समस्याग्रस्त त्यस्ता १० वटा वित्तीय संस्थाहरुसँग रहेको मुद्दती निक्षेपको लगानी रकम मध्ये धेरै संस्थाहरुबाट रकम असुली भईरहेको छ ।

समस्याग्रस्त वित्तीय संस्थाहरुमा जोखिममा परेको कुल रकम रु.१अर्ब १२ करोड मध्ये हालसम्म रु.७५ करोड ८७ लाख ३० हजार असुल गर्न कोष सफल भएको छ ।

उक्त संस्थाहरुमा बाँकी रहेको कोषको मुद्दती निक्षेपको रकम असुलीको लागि कोषले निरन्तर पहल गरिरहेको छ ।

### CIT Online E-service प्रयोग गर्ने तरिका

- **www.nlk.org.np ब्राउज गरी E-Service Menu मा गई Personal Login मा Click गरी अथवा सिधै www.eservice.nlk.org.np मा** Login **भन्दा तल नयाँ ई-एकाउण्ट बनाउनुस् मा गएर ई-एकाउण्ट बनाउनु होस् । ई-एकाउण्ट पहिल्यै बनाउनु भएको भए** Login **गर्नुहोस् ।**
- **Office Login (कार्यालयका सबै कर्मचारीहरुको रकमको बिवरण एउटै लगईनबाट हेर्न) कोषको वेवसाईटको E-Service Menu मा Office Login मा गई Create an Account मा Click गरी ई(फर्म Submit गर्ने।**

**नोटः E-form Submit भएको कम्तीमा २४ घण्टा भित्रमा तपाईंको Account कोषले Verified गर्नेछ । उपरोक्त प्रक्रियाहरुको जानकारी तपाईंले ई-फर्ममा भर्नु भएको इमेल ठेगानामा आउनेछ । यो सेवाबाट कर्मचारी बचतबृद्धि अवकाश कोषमा जम्मा भएको रकम मात्र हेर्न मिल्छ । यो सेवाको लागि Support चाहिएमा फोनः ०१-४७८५३२१/०१-४७८५३१९/ ०१-४७८५३२५ Ext. 155 मा संपर्क राख्नु होला । Online E-service र CIT Mobile App छुट्टै छुट्टै सेवा भएकोले दुवै सेवा लिन चाहेमा दुवै सेवाको Register गर्ने प्रकृया पुरा गर्नु पर्नेछ ।**

# कोषको २३औं साधारण सभा सम्पन्न २४औं सभा छिट्टै

ना.ल.कोष । नागरिक लगानी कोषको २३औं वार्षिक साधारण सभा यही २०७५ पौष ६ गते काठमाडौंको भृकुटी मण्डप स्थित पर्यटन बोर्डको हलमा सम्पन्न भयो। कोषको सञ्चालक समितिका अध्यक्ष प्रा.डा. रामचन्द्र भट्टराईको सभापतित्वमा बसेको साधारण सभामा कोष सञ्चालक समितिका अन्य सदस्यहरु, कोषको साधारण शेयरधनीहरु, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज र बीमा संस्थानका प्रतिनिधिहरु तथा कोषका आंशिक कर्मचारीहरुको उपस्थिति रहेको थियो। उपस्थित सम्पूर्ण शेयरधनी तथा अतिथिहरुलाई सञ्चालक समिति र कोषको परिवारका तर्फबाट हार्दिक स्वागत तथा अभिवादन गर्दै डा. भट्टराईले कोषको आर्थिक वर्ष २०७३/०७४ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । सो प्रतिवेदनमा उल्लेख भए अनुरुप कोषले विभिन्न कार्यक्रमहरुको सञ्चालनबाट २०७४ आषाढ मसान्तसम्ममा रु. ९६ अर्व ९७ करोड ९४ लाख खुद रकम संकलन गरी त्यस मध्ये रु.९१ अर्व ६७ करोड ३६ लाख बराबरको लगानी गर्न सफल भएको तथा कोषले केन्द्रिय हिसाबतर्फ रु. २९ करोड २३ लाख बराबरको आम्दानी गर्न कोष सक्षम भएको उहांले जानकारी दिनुभयो। सभामा कोषले आर्थिक वर्ष २०७३/७४ को नाफाबाट शेयरधनीहरुलाई २२.०६ प्रतिशत बोनस शेयर र १.१६ प्रतिशत नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनको लागि छुट्याइएको) वितरणको लागि शेयरधनी समक्ष सिफारिस भई पारित भएको छ।

कार्यक्रममा डा. भट्टराईले आ.व. २०७४/०७५ को असोज मसान्तसम्मको कोषको संक्षिप्त प्रगति समीक्षा गर्दै कोषद्वारा



सञ्चालित विभिन्न योजना तथा कार्यक्रमलाई विगतको तुलनामा थप प्रभावकारी र व्यवस्थित बनाउने प्रयास निरन्तर गरिने विश्वास व्यक्त गर्नुभयो । यस अवधिमा कोषले खुद कोष संकलन रु.१ खर्ब ७ अर्व ६० करोड पुर्‍याई करीब रु. १ खर्ब ३ अर्व ८५ करोड लगानी समेत गर्न सफल रहेको जानकारी दिनुभयो । डा. भट्टराईले लगानी विविधिकरण, सूचना प्रविधिको समयसापेक्ष विकास, विद्यमान कार्यक्रमको क्षेत्र विस्तार, नयां भवन निर्माण, संस्थागत सुशासन, बजार निर्माताको रुपमा कार्य लगायतका कोषका भावी योजना तथा कार्यक्रम प्रस्तुत गर्दै कोषको दूरगामी लक्ष्यहरु प्राप्त गर्न कोष सदैव कटिबद्ध रहने कुरा जानकारी गराउनु भयो।

अध्यक्ष प्रा. डा. भट्टराईले वार्षिक प्रतिवेदन प्रस्तुत गरिसकेपछि सभामा विभिन्न शेयरधनी महानुभावहरुले वार्षिक प्रतिवेदनमाथि आ-आफ्नो सुझाव तथा मन्तव्य व्यक्त गर्दै कोषसंग भएको श्रोत र साधनको अधिकतम उपयोग गरी कर्मचारीहरुको क्षमता अभिवृद्दि गर्नुपर्ने र कोषमा कार्य गर्न उचित वातावरणको सिर्जना गर्नुपर्ने धारणा राखेका थिए । उनीहरुले कोषको सेवा विकेन्द्रित गर्दै सबै प्रदेशहरुमा कोषको शाखा विस्तार गर्नुपर्ने कुरा औंल्याउनुभयो। कोषले जोखिमका तत्वहरु र जोखिम व्यवस्थापनलाई पनि व्यवस्थित गरेर अगाडि बढ्नुपर्ने धारणा शेयरधनीहरुले व्यक्त गर्नुभयो । कोषसंग पहिला देखि नै Open ended mutual fund भएकोले सो को अधिकतम उपयोग गर्नुपर्ने तथा कोषसंग श्रोत र ख्याती दुवै भएकोले Market Maker को भूमिका निर्वाहमा कुनै कठिनाई नपर्ने हुंदा सो को कार्यन्वयनमा अगाडि बढ्नुपर्ने धारणा व्यक्त गर्नु भयो । नेपालको पुँजी बजारमा विभिन्न पूर्वाधारहरु तथा हाइड्रोप्रोजेक्टहरु आउने क्रममा रहेकोले त्यस्ता परियोजनामा कोषले लगानी गर्दा राम्रो हुने र सो का लागि आवश्यक परेमा आफूहरु उचित सहयोग गर्न तत्पर रहेको कुरा व्यक्त गर्नुभयो । शेयरधनीहरुको विविध प्रश्नहरुको जवाफ दिंदै प्रा. डा. भट्टराईले शेयरधनीहरुले उठाएका सान्दर्भिक विषयहरुलाई भावी दिनहरुमा सही ढंगले मनन गर्दै वहांहरुको सुझावलाई कोषको हितमा अधिकतम उपयोग गरिने विश्वास व्यक्त गर्नुभयो।

सभामा नागरिक लगानी कोषका कार्यकारी निर्देशक श्री रमण नेपालले शेयरधनीहरुबाट उठाइएका महत्वपूर्ण विषयहरुको जवाफ दिनुभयो । कार्यक्रममा बोल्दै उहांले कोषलाई थप उत्कृष्ट बनाउनका लागि आफु कोषमा आएको र आगामी दिनमा कोषले क्रमशः सबै कमजोरीहरुको निराकरण हुने गरी नीतिगत तथा व्यवहारिक सुधार गर्दै अगाडि बढ्ने तथा कोषलाई सुदृढ र सबल संस्थाको रुपमा स्थापित गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । कोषले नयाँ बानेश्वर स्थित आफ्नो स्वामित्वको जग्गामा कोषको कार्यालय भवन निर्माण गर्नका लागि नक्सा पास सम्पन्न भइसकेको र निर्माण सम्वन्धी कार्य प्रक्रिया अगाडि बढाउन नेपाल सरकार, शहरी विकास तथा भवन निर्माण विभागमार्फत गराउन सम्झौता गर्ने चरणमा रहेको जानकारी उहाँले गराउनुभयो।

सभाको अन्त्यमा डा. भट्टराईले प्रस्तुत गर्नुभएको आ.व. २०७३/७४ को वार्षिक प्रतिवेदन, छलफल गरिएको लेखा परीक्षकको प्रतिवेदन सहित २०७४ साल आषाढ मसान्तसम्मको वासलात तथा नाफा नोक्सान हिसाब, सो वासलातको आम्दानी बाँडफाँड हिसाब विवरणमा छुट्टयाएको प्रस्तावित बोनस शेयर र नगद लाभांश स्वीकृत गर्ने विषय तथा साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयरधनी तथा सञ्चालकहरुको तर्फबाट एक एक जना प्रतिनिधि नियुक्त गर्ने विषयहरु सर्वसम्मतबाट पारित भएको घोषणा गरिएको थियो।

**कोषको २३औं वार्षिक सधारण सभा सम्पन्न भएको तीन महिना नबित्दै कोषले आफनो २४औं साधारण सभा गर्ने भएको छ ।** कोषले आ.व. २०७४/७५ को सबै कार्यक्रमहरुको लेखापरीक्षण प्रतिवेदन महालेखा परीक्षकको कार्यालयमा पेश गरिएको छ। कोष उच्च स्रोतको अनुसार आ.व.२०७४/७५ को साधारण सभा वैशाख महिना भित्र सम्पन्न गर्ने लक्ष्य राखेको छ। महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत प्राप्त भएपछि साधारण सभाको सूचना प्रकाशित गरिने कोषले जनाएको छ।

# सामाजिक उत्तरदायीत्वमा कोष

ना.ल.कोष । कोषले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत नैकाप स्थित सिर्जनशील अपाङ्ग पुनर्स्थापना तथा विशेष शिक्षा विद्यालयलाई आवश्यक फर्निचरका सामान तथा अन्य सिकाई सामग्रीहरु उपलब्ध गराई आर्थिक सहयोग प्रदान गरेको छ । मस्तिष्क र स्नायु कोषहरुको स्वभाविक विकासक्रममा हुने असमान अवस्थाका बालबालिकाहरुको लागि विशेष स्कुल तथा पुर्नस्थापनाको रुपमा कार्यरत यस विद्यालयमा अध्ययनरत विद्यार्थी तथा कार्यरत शिक्षकहरुलाई एक/एक थान ट्र्याक सुट पनि कोषले प्रदान गरेको छ ।





वार्षिकोत्सवको अवसरमा आयोजना गरिएको एक समारोहका बीच कोषका सञ्चालक समितिका अध्यक्ष प्रा.डा. रामचन्द्र भट्टराईले सो विद्यालयका प्रिन्सिपल श्री कृष्ण प्रसाद लम्साललाई फर्निचर लगायतका उक्त सामानहरु प्रदान गर्नु भएको हो । समारोहमा बोल्दै श्री भट्टराईले कोषले आगामी दिनमा पनि यस किसिमका सामाजिक उत्तरदायित्वका कार्यहरु निरन्तर गर्दै जाने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

उक्त विद्यालयले अपाङ्ग बालबालिकाहरुको संरक्षण तथा तिनको शिक्षा प्रबन्धको लागि कार्य गर्दै आएको छ । उक्त कार्यक्रममा कोषका कार्यकारी निर्देशक श्री रमण नेपाल लगायत कोषका कर्मचारीहरुको पनि उपस्थिति रहेको थियो ।

## मितव्ययीताको दिशामा लगानी कोष

ना.ल.कोष । नागरिक लगानी कोषले मितव्ययीताको नीतिलाई अगिंकार गरेको छ । कोषमा रहेका विभिन्न उपसमितिहरु खारेज गरी त्यस्ता उपसमितिको बैठक भत्ता वापत खर्च हुने ठूलो रकममा कटौती गरेको छ । विज्ञापन, आर्थिक सहयोग, चन्दा लगायतका शीर्षकहरुमा भईरहेको खर्चलाई कोषले पूर्ण रुपमा निरुत्साहित गर्ने नीति लिएको छ । पूनः प्रयोगमा आउन सक्ने फनिर्चर, कम्प्यूटर तथा अन्य उपकरणहरुलाई Replace गरेर नयाँ खरिद गर्नुको सट्टा पुरानोलाई नै मर्मतसंम्भार गरेर पूनः प्रयोगमा ल्याउन शुरु गरिएको छ । गर्मी तथा जाडोको समयमा अत्याधिक विद्युतीय उपकरणको प्रयोग हुने गरेकोमा हाल त्यसको बैकल्पिक व्यवस्थाहरु अवलम्बन गर्न शुरु गरिएको छ । कोषले बुझाउने पर्ने कर तथा अन्य शुल्कहरु समयमा नै भुक्तानी गर्ने गरिएकोले त्यसबाट विगतमा कोषले विलम्व शुल्क र जरिवाना बापत तिर्दै आएको लाखौंको रकम बचत भएको छ । आ.व.२०७५/७६ को पौष मसान्तको तथ्याङ्कले गत आ.व.२०७४/७५ को तुलनामा १० प्रतिशत भन्दा बढी प्रशासनीक खर्चहरुमा कमी आएको देखाएको छ ।

## नागरिक लगानी कोष २९ वर्षमा

ना.ल.कोष । वि.स. २०४७ चैत्र ४ गते स्थापना भएको नागरिक लगानी कोष यही २०७५ चैत्र ४ गते बाट २८ वर्ष पूरा गरी २९ वर्षमा प्रवेश गरेको छ । सो अवसरमा कोषले आफ्नो २९औं बार्षिकोत्सव भव्य रुपमा मनाउदैछ । सम्माननीय प्रधानमन्त्री श्री के पी ओली प्रमुख अतिथि रहने उक्त कार्यक्रममा कोषको नयाँ भवनको शिलान्यास हुने भएको छ । कोषले पहिलो पटक नयाँ वानेश्वर स्थित आफ्नै जग्गा (भवन निर्माण स्थल)मा वार्षिकउत्सव समारोहको आयोजना गर्दैछ ।

२९औं बार्षिकउत्सवकै अवसर पारेर कोषको आधिकारिक ट्रेड युनियनले विभिन्न खेलकुद तथा रक्तदान कार्यक्रमको आयोजना गरेको थियो । उक्त बार्षिकउत्सव समारोहमा २० वर्ष सेवा अवधि पूरा गरेका कोषका कर्मचारीहरुलाई दीर्घकालीन सेवापदकबाट सम्मान गर्ने तथा तीन जना कर्मचारीहरुलाई उत्कृष्ट कर्मचारी पुरस्कारबाट सम्मान गर्ने कार्यक्रम समेत रहेको छ । वार्षिकउत्सव कार्यक्रममा कोषका कार्यकारी निर्देशक रमण नेपालले कोषको प्रगति विवरण सहित भावी योजना तथा कार्यक्रमहरु समेत प्रस्तुत गर्नुहुनेछ ।

नागरिक लगानी कोषको अनुसन्धान तथा बजार विकास महाशाखाद्वारा प्रकाशित । प्रमुख सरक्षक : रमण नेपाल, संरक्षक : शोभा श्रेष्ठ, हेमन्त पोखरेल
सल्लाहकार : नारायण प्रसाद घिमिरे, सुमन पौडेल, सम्पादक : **रीता पाठक**/नवराज गौतम
मुद्रण : जुगल प्रिन्टर्स एण्ड ट्रेडर्स, अनामनगर, फोन नं. ०१-५७०५५२९